# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना  योजना
# २०७५
## प्रथम पुनारावलोकन २०७७

# जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# रुकुम (पूर्व)


**प्रकाशक**

जिल्ला विपद् व्यवस्थापन समिति रुकुम (पूर्व)

# रुकुम (पूर्व) जिल्लाको
# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना(DPRP)२०७५

## प्रथम पुनरावलोकन, २०७७

**मुख्य प्रकोपहरु:**

- हाल कोभिड-१९
- भूकम्प
- बाढी/पहिरो
- आगलागी
- चट्याङ
- हिमपात/तुषारो
- अन्य महामारी रोगहरु

**प्रकाशक**

**जिल्ला विपद् व्यवस्थापन समिति रुकुम (पूर्व)**

आर्थिक तथा प्राविधिक सहयोग

**प्रकाशनः** **विपद् पूर्वतयारी प्रतिकार्य योजना रुकुम (पूर्व)**
**प्रकाशकः** **जिल्ला विपद् व्यवस्थापन समिति रुकुम (पूर्व)**

**प्रथम मस्यौदा** : वि सं २०७५
**प्रथम संस्करण** : वि सं २०७७

**प्रकाशन प्रतिः**
प्रथम संस्करण ५० प्रति
प्रथम पूनरावलोकन १०० प्रति

**सूचना संकलन, विश्लेषण तथा लेखन**
श्री उदय के सी (सहजकर्ता)
श्री केशव कुमार वि सी (सहजकर्ता)

**सम्पादनः**
श्री राज कुमार राई प्रमुख जिल्ला अधिकारी
श्री अन्जु पोखरेल सहायक प्रमुख जिल्ला अधिकारी

**पूनरावलोकन कार्यदल**

| | | |
|---|---|---|
| श्री अन्जु पोखरेल | नि. प्र. जि. अ. | संयोजक |
| श्री अमितजंग शाह | सेनानी | सदस्य |
| श्री गजुसिद्धि बज्राचार्य | प्र. ना. उ. | सदस्य |
| श्री सुदन आचार्य | स. प्र. ना. उ. | सदस्य |
| श्री चिन्तामणि दाहाल | नि. प्र. प्र. अ. | सदस्य |
| श्री चन्द्र सिंह श्रेष्ठ | प्र. प्र. अ. | सदस्य |
| श्री रबिन्द्र बुढा क्षेत्री | प्र. प्र. अ. | सदस्य |

**योजना पूनरावलोकन तथा प्रकाशन सहयोगीहरु**
**लेखन, प्राविधिक सहयोग तथा प्रकाशनः** UNFPA/अष्ट्रलियन सरकार/शिद्धार्थ सामाजिक विकास केन्द्र कपिलवस्तु
**तथ्यांक संकलन तथा विश्लेषणः** यूनाइटेड मिसन टु नेपाल/ नेपाल जनजागरण मञ्च

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

रुकुमकोट, रुकुम पूर्व

प.सं. ०७७/०७८
च.नं.:

मितिः- २०७७/०५/०३

## शुभकामना

जिल्ला विपद् व्यवस्थापन समिति रुकुम पूर्वले जिल्लाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ प्रकाशन गर्न पाउँदा अत्यन्त खुसी लागेको छ । भू-बनोट, जलवायु लगायतका प्राकृतिक कारणहरु, मानवसिर्जित विविध कारणले गर्दा नेपाल विपद्को उच्च जोखिममा रहेको कुरा सर्वबिदितै छ । यस जिल्लाका साना ठूला नदीनालाहरुमा आउन सक्ने बाढी तथा आकस्मिक पहिरो, आगलागी, सडक दुर्घटना, जंगली जनावरको आक्रमण,भुकम्प, चट्याङ, हावाहुरी, हिमपात, हाल कोभिड-१९ जस्ता महामारी आदिका कारणले धनजन क्षति हुने गरेको तथ्याङ्क रहेको छ ।

हाल देशमा संघियता शासन प्रणालीको कार्यान्वयन भैरहेको परिप्रेक्ष्यमा विपद् व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउन यस जिल्लामा सबै सरोकारवालाहरुसँग हातेमालो गर्दै समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा प्रभावकारी कार्यान्वयन गर्न यो प्रतिकार्य योजना २०७७ निर्माण गरिएको छ । प्राकृतिक विपद् रोक्न कठिन छ तर जोखिमको न्यूनीकरण संभव छ । विपद् जोखिम न्युनीकरणका उपायहरु अवलम्वन गर्दा गर्दै पनि विपद् आइलागेमा प्रस्तुत प्रतिकार्य योजना बमोजिम कार्यान्वयन गर्न सकिएमा विपद्को प्रभाव न्यूनीकरण गर्न सकिन्छ ।यो प्रतिकार्य योजनाले विपद् आउनु भन्दा अगाडी, विपद्को घडी र विपद् पश्चात गरी तीन चरणहरुमा गरिने व्यवस्थापकीय कार्यहरुले विपदबाट बच्न र बचाउन मार्गनिर्देशन गरेको छ । यो योजनाले यस जिल्लामा विपद् न्यूनीकरण र व्यवस्थापन गर्न सबै सरोकारवालाहरुलाई जिम्मेवार, प्रतिबद्ध र कटिबद्ध बनाएको छ ।

यस रुकुम पूर्वी जिल्लामा विपद् व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनको लागि यो योजना तयार गर्ने सन्दर्भमा प्रदेश सरकार, जिल्ला समन्वय समिति, स्थानीय सरकार, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, सरकारी कार्यालयका प्रमुखहरु, राजनैतिक दलहरु, पत्रकार मित्रहरु, स्थानीय गैह्रसरकारी संस्थाहरु, नागरिक समाजका अगुवाहरु,स्थानीय जनसमुदाय, समाजसेवीहरु लगायत सबै सरोकारवालाहरुको अमूल्य सहयोग प्राप्त भएकोमा सबैलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यस जिल्लाको विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी र बैज्ञानिक बनाउनको लागि यो योजना महत्वपर्ण र मार्गनिर्देशक हुने विस्वास राख्दै योजना निर्माणमा UNFPA , अष्ट्रेलियन सरकार र शिद्धार्थ सामाजिक विकास केन्द्रको अमूल्य प्राविधिक तथा आर्थिक सहयोग प्रति धन्यवाद ज्ञापन गर्दछु ।साथै यस क्रममा सहयोग, सद्भाव र सहजीकरण गर्नुहुने सबै व्यक्तिहरुप्रति आभार व्यक्त गर्दै योजनाको सफल कार्यान्वयन हुने पूर्ण विश्वास लिएको छु ।

राज कुमार राई
प्रमुख जिल्ला अधिकारी

फोन नं.: ०८८-४१३०८३,०८८-४१३०६५ ईमेल:daorukumeast76@gmail.com

"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

## बिषय सूचि


परिच्छेद-१ 11

१. परिचय 12

**१.१ रुकुम (पूर्वि भाग) जिल्लाको परिचय र जिल्लामा विपद्को अवस्था** ....12

१.२ भौगोलिक अवस्था 12

१.३ हावापानी, जमिन र भू-उपयोगको अवस्था 12

१.४ सामाजिक आर्थिक र सांस्कृतिक अवस्था 13

२.५ रुकुम पूर्व जिल्लाको गाउँपालिकागत घरधुरी तथा जनसंख्या बिवरण 13

२.६ यातायात तथा विकास पूर्वाधारको सुबिधा 13

२.७ स्वास्थ्य, सरसफाइ, जलाधार र खानेपानी 15

२.८ सम्भाबित पहिरो तथा भू-क्षय क्षेत्र 15

परिच्छेद-२ 16

२. उदेश्य 16

२.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उदेश्य तथा अपेक्षित नतिजा र प्रकोप पूर्वतयारी कार्य योजनाको उदेश्य 16

२.२ विपद् पूर्वतयारी कार्य योजनाको अपेक्षित परिणामहरु 16

२.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता 17

२.४ पूर्वतयारीका लागि सामान्य मान्यताहरु 17

२.५ विपद पूर्वतयारी कार्ययोजनाको तयारी प्रक्रिया 17

२.६ विपद् पूर्वतयारी प्रतिकार्य योजनाको तयारीका सिमाहरु 18

परिच्छेद-३ 19

३. विपद् जोखिमको अवस्था 19

३.१ नेपालमा विपद् जोखिम व्यवस्थापन र वर्तमान नीति 19

**३.२ विपद् उद्दारमा प्रत्यक्ष सरोकारका राख्ने निकायहरुः** ....20

३.३ वर्षायाममा हुन सक्ने जोखिमहरु- 22

३.४ विपद् जोखिम विश्लेषणको सूचक अनुसार को एकीकृत तालिका 23

३.५ प्रकोप विश्लेषण 0

३.६ स्थानीय तहहरुमा श्रोत साधन मापनको अवस्थाः 6

३.७ जिल्लाको सम्बन्ध चित्र 7

परिच्छेद-४ 0

४. क्षेत्रगत प्रतिकार्य योजना 0

४.१ विषयगत क्षेत्रकोपरिचय(Introduction of Cluster Approaches) 0

**क. क्षेत्र (Couster): सूचना संकलन, समन्वय, खोज तथा उद्दार**....2

ख) क्षेत्र (Cluster) : खाद्य, कृषि तथा आपुर्ति व्यवस्थापन 7

ग) क्षेत्र (Cluster) : आपतकालिन शिविर, आवास तथा गैर खाद्य व्यवस्थापन 10

घ) क्षेत्र (Cluster) : स्वास्थ्य तथा पोषण 12

ङ) क्षेत्र (Cluster): खानेपानी, सरसफाई तथा स्वच्छता 17

च) क्षेत्र (Cluster) सामाजिक सुरक्षा तथा आपत्कालीन संरक्षण 21

छ) क्षेत्र (Cluster): आपत्कालीन शिक्षा 25

ज) क्षेत्र : राहात पुनः निर्माण पुनःस्थापना 30

झ) क्षेत्रः सूचना विश्लेषण तथा समन्वयः 32

परिच्छेद-५ 34

५.१ विपद् पूर्वतयारी प्रतिकार्य योजना क्रियाशिल हुने 34

५.२ विपद् पूर्वतयारी प्रतिकार्य योजनाको कार्यान्वयन योजना 34

५.३ विपद् पूर्वतयारी प्रतिकार्य योजनाको नियमित समिक्षा तथा पुनरावलोकन रणनीति 34
५.४ प्रतिवेदन तथा अभिलेखन : 34
५.५ संस्थागत व्यवस्था : 34
५.६ अनुमोदन प्रक्रिया : 35
अनुसूचिहरु- **Error! Bookmark not defined.**

| संक्षिप्त शब्दावली | |
|---|---|
| जि प्रशा का | जिल्ला प्रशासन कार्यालय |
| जि प्र का | जिल्ला प्रहरी कार्यालय |
| डि व का | डिभिजन वन कार्यालय |
| जि ज स्वा का | जिल्ला जनस्वास्थ्य कार्यालय |
| गा पा | गाउँपालिका |
| स्था वि व्य स | स्थानिय विपद् व्यवस्थापन समिति |
| गै स स | गैर सरकारी संस्था |
| ने रे सो | नेपाल रेडक्रस सोसाईटी |
| स्वा से | स्वास्थ्य सेवा |
| ने से | नेपाली सेना |
| स प्र ब | सशस्त्र प्रहरी बल |
| मा वि | माध्यमिक विद्यालय |
| प्रा वि | प्राथमिक विद्यालय |
| आ वि | आधारभूत विद्यालय |
| न पा | नगरपालिका |
| आ व | आर्थिक वर्ष |
| सा व उ स | सामुदायिक वन उपभोक्ता समूह |
| जि स स | जल्ला समन्वय समिति |
| उ वा सं | उद्योग बाणिज्य संघ |
| हुरेडकार्स | मानव अधिकार वातावरण विकास तथा अनुसन्धान केन्द्र |
| मिक नेपाल | नेपाल मगर सेवा समाज तथा सूचना केन्द्र |
| DPRP | District Disaster Preparedness and Response Plan |
| VCA | Vulnerability Capacity Assessment |
| CCA | Climate Change Adaptation |
| UNFPA | United  Nation Population Fund |
| NGO | Non Government Organization |
| I/ NGO | International /Non Governemnt Organization |

| | |
|---|---|
| DDMC | District Disaster Management Committee |
| LDCRP | Local Disaster and Climate Resilient Plan |
| LDRMP | Local Disaster Risk Management Plan |
| DRR | Disaster Risk  Reduction |
| UN | United  Nation |
| DEOC | District Emergency Operation Center |
| DLSA | District Lead Support Agency |
| NEOC | National Emergency Operation Center |
| POEC | Provincial Emergency Operational Center |
| UNICEF | United Nations International Children's Emergency Fund |
| D-WASH CC | District Water Sanitation and Hygiene Coordination Committee |
| DHO | District Health Office |
| IRA | Initial Rapid Assessment |
| MIRA | Multi Initial Rapid Assessment |
| PDNA | Post Disaster Need Assessment |

**प्रकोप तथा जलवायु परिवर्तन संग सम्बन्धित बढि प्रयोग भएका नेपाली शब्दावलीहरु र तिनीहरुको अंग्रेजी रुप**

| नेपाली शब्द | अंग्रेजीशब्द |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालिन व्यवस्थापन | Emergency Management |
| सामाना गर्न सक्ने क्षमता | Coping Capacity |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| विपद् जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| वातावरणीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |

| | |
|---|---|
| पूनर्लाभ | Recovery |
| उत्थानशिल | Resilience |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofitting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |

### यस योजना निर्माणका क्रममा भएका केहि सिकाईहरु

| सि नं | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरु | मूख्यसिकाई | सुझाव |
|---|---|---|---|---|
| १ | जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना–२०७६ को अध्यावधिक २०७७ | २०७६ मा पछिल्लो पटक विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण तथा २०७७ मा पहिलो पटक  अध्यावधिक। विषय तथा क्षेत्रगत नेतृत्व गर्ने निकाय तथा सहयोगी निकायहरूको छनौट गरिएको। जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संस्थाहरूको सूची तयार भएको। | बिपद्को समयमा तोकिएको जिम्मेवारी अनुरूप सबै कोसक्रियता नदेखिएको। स्थानीय तहमा समेत प्रतिकार्य योजना तयार गर्नुपर्ने। जिल्लामा संचालन हुनेगरेका विकास निर्माणका गतिबिधिहरूलाई थप बिपद् मैत्री बनाइनु पर्ने। | प्रदेश र स्थानीय तहमा समेत बिपद् प्रतिकार्य यो जना निर्माण भई कार्यान्वयनमा आउनुपर्ने देखिन्छ। प्रतिकार्य कार्यढाँचा अनुसार स्थानीय तहमा समेत क्षेत्रगत अवधारण अनुसार कार्य गर्नुपर्ने। जिल्लाको बिपद् ब्यवस्थापन रणनीतिबारे सबै सरोकारवाला निकाय जानकार हुनुपर्र्ने। स्थानीयतहका समेत बिपद् ब्यवस्थापन रणनीति तयार गरी कार्यान्वियनमा ल्याइनुपर्ने। |
| २ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७६ | स्थानिय विपद् तथा जलवायु उत्थानशिल  योजना निर्माण गरी कार्यान्वयन प्रक्रियामा आउनु | विपद् व्यबस्थापन योजना निर्माणमा स्थानीयतहलाई बढि सहभागिता गराईए तापनि नेतृत्वदायी भूमिकामा कमी | स्थानीय विपद् व्यवस्थापन यो जनाबारे सबै जानकार हुनु आवश्यक सबै स्थानीय तहले बिपद् पूर्वतयारी तथा प्रतिकार्य यो जना निर्माण गरी कार्यान्वियनमा ल्याउनुपर्ने। |

# Chart of the Sendai Framework for Disaster Risk Reduction
## 2015-2030

## Scope and purpose

The present framework will apply to the risk of small-scale and large-scale, frequent and infrequent, sudden and slow-onset disasters, caused by natural or manmade hazards as well as related environmental, technological and biological hazards and risks. It aims to guide the multi-hazard management of disaster risk in development at all levels as well as within and across all sectors

## Expected outcome

The substantial reduction of disaster risk and losses in lives, livelihoods and health and in the economic, physical, social, cultural and environmental assets of persons, businesses, communities and countries

## Goal

Prevent new and reduce existing disaster risk through the implementation of integrated and inclusive economic, structural, legal, social, health, cultural, educational, environmental, technological, political and institutional measures that prevent and reduce hazard exposure and vulnerability to disaster, increase preparedness for response and recovery, and thus strengthen resilience

## Targets

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Substantially reduce global disaster mortality by 2030, aiming to lower average per 100,000 global mortality between 2020-2030 compared to 2005-2015 | Substantially reduce the number of affected people globally by 2030, aiming to lower the average global figure per 100,000 between 2020-2030 compared to 2005-2015 | Reduce direct disaster economic loss in relation to global gross domestic product (GDP) by 2030 | Substantially reduce disaster damage to critical infrastructure and disruption of basic services, among them health and educational facilities, including through developing their resilience by 2030 | Substantially increase the number of countries with national and local disaster risk reduction strategies by 2020 | Substantially enhance international cooperation to developing countries through adequate and sustainable support to complement their national actions for implementation of this framework by 2030 | Substantially increase the availability of and access to multi-hazard early warning systems and disaster risk information and assessments to people by 2030 |

Activate W
Go to Setting

## Priorities for Action

There is a need for focused action within and across sectors by States at local, national, regional and global levels in the following four priority areas.

| Priority 1<br>Understanding disaster risk | Priority 2<br>Strengthening disaster risk governance to manage disaster risk | Priority 3<br>Investing in disaster risk reduction for resilience | Priority 4<br>Enhancing disaster preparedness for effective response, and to «Build Back Better» in recovery, rehabilitation and reconstruction |
| --- | --- | --- | --- |
| Disaster risk management needs to be based on an understanding of disaster risk in all its dimensions of vulnerability, capacity, exposure of persons and assets, hazard characteristics and the environment | Disaster risk governance at the national, regional and global levels is vital to the management of disaster risk reduction in all sectors and ensuring the coherence of national and local frameworks of laws, regulations and public policies that, by defining roles and responsibilities, guide, encourage and incentivize the public and private sectors to take action and address disaster risk | Public and private investment in disaster risk prevention and reduction through structural and non-structural measures are essential to enhance the economic, social, health and cultural resilience of persons, communities, countries and their assets, as well as the environment. These can be drivers of innovation, growth and job creation. Such measures are cost-effective and instrumental to save lives, prevent and reduce losses and ensure effective recovery and rehabilitation | Experience indicates that disaster preparedness needs to be strengthened for more effective response and ensure capacities are in place for effective recovery. Disasters have also demonstrated that the recovery, rehabilitation and reconstruction phase, which needs to be prepared ahead of the disaster, is an opportunity to «Build Back Better» through integrating disaster risk reduction measures. Women and persons with disabilities should publicly lead and promote gender-equitable and universally accessible approaches during the response and reconstruction phases |

## Guiding Principles

| | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| Primary responsibility of States to prevent and reduce disaster risk, including through cooperation | Shared responsibility between central Government and national authorities, sectors and stakeholders as appropriate to national circumstances | Protection of persons and their assets while promoting and protecting all human rights including the right to development | Engagement from all of society | Full engagement of all State institutions of an executive and legislative nature at national and local levels | Empowerment of local authorities and communities through resources, incentives and decision-making responsibilities as appropriate | Decision-making to be inclusive and risk-informed while using a multi-hazard approach |

| | | | | | |
| --- | --- | --- | --- | --- | --- |
| Coherence of disaster risk reduction and sustainable development policies, plans, practices and mechanisms, across different sectors | Accounting of local and specific characteristics of disaster risks when determining measures to reduce risk | Addressing underlying risk factors cost-effectively through investment versus relying primarly on post-disaster response and recovery | «Build Back Better» for preventing the creation of, and reducing existing, disaster risk | The quality of global partnership and international cooperation to be effective, meaningful and strong | Support from developed countries and partners to developing countries to be tailored according to needs and priorities as identified by them |

www.preventionweb.net/go/sfdrr
www.unisdr.org
isdr@un.org

UNISDR
The United Nations Office for Disaster Risk Reduction

Activate W
Go to Settin

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको संस्थागत समन्वय तथा सहकार्य ढाँचा




## बिपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ बमोजिम को संचरना



## गुणस्तर र उत्तरदायित्वहरुसँग सम्बन्धित आधारभूत मानवीय मापदण्डहरु




**बिपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन २०७५) बमोजिम विपद् व्यवस्थापनको संस्थागत संरचना**



# १. परिचय

## १.१ रुकुम (पूर्वि भाग) जिल्लाको परिचय र जिल्लामा विपद्को अवस्था

नेपाल विशिष्ट भू–बनोट र हावापानीका कारण प्राकृतिक तथा मानवीय दुवै प्रकोपको जोखिम उच्च रहेको छ । देशको यस संकटासन्नताका विविध कारणहरूमध्ये मुख्य कारणहरू तीव्र जनसंख्या वृद्धि र अव्यवस्थित विकासका गतिविधिहरु हुन् । यसका अतिरिक्त प्रकोप व्यवस्थापनका अति अनिवार्य उत्थानशिल योजना नहुनु, पूर्व तयारी नगरिनु र अब्यवस्थित बिकास नै प्रकोप व्यवस्थापनका क्षेत्रमा रहेका प्रमुख समस्याहरु हुन । प्रकोप व्यवस्थापनका क्षेत्रमा विभिन्न तह र स्तरमा गरिनुपर्ने पूर्वतयारीका कामले प्रकोपलाई समुचित सम्बोधन गर्न सघाउ पुर्याउदछ । प्रकोप पूर्व तयारी तथा प्रतिकार्य योजना प्रकोप तथा विपद्को परिस्थिति आउन नदिन र आए पनि क्षतिको परिमाण न्यून गर्न सहयोग गर्ने एक जीवन्त दस्तावेज हो । रुकुम (पुर्वि भाग) जिल्ला देशकै ७७ औ कान्छो जिल्ला भएको हुँदा विपद् सम्बन्धि संयन्त्रहरुको राम्रो विकास हुन सकिरहेको अवस्था छैन । जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रको कार्यालय स्थापना गरिए पनि अत्यावश्यक सामग्रीहरु तथा जनशक्तीको व्यवस्थापन गर्न गाहो भैरहेको छ । नेपाल सरकारले यस जिल्लालाई हिमाली जिल्लाको रुपमा घोषणा गरिसकेको छ । तसर्थ यो जिल्ला हिमाली, उच्च पहाडी तथा पहाडी क्षेत्र भएकाले पनि भौगोलिक दुरगमता, यातायातको असुविधा, छरिएर रहेका मानव वस्ति भएकाले प्राकृतिक मानविय प्रकोपका दृष्टिकोणले जोखिमपूर्ण जिल्ला हो । विशेष गरी बाढी, पहिरो, आगलागी, हुरीवतास, हिमपात, चट्याङ,महामारी लगायतका प्रकोपको जोखिमका कारण वर्षेनी मानवीय, आर्थिक तथा भौतिक क्षति हुने गरेको छ । यसले गर्दा भोकमरी र अनिकालको प्रकोप समेत बेला बेलामा सामाना गर्नु परेको छ ।

त्यसैगरी अव्यवस्थित र योजनाविना खनिएका ग्रामीण सडकले गर्दा पहिरो र बाढीको प्रकोप बढाएको छ । हालसालै मात्र देखा परेको विश्वव्यापीमहामारीको रुपमा फैलिरहेको नोवेल कोरोना भाईरस **COVID-19** को संक्रमण, सलह किराको आतंक जस्ता असर पनि उत्तिकै सामना गर्नु परिरहेको छ । समुदायलाई उत्थानशिल बनाउन विपद् संग सामाना गर्न सक्षम बनाउँन र विपद् बाट हुने क्षति सके सम्म न्युनकिरण गर्न विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको आवश्यकता महसुस गरिएको छ ।

यस वर्ष पनि रुकुम (पूर्वि भाग) जिल्ला अन्तरगत जिल्ला विपद् व्यवस्थापन समितिको पहल तथा संयोजनमा यू. एन. एफ. पि. ए.को आर्थिक सहयोग र सिद्धार्थ सामाजिक विकास केन्द्र कपिलवस्तुको आयोजनामा विभिन्न सरकारी कार्यालयहरु, नेपाल रेडक्रस सोसाइटी, यूनाईटेड मीसन टु नेपाल, नेपाल जनजागरण मञ्च र नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र लगायत जिल्ला स्थित अन्य मानवीय सेवामा काम गर्ने निकायहरूको समन्वय तथा सहकार्यमा रुकुम (पूर्व) जिल्लाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना (प्रथम पुनरावलोकन) २०७७ तयार गरिएको छ ।

## १.२ भौगोलिक अवस्था

रुकुम (पुर्व) नेपालको प्रदेश न ५ को उत्तरी भागमा पर्ने एक मात्र हिमाली जिल्ला हो । बिश्वकोमान चित्रमा २८°२८' अक्षांश देखि २८°५१' उत्तर सम्म र ८२°३०' देशान्तर देखि ८३°८' पुर्वमा अवस्थित छ । हिमाली र पहाडी भु-भागको स्वरुप रहेको यस जिल्लाको

क्षेत्रफल ११८१.७० बर्ग किलोमिटर रहेको छ ।यस जिल्लालाई पूर्वमा बाग्लुङ,म्याग्दी,दक्षिणमा रोल्पा, पश्चिममा रूकुम पश्चिम, उत्तरमा डोल्पा र दक्षिणमा रोल्पा जिल्लाले घेरेका छन् । समुन्द्र सतहबाट ९३५ मिटर दखि ७२४६ मिटर सम्मको उचाइमा यो जिल्लाका भू-भागहरु रहेका छन् । जिल्लाको सबैभन्दा उच्च भुभाग पुथा हिमाल ७२४६ मिटरको उचाईमा रहेको छ । हाल जिल्ला सदरमुकाम रुकुमकोट जिल्लाको पश्चिम भागमा अवस्थित छ । पूर्वी रुकुमलाई राजनैतिक तथा प्रशासनिक संरचनाका रुपमा संघ तर्फ १ निर्वाचन क्षेत्र, प्रदेश तर्फ २ निर्वाचन क्षेत्र, ३ गाउँपालिका र जम्मा ३१ वडाहरुमा विभाजन गरिएको छ । नेपालको कुल भु-भागको ०.७८ प्रतिशत भु-भाग यस जिल्लाले ओगटेको छ ।

## १.३ हावापानी, जमिन र भू-उपयोगको अवस्था

हिमाली यस जिल्लाको भौगोलिक रुपमा बिबिधता रहेका कारण जलबायूमा पनि बिबिधता पाइन्छ । यस जिल्लाको न्यूनतम तापक्रम २.०°**C** देखि अधिकतम तापक्रम ३६.८°**C** सम्म हुने गर्दछ भने हिमाली र लेकाली भेगको तापक्रम प्राय: ०० **C** भन्दा कम हुने गरेको छ । यस क्षेत्रमा अधिकतम २४०० **mm** र न्यूनतम १६००**mm** सम्म वर्षा हुने गरेको छ । जिल्लाको कुल भुभाग ११३५२३ हेक्टर र खेतियोग्य २०२६५ हेक्टर रहेको छ । कुल खेतियोग्य मध्येको कृषि कार्यमा प्रयोग १९१७५, वनजंगल ५६३८३, चरन क्षेत्र ३४०५६, पानीले ओगटेको क्षेत्र ३४३ र हिउँले ओगटेको क्षेत्रफल जम्मा २४७६ हेक्टर भएको पाईन्छ । जिल्लामा वन जंगलले ओगटेको क्षेत्रफल तुलनात्मक रुपमा राम्रो रहेको भए तापनि पहिरोको प्रकोप भने अधिक छ ।

यस जिल्लाको भू-उपयोगको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ –

**तालिका नं. १ : भू-उपयोगको अवस्था**

| जमिनको विवरण | क्षेत्रफल (हेक्टर) |
|---|---|
| खेतीयोग्य जमिनको क्षेत्रफल | २०२६५ |
| कुल खेतियोग्य मध्ये कृषिमा | १९१७५ |
| पानीले ओगटेको क्षेत्रफल | ३४३ |
| चरनक्षेत्र | ३४०५६ |
| वनजङ्गलको क्षेत्रफल | ५६३८३ |
| हिउँले ओगटेको क्षेत्रफल | २४७६ |
| कुलक्षेत्रफल | ११३५२३ |

श्रोतः बार्षिक पुस्तीका डिभिजन वन कार्यालय रुकुम (पूर्व )

## १.४ सामाजिक आर्थिक र सांस्कृतिक अवस्था

राष्ट्रिय जनगणना-२०६८ अनुसार यस जिल्लाको कुल जनसंख्या ५६७६१ मध्ये २७७२७पुरुष र २८९३४ महिला रहेका छन् । जिल्लामा जम्मा ११४२८ घर धुरी रहेका छन् भने सरदर पारिवारिक आकार ६ रहेको छ । जातीय विविधता रहेको यस जिल्लामा करिव ८६.४८ प्रतिशत जनसंख्या, ४.१५ प्रतिशत बौद्ध, ८.९० प्रतिशत क्रिश्चयन०.४९ प्रतिशत अन्य धर्मावलम्वीहरु रहेका छन् । अधिकांश जिल्लावासिहरू (८९.५ प्रतिशत) कृषि पेशामा आश्रित छन् । जिल्ला नगदेबाली तथा पशुपालन र जडीबुटी उत्पादनमा चिरपरिचित छ तथापि व्यवसायिक कृषि खेती गर्ने कृषकहरूको संख्या भने अति न्यून रहेको छ ।

रुकुम पूर्व जिल्लामा थुप्रै धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरु पनि रहेका छन् । रुकुमकोट बराहा मन्दिर, देउराली गुफा, मैकोट मन्दिर, भुमेमा रहेको बौद्द स्तुपा सिस्ने साइकुमारी मन्दिर आदि यस जिल्लाका धार्मिक स्थलहरू हुन् भने सिस्ने हिमाल, पुथा हिमाल, कमलदह, शहिद पार्क, पाथीभरा, गुप्तादह, मारिङ कृषि केन्द्र आदि पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थलहरु हुन । यस जिल्लाका बासिन्दाहरुको भेगिय र जातिगत हिसावले आ-आफ्नै सांस्कृतिक मूल्य मान्यताहरु छन् । यस रुकुम पूर्व जिल्लामा कुल जम्मा १३९ शैक्षिक संस्था (संस्थागत १२८, १० निजी र १ क्याम्पस) रहेका छन, जसमा ११३ अधारभुत विद्यालय, २५ माध्यामिक विद्यालय र १ वटा क्याम्पस रहेका छन् ।

## २.५ रुकुम पूर्व जिल्लाको गाउँपालिकागत घरधुरी तथा जनसंख्या बिवरण

रुकुम पुर्वि जिल्लामा ३ गाउँपालिकाहरु र ३१ वटा वडाहरुमा बिभाजित छ । यस जिल्लाको पुर्वि भागमा रहेको पुथा उत्तरगंगा गाउँपालिका, दक्षिणतर्फ रहेको भूमे गाउँपालिका र हालको सदरमुकाम रहेको सिस्ने गाउँपालिका यस जिल्लाका स्थानीय तहहरु हुन । यस जिल्लामा रहेका गाउँपालिकागत घरधुरी र जनसंख्या बिवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : गाउँपालिका अन्तर्गत घरधुरी र जनसंख्या बिवरण**

| क्र सं. | पालिकाको नाम | घरधुरी संख्या | जनसंख्या | | | *श्रोतः* |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | सिस्ने गाउँपालिका | ३७६२ | ९८८३ | १०३३७ | २०२२० | राष्ट्रिय जनगणना २०६८ |
| २ | भूमे गाउँपालिका | ३८३५ | ९९११ | ८६७८ | १८५८९ | |
| ३ | पुथा उत्तरगंगा गाउँपालिका | ३८३१ | ९१४० | ८५१२ | १७९५२ | |
| | जम्मा | ११४२८ | २८९३४ | २७७२७ | ५६७६१ | |

## २.६ यातायात तथा विकास पूर्वाधारको सुबिधा

वर्तमान अवस्थामा रुकुम (पुर्व) जिल्लाका स्थानीय तहका सवै वडाहरुमा सडक तथा यातायातको पहुँच बिस्तार हुन सकेको छैन । जिल्ला सदरमुकाम सम्म सडक यातायातको विस्तार भए पनि जिल्लाको पुर्वि क्षेत्रमा पर्ने सिस्ने गाउँपालिकाको वडा न १ र २ र पुथा उत्तरगंगा गाउँपालिको १ देखि ९ वडाहरुमा सडकको पहुँच पुगेको छैन भने भूमे गाउँपालिकामा भने मौसमी रुपमै भएपनि पहुँच पुगेको

छ र स्थानीय तहका सडक सञ्जाल नपुगेका वडाहरुमा सडक निर्माण तथा विस्तार हुदैछन् । यसरी सडकको पहुँवाट यस जिल्लाका करिव ७२३० (६३ प्रतिशत) घरधुरी लाभान्वित छन् ।

रुकुम पूर्वि जिल्लाको हालको सदरमुकाम रहेको सिस्ने गाउँपालिका आसपासका केही वडाहरुमा बिद्युतको केन्द्रिय लाइनबाट सुबिधा प्रवाह गरिएको छ भने अन्य स्थानहरुमा साना जलविद्युत आयोजनाहरु मार्फत विद्युत सेवा विस्तार गरिएको छ । जसवाट करिव ९९०० (८६ प्रतिशत)घरधुरीहरु प्रत्यक्ष लाभावन्वित छन् । तर साना जलबिद्युत आयोजनाहरुवाट २४ घण्टा सेवा प्रवाह नभई बत्ति बाल्ने प्रयोजनका लागि मात्र प्रयोग गरिएका छन् । यसरी जिल्लामा सेवा प्रवाह गर्ने साना जलबिद्युत आयोजनाहरुमा सिस्ने गाउँपालिकामा ७ वटा, भूमे गाउँपालिकामा १२ वटा र पुथा उत्तरगंगा गाउँपालिकामा १९ वटा आयोजनाहरु सञ्चालनमा छन् ।

यसैगरी सञ्चार सुबिधाको सन्दर्भमा हालको सदरमुकाम रहेको सिस्ने गाउँपालिकाका केहि वडाहरुमा नेपाल दुर संचार संस्थानको तार फोनको (ल्याण्ड लाइन) सुबिधा छ भने अन्य स्थानहरुमा नेपाल दुर संचार संस्थान र NCELL का मोवाईल फोनहरुले सेवा दिइरहेका छन् । तर सिस्ने गाउँपालिकाको वडा नं. १, भूमे गाउँपालिकाको १, २, ३, ६, ७, ८र ९ वडाका केहि वस्तिहरु र पुथा उत्तरगंगा गाउँपालिकाका वडा नं. १, २, ४, ५, ६, ९, ११ र १३ का वस्तिहरुमा छिटफुट रुपमा कहिलेकांही NCELL मोवाईल नेटवर्कले काम गरेपनि भरपर्दो सञ्चार सुविधा छैन । यस जिल्ला अन्तर्गत स्थानीय तहका सवै वडाहरु, केहि स्वास्थ्य संस्थाहरु र केहि बिद्यालयहरुमा ADSL, world link र Everestwireless ले ईन्टरनेटको सेवा प्रवाह गरिरहेको भए पनि प्रभावकारी भने छैनन् । यस जिल्लामा रहेका सडक सञ्जालको बिवरण तलको तालिकामा प्रस्तुत गरिएको छ:-

**तालिका नं. ३ : रुकुम पूर्वि जिल्लाको रुकुमकोट बाट बिभिन्नस्थानसम्म जाने सडक सञ्जाल बिवरण**

| क्र स | सवारीसाधन संचालन हुने स्थान | जिल्लासदरमुकामबाट को दुरी कि मी | जिल्लासदरमुकामबाट संचालनहुने यातायात तथा ढुवानीका साधनहरु |
|---|---|---|---|
| १ | रुकुमकोट नाथीगाड हुँदै धपे | १६ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाईकल |
| २ | रुकुमकोट देउखोला | १३ | जिप, ट्याक्टर तथा मोटरसाईकल |
| | रुकुमकोट देखि जितखोला | १५ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाईकल |
| ३ | रुकुमकोट क्युवाङ | ४२ | जिप, ट्याक्टर, मिनी ट्रक तथा मोटरसाईकल |
| ५ | रुकुमकोट काँक्री तकसेरा | ५३ | जिप, ट्याक्टर तथा मोटरसाईकल |
| ४ | रुकुमकोट काँक्री तकसेरा पिपलटुङ | ६६ | जिप, ट्याक्टर, मिनी ट्रक तथा मोटरसाईकल |
| ६ | रुकुमकोट खाबाङबगर हुँदै लुकुम | २६ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाईकल |
| ७ | रुकुमकोट खावाङ हुदै महत | २३ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाईकल |
| ८ | रुकुमकोट काँडा | ९ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाईकल |
| ९ | रुकुमकोट खोपीचार | ८ | बस, ट्रक, जिप, ट्याक्टर तथा मोटरसाईकल |
| १० | रुकुमकोट थवाङ शहिदमार्ग हुँदै चुनाबाङ | ७२ | बस, ट्रक, जिप ट्याक्टर तथा मोटरसाईकल |
| ११ | रुकुमकोट गिलबाङ पिपल हुँदै पोखरा | ४४ | बस, ट्रक, जिप ट्याक्टर तथा मोटरसाईकल |
| १२ | रुकुमकोट गिलबाङ पिपल हुँदै पोखरा दादिङ | ५० | जिप, ट्याक्टर तथा मोटरसाईकल |
| १३ | रुकुमकोट खावाङबगर कोल हुँदै राङसी | ४३ | जिप, ट्याक्टर तथा मोटरसाईकल |
| १४ | रुकुमकोट खोपीचार हुदै मुसिकोट | ४१ | जिप,  ट्रक, ट्रयाक्टर, बस, मोटरसाइकल |
| १५ | रुकुमकोट सोलावाङ सल्यान हुदै दाङ तुलसिपुर | १७६ | हलुका र गह्रौ सवै सवारी साधन |
| १६ | रुकुमकोट दाङ हुदै बुटवल | ३४७ | हलुका र गह्रौ सवै सवारी साधन |
| १७ | रुकुमकोट दाङ बुटवल हुदै काठमान्डौ | ६३१ | हलुका र गह्रौ सवै सवारी साधन |

श्रोतः सडक पुर्वाधार विकास तथा जलश्रोत तथा सिंचाई सव डिभिजन कार्यालयको सर्वेक्षण

## २.७ स्वास्थ्य, सरसफाइ, जलाधार र खानेपानी

यस रुकुम पूर्वि जिल्लाको जनघनत्व करिव ४९.९९ प्रति वर्ग किलोमिटर रहेको छ । रुकुम पूर्व जिल्लामा ब्यवस्थित खानेपानीको सुबिधा न्यून अवस्थामा रहेको भएपनि पिउने पानीको पहुँच मध्यम स्तरको छ । प्रशस्तै खोलानाला, पानीका मुहानहरु भएकाले सवैजसो समुदाय पानीको पहुँचमा भएपनि ब्यवस्थापनमा अझै ध्यान दिनुपर्ने अवस्था छ । यस जिल्लामा करिव ९३.२ प्रतिशत जनसंख्याले पाइप प्रणालीबाट, ५.६० प्रतिशत जनसंख्याले मुल वा कुवाबाट र २.२० प्रतिशत जनसंख्याले सार्वजनिक स्थलहरुमा रहेको खोला नदि वा पोखरीको पानी उपभोग गरिरहेको अवस्था छ । जिल्लाका सबै गाउँपालिका र वडाहरु खुला दिसामुक्त भईसकेता पनि दुर्गम क्षेत्रहरुमा पुर्ण रुपमा शौचालय प्रयोग भइरहेको अवस्था छैन । यस क्षेत्रमा रहेका मुख्य जलाधारहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. ४ : रुकुम पूर्व जिल्लाका मुख्य जलाधारहरु**

| क्र सं | नदी खोला | सहायक खोलाहरु |
|---|---|---|
| १ | सानीभेरी | रुकुमगार, उत्तरगंगा, लाच्छेबाहुले, हुकाम खोला, नाथीगार खोला, जामा खोला, डोट्खोला, चिउरा खोला, छिप खोला, तुवाङ खोला, रन्मा खोला, राङसी खोला, जामा खोला ८ नं. वडा, कपगार खोला । |
| २ | लुकुमगार | रुजी खोला, थवाङ खोला, काँक्री खोला,कोर्जाखोला, ह्याप्ला खोला, केन्सी खोला, खुमा खोला, सिखारुम खोला,भैरम खोला, रानीवासा, जितखोला, कुचिबाङ खोला। |
| ३ | उत्तरगंगा | नरसिं खोला, क्युवाङ खोला, गरखानी खोला, घुम्लिबाङ खोला, गस्कुर खोला, तुपा खोला, कुचै खोला, दोमइ खोला, खोला । |
| ४ | लाच्छेबाहुले | च्यारगार, धौलागार, सिस्नेगार, छिङ्री खोला, बागर खोला, बाउले । |
| ५ | हुकामखोला | साँखोला, रन्मा खोला, मयाङ खोला, ओख्मा खोला, तामागार खोला, काजरजंग खोला, गुम्रीगाड खोला, अर्जल खोला, झारलुङकारी खोला,घुन्मा खोला। |
| ६ | चुनवाङखोला | लाखर खोला,भेरी खोला, च्याङचुङ खोला, गोठिवाङ खोला । |
| ताल तलैयाहरु | | |
| १ | सिस्ने गाउँपालिका | कमलदह, गुप्तादह (सानो गुप्ता र ठूलो गुप्ता), धङ्गुदह, छिप्रीदह, नौदह । |
| २ | भूमे गाउँपालिका | बराहाताल, रिगल दह, तिलाचन दह, |
| ३ | पुथा उत्तरगंगा | |

श्रोतः ३ वटै गाउँपालिका

## २.८ सम्भाबित पहिरो तथा भू-क्षय क्षेत्र

यस जिल्लाको पूर्व तथा उत्तर बाट पश्चिमतिर बग्ने सानी भेरी, लुकुम गार, तुवाङखोला, डोटखोला, रन्माखोला, उत्तरगंगा तथा बिभिन्न खहरे खोलाहरुमा वर्षातको समयमा आउने बाढी पहिरोबाट जमिनको कटान मात्र नभएर जनधनको समेत क्षति हुने गरेको छ । अर्को तर्फ त्यस्ता खोलाहरुमा आउने बाढी तथा पहिरोको कारण उत्पादन योग्य भूमिहरु दिन प्रतिदिन बगरमा परिणत भई खेती योग्य जमिनको क्षति हुने गरेको छ । खास गरी खोला तथा नदीले बालुवा, तिप्पारा,खोपीचार, ह्याप्ला,धाउँने, धपे, डोटखोला, जामाबगर, दोमै, काँडावगर, भलखोला, त्रिवेणी, सेरा, हालवाङ, मसिना बगर, गैरीगाउँ, सिमलबोट, सिमा, छिपखोला, धर्मशाला, उपल्लो सेरा, चोरखोला, मोरावाङलगायतकास्थानहरुमा बर्षातको समयमा आउने बाढिका कारण कटान डुवान हुने तथा समय समयमा लाखौंको धन सम्पत्तिको क्षति हुने गरेको छ । यसैगरी रुकुमपूर्वि जिल्लाको पुथा उत्तरगंगा गाउँपालिकाका अन्तर्गत पुषरगाउँ, हार्दिबाङ, यमखार, तिज्याङ, हिम, रन्मागाउँ, काँडा, हुकाम, मयाङ, हालबाङ, वालुवा, छमारी, त्रिवेणी, ओख्मा, मयाङ, भूमे गाउँपालिकाको काँक्री,मोराबाङ, सिमा, तामारी, झुम्लाबाङ र सिस्ने गाउँपालिकाको ठूलो सिस्ने, नायागाड, मोराबाङ, रातामाटा,पोखरा, पाङा, धपे, चिसापानी, लम्पाकोट, खोपीचार,धाउँने, बन्सेनी (कौछे), सल्लेरी लगाएतका क्षेत्रहरु पहिरोको उच्च जोखिममा रहेका स्थानहरु हुन । बर्षेनी पहिरोबाट यस क्षेत्रमा लाखौंको धनजनको क्षति हुने गरेको छ ।

# परिच्छेद-२

२. उदेश्य

## २.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उदेश्य तथा अपेक्षित नतिजा र प्रकोप पूर्वतयारी कार्य योजनाको उदेश्य

यस योजनाको मुख्य उद्धेश्य रुकुम पूर्वि जिल्लामा विपद् बाट हुनसक्ने सम्भावित जोखिम पहिचान गर्ने, विपद्का क्षति कम गर्न आवश्यक पूर्वतयारी तथा प्रतिकार्यको लागि स्रोत साधन र जिम्मेवारी सहितका कार्ययोजना तयार गरी जनधनका क्षतिकम गर्ने रहेको छ । विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुको भूमिका र जिम्मेवारी उल्लेख गरी कार्यान्वयनका लागि तयार पारिएको यस योजनाको अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन् –

- रुकुम पूर्वि जिल्लाका गाउँपालिकाहरुको विपद् अवस्था र संकटासन्न पहिचान गरी स्तरीकरण गर्ने ।
- विपद्पूर्व, प्रकोप परिरहेको समयमा र प्रकोप पछि गर्नु पर्ने कार्यहरुको पूर्वतयारी/विश्लेषण गर्ने ।
- विपद् बाट प्रभावितहरुलाई तत्काल खोज, उद्दार तथा राहत सेवा पुर्याउन सरल उपायहरु अवलम्बन गर्न मार्गदर्शन तयार गर्नु
- विभिन्न निकाय तथा संघसंस्थाहरुबीच समन्वय गरी विपद् प्रतिकार्यका कार्यहरुलाई एकीकृत रुपमा संचालन गर्ने आधार तयार गर्नु ।
- विपद्को अवस्थामा परिचालन गर्न सकिने जनशक्ति तथा साधनश्रोत पहिचान गरी जिम्मेवारीको बाँडफाँड गर्ने र जिम्मेवारी प्राप्त विभिन्न संघसंस्थाहरुको कार्य जिम्मेवारी तोकी पूर्वतयारी अवस्थामा रहनु ।
- विपद पश्चात उद्धारका लागि तत्काल घटनास्थल पुग्न सरल प्रणाली स्थापना गर्नु ।
- विपद्का उच्च जोखिममा रहेका अशक्त, गर्भवति, सुत्केरी महिला, किशोरी, वालवालिका, अपांगता भएका व्यक्तिहरु, लैंगिक अल्पसंख्यक एच.आई.भी. संक्रमित तथा वृद्ध वृद्धाहरुलाई प्राथमिकतामा राखी राहतका कार्यक्रमहरुको योजना तयार गर्नु ।
- मानवीय सहयोगका लागि पहिले नै उपयुक्त तथा पर्याप्त सहयोग योजना तर्जुमा गर्न ।
- विपद् बाट हुने क्षतिलाई कम गर्न र विपद् आइ परेको बखत प्रतिकार्य गरी क्षति हुन नदिन वा कम क्षति हुनका लागि समुदायलाई सक्षम बनाउन सहयोग गर्ने तथा उत्थानशिल समुदाय बनाउन मार्गदर्शन गर्न ।
- योजना तर्जुमाका बखत स्थानीय तह तथा अन्य सरोकारवालाहरलाई जलवायु परिवर्तन तथा वातावरणमैत्री योजना निर्माण तथा कार्यान्वयन मार्फत उत्थानशिल समुदाय निर्माण गर्न सहयोग पुर्याउने ।
- मानवीय असरहरूलाई कम गर्न विपद् बाट प्रभावित मानिसहरूका आवश्यकताहरू पूर्ति गर्नका निमित्त समयमा नै सरकारलाई सहयोग उपलब्ध गराउनतथा कुनै पनि मानवीय सहयोग सिद्धान्त अर्थात मानवता, निष्पक्षता तथा तटस्थता बमोजिम उपलब्ध गराउन ।

## २.२ विपद् पूर्वतयारी कार्य योजनाको अपेक्षित परिणामहरु

यस विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरु देहायमा उल्लेख गरिएको छ -

१. जिल्लास्तरमा उपलब्ध क्षमता (पूर्वतयारी र प्रतिकार्य) को लेखाजोखा हुने,
२. विपद् जोखिम विश्लेषण हुने तथा समुदाय  विपद् उत्थानशिलता तर्फ जाने,
३. विपदबाट हुने जोखिम तथा क्षति कम भएको हुने ।
४. विभिन्न निकाय बीचको समन्वय प्रभावकारी भई राहत तथा उद्धार कार्य प्रभावकारी हुने,
५. प्रतिकार्यमा संलग्न साझेदार र क्षेत्रगत अगुवा तथा सदस्य संस्थाहरुको भूमिका र जिम्मेवारीको निर्धारण भई जानकारी हुने,
६. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुद्धारा गरिने विपद् जोखिम ब्यवस्थापन कार्य व्यवस्थित हुने ।
७. जिल्लामा विपद् जोखिम व्यवस्थापनका लागि भएको स्रोत साधनको पहिचान, स्थान, सम्पर्क लगायत विभिन्न क्षेत्रसंग सम्वन्धित समस्या एवं चुनौतीहरुको वारेमा सरोकारवालाहरुलाई जानकारी हुने ।

## २.३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्य मध्ये पूर्वतयारी कार्य योजना विपद् परे लगत्तै स्थिती सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को समय ज्यादै संवेदनशील हुने भएकोले यस समयमा गर्ने मानवीय सहयोगका कार्यले पनि महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । त्यसैले यस कार्ययोजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ । पूर्वतयारी कार्ययोजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टि गर्दछ –

१. यस योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सुनिश्चितता प्रदान गर्दछ ।
२. विपद् जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन मद्दत गर्दछ ।
३. पीडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
४. उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
५. आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
६. सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ ।
७. खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्द्धनका क्षेत्रलाई व्यवस्थित गर्न सहयोग गर्छ । प्रजनन स्वास्थ्य स्वास्थ्य सेवा व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्छ ।
८. विपद्को अवस्थामा हुन सक्ने लैंगिक हिंसा रोकथाम र व्यवस्थापनमा सहयोग गर्छ ।
९. श्रोतको सही सदुपयोग गरी पीडित समुदायलाई विपद्को पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ ।
१०. जागरुक र उत्थानशिल समुदाय निर्माणमा भूमिका खेल्दछ ।
११. क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवा प्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

## २.४ पूर्वतयारीका लागि सामान्य मान्यताहरु

१. जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत एकद्वार नीति अनुरुप समग्र समन्वयको काम हुनेछ ।
२. विषयगत समन्वय गर्दा मुख्य माग वा आवश्यकता पुरा होस भन्नेमा ध्यान पुर्याइनेछ ।
३. स्थनीय सरकारलाई अग्रनी स्थानमा राखी जिम्मेवार तथा उत्तरदायि बनाउने वातावरण तयार गर्ने ।
४. नेपाल रेडक्रस सोसाइटी लगायतका सहयोगी संस्थाको भूमिका सबै सरोकारवालाहरुले बुझ्ने गरी उल्लेख हुनेछन् ।
५. यस कार्यमा संलग्न संस्थाहरुप्रति अनावश्यक रुपमा अपेक्षा राख्ने अवस्था नआउने वातावरण तयार गर्ने ।
६. विपद् पूर्वतयारी एवं उद्धार कार्यका लागि दक्ष जनशक्ति, आर्थिक, भौतिक सुविधाको लागि समन्वयमा जोड दिने ।
७. स्थानीय संजालमा आधारित संस्थाहरुलाई क्षमता अनुसार प्रभावकारी रुपमा परिचालन गर्ने ।

## २.५ विपद पूर्वतयारी कार्ययोजनाको तयारी प्रक्रिया

जिल्लामा वर्षौंदेखि विभिन्न प्रकारका विपद्हरु पर्दै आएको र सो को ब्यवस्थापनको लागि विभिन्न संघसंस्थाहरु जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा परिचालित हुंदै आएका छन् । हाल विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् बाट पर्ने तत्कालीन तथा दीर्घकालीन प्रभावलाई जोखिम व्यवस्थापनका माध्यमवाट न्यून गरी दिगो विकासको लक्ष्य अनुसार र बिपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन २०७४, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, (पहिलो संशोधन, २०७६) विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावली २०७६, प्रधानमन्त्री दैवी उद्धार कोष संचालन नियमावली २०६३, दैवी प्रकोप उद्धार ऐन २०३९, राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७५ (प्रथम संशोधन २०७५), विपद् पिडित पूनर्वास संचालन कार्यबिधि २०७१, खोज तथा उद्धार राष्ट्रिय रणनीतिक कार्ययोजना २०७१, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० मा भएको ब्यवस्था अनुसार र सोही मार्गदर्शनको अवधारणागत ढाँचामा रहेर यो कार्ययोजना तयार गरिएको छ । यो कार्ययोजना जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा जिल्ला समन्वय समिति, स्थानीय सरकारहरु, सुरक्षा निकायहरु,नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा र अन्य विषयगत निकाय तथा सरोकारवालाहरुको साझा प्रयासवाट तयार गरिएको हो । देहायको प्रक्रिया पुरा गरी यो कार्ययोजना तयार गर्ने प्रयास गरिएको छ ।

- जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वमा भए गरेका तथा नेपाल रेडक्रस सोसाईटी, स्थानीय सरकार, जिल्ला समन्वय समिति, सम्पूर्ण सुरक्षा निकाय, विषयगत कार्यालय र अन्य सरोकारवाला निकायद्वारा यस जिल्लामा संचालन भैरहेका विपद् जोखिम न्यूनीकरण र विपद् पुर्वतयारी तथा राहत कार्यक्रम अन्तर्गत आकस्मिक पूर्वतयारी योजना तयारीको लागि प्रारम्भिक छलफल, अन्तरक्रिया तथा जिल्ला विपद् व्यवस्थापन समितिको वैठक आयोजना गरी कार्यदल निर्माण गरिएको ।
- प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहेको जिल्ला विपद् व्यवस्थापन समितिको प्रत्यक्ष सहयोगमा छलफल गरी सुझावहरु संकलन गरिएको ।
- विपद्को क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थावाट यस योजनाका लागि प्राप्त सुझाव लिई समावेश गरिएको ।
- योजनालाई अन्तिम रुप दिनुअघि थप सल्लाह/सुझावकालागि राजनीतिक दलहरु समेतको संयुक्त वैठकमा पेश गरी प्राप्त सुझाव समावेश गरी यो योजना तयार गरिएको ।
- अन्त्यमा योजना जिल्ला विपद् ब्यवस्थापन समितिको वैठकवाट स्वीकृति पश्चात कार्यान्वयनमा लगिएको ।

## २.६ विपद् पूर्वतयारी प्रतिकार्य योजनाको तयारीका सिमाहरु

यो योजना विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ को आधारमा विभिन्न सरोकारवाला निकायसँगको छलफल पछि तयार गरिएको हो । उपलब्ध सीमित जनशक्ति, सीमित स्रोत र साधन, लगायतका कारणहरु पनि यो कार्ययोजना तयारीका सीमाहरु रहे । यसमा उल्लिखित विभिन्न गतिविधिहरुको लागि आवश्यक बजेट जुटाउन नसक्ने अवस्था रहेमा कार्ययोजनाको पूर्ण कार्यान्वयमा पनि समस्या पैदा हुन सक्छ । अर्को तर्फ यो योजना कार्यान्वयनको लागि आवश्यक पर्ने सामाजिक, आर्थिक, मानवीय, भौतिक पूँजीको सहज उपलब्ध हुन नसकेमा प्रस्तावित कार्यायोजना कार्यान्वयनमा कठिनाई सिर्जना हुन सक्छ ।

# परिच्छेद-३

## ३. विपद् जोखिमको अवस्था

### ३.१ नेपालमा विपद् जोखिम व्यवस्थापन र वर्तमान नीति

नेपालमा दैवीप्रकोप उद्धार ऐन, २०३९ लागू भएपछि विपद् व्यवस्थापनमा उद्दार तथा राहत कार्यका अतिरिक्त पूर्वतयारी तथा न्यूनीकरण कार्यलाई जोड दिन थालिएको देखिन्छ । सन १९९१ मा प्राकृतिक प्रकोप न्यूनीकरण अन्तर्राष्ट्रिय दशकको घोषणा भएपछि विपद् व्यवस्थापन पूर्वतयारी कार्यलाई विशेष जोड दिन थालिएको देखिन्छ । १८-२२, जनवरी, २००५ मा जापानको सहयोगमा शहरमा भएको विश्व विपद् जोखिम न्यूनीकरण सम्मेलन (World Disaster Risk Reduction Conference, 2005)बाट जारी गरिएको घोषणा-पत्रलाई पालना गर्दै नेपालले विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ तयार गरी कार्यान्वयनमा ल्याएको देखिन्छ । २५ आश्विन२०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि जोखिम न्यूनीकरण सम्वन्धी अवधारणाहरुलाई आपतकालीन पूर्वतयारी ***(Preparedness)***, प्रतिकार्य ***(Response)*** तथा पूनर्लाभ ***(Recovery)*** सम्वन्धी कार्यक्रममा व्यवस्थित रुपमा समावेश गर्न उल्लेख गरिएको छ । विपद् पूर्वतयारीका लागि तर्जुमा गरिएको राष्ट्रिय कार्ययोजना लागू भएपछि विभिन्न किसिमका प्राकृतिक विपद्हरुलाई सम्बोधन गर्न आवश्यक उपायहरु अवलम्वन गर्न थप प्रयास भैरहेको छ र जापनको केन्जाईमा सन् २०१४/२०१५ मा विश्व सम्मेलनले स्वीकृत गरेको केन्जाई फ्रेमवर्कले प्रदान गरेको दिशा निर्देशवाट समेत नेपालले विपद्को पूर्वतयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास जारी राखेको छ । नेपाल सरकारले आवश्यक्ताअनुसार विभिन्न ऐन, नियमावली, निर्देशिका/कार्यविधि, रणनिति, कार्ययोजना तथा मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याउँने अभ्यास गर्दै आएको छ ।

### दैवी प्रकोप उद्दार ऐन, २०३९

नेपालमा विपद् व्यवस्थापनका कानूनी संरचनाको शुरुवात २०३९ सालमा जारी भएको दैवी प्रकोप (उद्दार) ऐन, २०३९ वाट भएको हो । यो ऐनले सरकारलाई विपद्को सामना गर्न तयार हुने र विपद्को समयमा प्रतिकार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ । जसले देशको इतिहासमै पहिलो पटक विपद् व्यवस्थापनको संस्थागत संरचनाको व्यवस्था गरेको हो । जसलाई यसरी उल्लेख गरिएको छ-

**विपद् व्यवस्थापनको संस्थागत संरचना**

**क.** केन्द्रिय विपद्व्यवस्थापन समिति, गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय स्तरको सवैभन्दा माथिल्लो यस समिति अन्तर्गत राहत, उद्धार तथा उपचार उपसमिति र आपूर्ति, आश्रयस्थल तथा पुर्नस्थापना उपसमिति रहेको छन ।

ख. जिल्ला विपद् व्यवस्थापन समिति

ग. स्थानीय विपद् व्यवस्थापन समिति

**स्थानीय सरकार संचालन ऐन**, **२०७४**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहका लागि स्वायत्त शासनको व्यवस्था सहित वातावरण मैत्री विकास व्यवस्थापनको लागि विकेन्द्रीकरणको अवधारणालाई प्रवर्द्धन गरेको छ । यसमा विकास प्रक्रिया, वातावरण र प्रकोप वीचको अन्तर सम्बन्धलाई प्रत्यक्ष वा परोक्ष रुपमा जोड दिएको छ । यस ऐनले स्थानीय तहहरुलाई जिल्ला तथा पालिकाहरुका समस्याकोसमाधान आफैले खोज्न प्रोत्साहन गरेको छ । यसरी यस ऐनले स्थानीय तहलाई उत्तरदायी बनाएको भएपनि भएका व्यवस्थालाई कार्यान्वियन गर्न आवश्यक जनशक्ति तथा वजेटको विनियोजन नहुंदा ऐनमा व्यवस्था गरेका अवधारणाहरुको कार्यान्वयन पक्ष एकीकृतरुपमा अगाडी बढाउन कठिन परेकोअवस्था छ ।

**विपद् सम्बन्धी राष्ट्रिय रणनीति**, **२०६६**

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका विभिन्न घोषणा तथा प्रतिवद्धताहरुको कार्यान्वयनको लागि नेपालमा दैवीप्रकोप उद्धार कार्यलाई थप ब्यवस्थित गराउन नेपाल सरकारद्धारा विपद्सम्बन्धी राष्ट्रिय रणनीति, २०६६ जारी भएको छ भने संचालन गरिने विपद् व्यवस्थापन, राहत, उद्दार र प्रतिकार्य योजना तयारी गरी सरोकारवालाहरुको परिचालन गर्न भूमिका किटान गरी कार्य शुरु भएको छ । साथै यसमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धी राज्यका मूलनीतिलाइ सुनिश्चित गर्न केही संस्थागत ब्यवस्था समेत गरेको छ । यसमा समाबेश भएका केहि महत्वपूर्ण केही ब्यवस्थाहरु-

- विपद्जोखिम व्यवस्थापनका सबै चरणहरुमा लैङ्गिक सवाल तथा समावेशीकरणलाई मुल प्रवाहमा ल्याउने ।

- कुनै वर्ग, जात तथा जातिय समुहले परिस्थितिलाइ थप जटिल पार्न सक्दछन भन्ने कुरामा सजग रही आपतकालीन सहयोग तथा राहत कार्यक्रम लगायत विपद्जोखिम न्यूनीकरण सम्वन्धी कार्यक्रमहरु परिस्थितिजन्य जटिलता प्रति संवेदनशील रहनेछन् । यस्तो प्रतिकार्य सञ्चालन गर्दा विपद् भन्दा पहिले, विपद् भइरहेका समयमा र विपद् पछिका अवस्था (Pre, During and Post Disaster Scenario) मा तिनहरुको प्राथमिकता पूर्वक पहिचान र विश्लेषण गरिने ।
- विपद्का समयमा सार्वजनिक सेवाहरु अवरुद्ध भएको अवस्थामा पनि समुदायमा विद्यमान जीवनधार संरचना तथा प्रणालीहरुका अविच्छिन्न संचालन गन कार्यमा कुनै अवरोध नआओस भन्नका लागि समुदायका सब समूह एवं अन्य अल्पसंख्यक समुहका बालबालिका, महिला, वृद्ध–वृद्धा, अशक्त आदिलाइ सूसुचित गर्न व्यवस्था मिलाइने ।
- विपद्का घटनाका प्रकृतिका आधारमा के गर्ने, कहिले गर्ने र कसरी गर्ने भन्ने कुरा थाहा पाउन संकटासन्न वर्गलाई सक्षम तुल्याईने । यसका लागि आवश्यक पर्ने ज्ञान, क्षमता, अवसर तथा अधिकारको प्रयोग गर्न उनीहरुमा चेतना अभिवृद्धि गरी आत्मविश्वास बढाउने प्रकृतिका क्रियाकलाप संचालन गरिने ।
- जोखिमपूण अवस्थामा रहेका परिवारहरु विशेष गरी महिला, वालवालिका, एकल महिला र पुरुष, अशक्त, विरामी सबैको पूर्व पहिचान गरी तदनरुप उद्दार, राहत तथा पुनःस्थापनाका लक्षित कार्यक्रम (Rescue, Relief and Rehabilitation Targeted Program) संचालन हुने ।
- घर परिवार र समुदायमा आर्थिक तथा सामाजिक अधिकारबाट बञ्चित सीमान्तकृत अवस्थाका जीवनयापन गरिरहेका वर्गका लागि विपद्का समयमा विशेष सहयोग र संरक्षण आवश्यक पर्ने हुँदा पूर्वतयारी तथा जोखिम न्यूनीकरण, उद्दार तथा राहत, प्रतिकार्य, पुनर्लाभ **(Revovery)** का कार्यक्रमका समयमा ती समुहको आवश्यकता प्रति विशेष ध्यान दिईने ।

**विगत २ वर्ष यता भएका विपदहरुको विष्लेषण**

| आ.व. | घटनाको प्रकार | मानिस | | चौपाया | | घर | बिद्यालय | गोठ | क्षतिको अनुमानित मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | मृत्यु | घाइते | | | | |
| २०७५/२०७६ र २०७६/२०७७ | अविरल बर्षा | | १ | | २ | २८ | | २ | ९२५०००० |
| | बाढी (धौलापहिरा र धपे हाइड्रोपावर) | | | | | २ | | | ४२०४१००० |
| | पहिरो | १ | | ४ | १ | १५ | | ३ | २५१३००० |
| | आगलागि | | २ | १७ | | १६ | | ५ | १११३९०३२ |
| | हावाहुरी | | | | | २५ | ४ | | ५९७९७०० |
| | चट्याङ | १ | २ | | | ३ | | | ५०५००० |
| | **जम्मा** | **२** | **५** | **२१** | **३** | **८९** | **४** | **१०** | **७१४२७७३२** |

**श्रोतः जिल्ला प्रशासन कार्यालयको अभिलेख**

## ३.२ विपद् उद्दारमा प्रत्यक्ष सरोकारका राख्ने निकायहरुः

क. जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व

ख. स्थानिय तहहरु ( ३ गाउँपालिकाहरु-सिस्ने, भूमे र पूथा उत्तरगंगा)

ग. सुरक्षा निकाय (थप विवरण परिशिष्ट "ख" अनुसार)

- नेपाली सेना
- जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्व
- इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीहरु
- सशस्त्र प्रहरी वल
- जिल्ला अनुसन्धान कार्यालय

घ. जिल्ला समन्वय समिति रुकुम पूर्व

ङ स्थानीय तहका, खोज तथा उद्दार कार्यदलहरु
च. जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र निजि अस्पतालहरु
छ. जतस्रोत तथा सिंचाइ विकास सव डिभिजन कार्यालय
ज. डिभिजन वन कार्यालय
झ. सडक पूर्वाधार विकास कार्यालय
ञ. शिक्षा विकास तथा समन्वय इकाइ
झ. नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रुकुम पूर्व
ट. यातायात समितिहरु
ठ. एकिकृत कृषि तथा पशुपंक्षि विकास कार्यालय
ड. भेटेनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र
ढ. खानेपानी तथा सरसफाई सम्पर्क कार्यालय
ण. नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकम,
त. एम्बुलेन्स सेवा
थ. उधोग बाणिज्य संघ, चेम्वर अफ कमर्श र निर्माण व्यवसायी संघ
द. जिल्ला स्थित क्रियासिल राजनैतिक दलहरु
ध. जिल्ला स्थित क्रियाशिल मिडिया हाउस तथा पत्रकारहरु
न. अन्य संघ संस्था (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था)
प. बैक बित्तिय संस्थाहरु र बिमा कम्पनीहरु

**विपद ब्यव्थापनमा कार्य गर्ने सरोकारवालाहरुको कार्य बिवरण**;-

| क्र स | क्रियाकलाप | कसले | कहाँ | कैफियत |
|---|---|---|---|---|
| १ | विपद/प्रकोप सम्वन्धि सूचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, जल तथा मौषम फिल्ड, कार्यालय, स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र | उच्च प्रकोप हुने स्थान केन्द्रित रहि जिल्लाभर | |
| २ | विपद् सिमुलेसन तथा पूर्व अभ्यास | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, सरोकारवाला निकायका तालिम प्राप्त जनशक्ति | स्थानिय सरकार र जिल्ला तह | |
| ३ | खोज तथा उद्दार कार्य | जिल्ला विपद् ब्यवस्थापन समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी, | जिल्ला भर | |
| ४ | राहत बितरण | जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा/उपशाखाहरु, स्थानीय तहहरु, स्थानीय विपद जोखिम व्यवस्थापन समिति र उद्योग वाणिज्य संघहरु, | प्रभावित आवश्यक क्षेत्रमा | |
| ५ | राहत सामग्री भण्डारण | तयारी खानाः उद्योग वाणिज्य संघ,<br>गैर खाद्य सामाग्रीहरुः नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा | क्षेत्र अनुसार जिल्लाको बिभिन्न स्थानहरुमा | |
| ६ | स्वास्थ्यकर्मि, औषधि | जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, निजि | जिल्ला स्तरमा | |
| ७ | सडक यातायात संचालनको सुधार तथा | जिल्ला समन्वय समिति यातायात ब्यवसायी समितिहरु, स्थानिय तह/सडक पूर्वाधार विकास | जिल्ला भर | |

| | | | | |
|---|---|---|---|---|
| | यातायात सुबिधाको उपलब्धता | कार्यालय | | |
| ८ | भू-क्षय सम्वन्धि | जलस्रोत तथा सिचाई बिकास कार्यालय/स्थानिय सरकार | जिल्लाभर | |
| ९ | शान्ति सुरक्षा | जिल्ला प्रशासन कार्यालय/जिल्ला सुरक्षा समिति | जिल्लाभर | |

## ३.३ वर्षायाममा हुन सक्ने जोखिमहरु;-

जिल्ला स्तरमा तल उल्लेखित प्रकोपहरुबाट विपद् निम्तिन सक्दछन् :

**क. बाढी/पहिरो**

वर्षायाममा नदी तथा खोला किनार र डोजरबाट खनिएको सडकहरुमा प्राय बाढी तथा पहिरो जाने साथै अन्य ग्रामिण स्थानहरुमा मुख्य जोखिम क्षेत्र पहिचान गरिएको छ। बाढी पहिरोबाट निम्न अनुसारको जोखिम हुन सक्ने देखिन्छ।

- नदी तथा खोला किनार वरपरका वस्तीहरु बाढीले वगाउने तथा कटान हुने
- खोलानाला तर्ने क्रममा मानिस वगाउने
- बाढी तथा पहिरो गई सडक अवरुद्ध हुने
- पहिरोले आवासक्षेत्र तथा खेतीयोग्य जमिन बग्ने तथा पुरीने।

**ख. चट्याङ्**

चैत्र देखि वर्षायाम रहुन्जेलसम्म यो जिल्ला चट्याङ्को लागि पनि जोखिम युक्त जिल्ला मानिन्छ। वर्षेनी चट्याङ्बाट मानिस लगायत चौपायाहरुको मृत्युका घटनाहरु हुने गरेका छन्। यस बर्ष मात्रै जिल्लामा चट्याङ्बाट ३ घरमा क्षती हुनुको साथै २ जना घाईते र १ जनाको मृत्यू भएको छ। चट्याङ्बाट क्षति भएको खवर प्राप्त हुना साथ अवस्था हेरी नजिकको स्थानिय तह, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटि तथा अन्य संघ/संस्था मार्फत घाइतेको उद्दार तथा उपचारको साथै प्रभावित घर परिवार तथा ब्यक्तिहरुलाई राहतको लागि पहल गरिने छ। सुरक्षित रहनका लागि समुदाय स्तरमा जनचेतनाका लागी स्थानिय रेडक्रसका निकायहरु, सञ्चार माध्यम मार्फत सुचना प्रवाह गरीनेछ।

**ग. सडक अवरुद्ध तथा सडक दुर्घटना**

वर्षातको समयमा वाढीका कारण रुकुमकोट खोपीचार सडक खण्ड, रुकुमकोट धपे सडक खण्ड, रुकुमकोट देउखोला रुकुमकोट खावाङ सडक खण्ड, रुकुमकोट तकसेरा सडक खण्डहरु वर्षातका समयमा अवरुद्ध हुँदै आएका छन्। ट्राफिक ज्ञानको कमी, सिकारुले गाडी चलाउने, अनावश्यक तिव्र गतिमा सवारीका साधन कुदाउने होड, सावारी साधनहरु समयमा चेक जाँच नगराई चलाउने, क्षमता भन्दा बढी लोड राख्ने, सडकको अवस्था कमजोर भएको थाहा पाउदा पनि जोखिम मोल्ने जस्ता कारणले सडक दुर्घटना हुने गरेको देखिन्छ। विपत्तिको समयमा झनै सडक अवरुद्ध हुन सक्दछ। निर्माणाधिन अबस्थामा रहेको पुलका कारण पनि जोखिम अझ बृद्धि भईरहेको देखिन्छ। साथै ग्रामिण सडकहरु बर्षाको कारण वन्द हुने तथा सडक दुर्घटना जस्ता कारणबाट सडक अवरुद्ध हुन सक्ने भएकोले त्यस्ता अवस्थाको लागि निम्न अनुसार पहल गरिने छ।

- सवारीका साधनहरु नियमित संचालन गर्न आवशयक श्रोत परिचालन गरिने।
- दुर्घटना कम गर्न नियमित चेक जाँच गरिने।
- ट्राफिक नियम सम्बन्धि सम्बन्धित सवैमा यस विषयमा जनचेतनात्मक कार्यक्रमहरु संचालन गर्ने र समुदायलाई सक्षम बनाइ राख्न स्थानीय तहसंगको समन्वय र सहकार्यमा क्षमता विकासका कार्यक्रमहरु तयार गरी कार्यान्वयनमा ल्याउने ।
- रुट अनुमति बमोजिम सवारीका साधनहरु मात्र संचालनमा ल्याउने।
- श्रोत साधन सहित स्थानिय स्तरमा तालीम प्राप्त ब्यक्ति सहित सुरक्षा निकायहरु प्रथम प्रतिकार्यकर्ताको रुपमा विपद् प्रभावित क्षेत्रमा परिचालित हुने।

- आवश्यक परेमा सवारी साधन डोजर, क्रेन आदी सरकारी कार्यालयहरुमा रहेका एवं यातायात व्यवसायी र निर्माण व्यवसायीसंघ मार्फत सहयोग लिइने छ। भैपरेको बेला तुरुन्त परिचालन गर्न सकिने गरी यस्ता मेसिन तथा औजारहरु सम्वन्धित निकाय तथा कार्यालय संगको समन्वय र सहयोगमा चुस्त दुरुस्त राखिने छ भने विपद्को अबस्थामा जुनसुकै निकायमा रहेका श्रोत साधन प्रमुख जिल्ला अधिकारीको ओदशमा प्रयोग गर्न सकिनेछ।
- घटना स्थलको प्रकृति हेरी घाइतेहरुको उद्दारका लागी सडक सुचारुगर्ने कार्यलाई प्राथमिकताका साथ तिव्रता दिइने।

**घ. सरुवा रोग जस्ता महामारी**

यस जिल्लाको क्षेत्र प्राय पहाडी तथा विकट रहेको, केही घना वस्ती भएको र समुदायमा जनचेतनाको कमी भएकोले वर्षातको तथा बाढीको समयमा खानेपानीका श्रोतहरु समेत दुषित हुने हुनाले उच्च जोखिमयुक्त क्षेत्रमा कुनै पनि स्थानमा सरुवा रोगहरु महामारीको रुपमा भित्रन सक्ने हुन्छ। बाढी पहिरो तथा महामारीका कारण पनि द्धितिय बिपद्को रुपमा आउन सक्छ त्यस्ता स्थानहरुमा तुरुन्त सुरक्षा निकाय सहित स्थानीय तह र जिल्लाबाट तथा स्थानीय तहहरुबाट स्वास्थ्यकर्मीको टोली खटाई शुरुमै रोगहरु नियन्त्रण गरी महामारी फैलन नदिने उपायहरु अपनाइने छ। सरुवा रोग समबन्धि, पानी शुद्धिकरण गर्ने विधि, सरसफाई सम्बन्धि सचेतनात्मक कार्यक्रम संचालन, पानीको गुणस्तर चेक गर्ने जस्ता कुराहरु कडाईका साथ लागु गरि महामारी उत्पन्न हुन नदिने प्रयास गरिनेछ।

**३. विपद् पूर्वतयारी योजना र विपद सम्वन्धि कार्य गर्ने निकायहरु**

यस जिल्लाका स्थानीय तहहरू, संघीय तथा प्रादेश अन्तर्गतका सरकारी निकायहरू, विपदमा सहयोग गर्ने नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, गैरसरकारी संस्था महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ, युएनएफपिए, युएमएन, रुकुमेली समाज विकास केन्द (सुआहारा दोश्रो, खाद्यसुरक्षा तथा वातावरणमैत्री उद्यम प्रवद्र्धन कार्यक्रम), हुरेडकार्स, मिक नेपाल, उद्योग बाणिज्य संघ, चेम्वर अफ कमर्श, संयुक्त राष्ट्रसंघीय नियकायहरू लगायतका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, स्थानीय संघ संस्थाहरूको उपस्थिति रहेको छ। त्यसगरी स्थानीय तहका निर्माण व्यवसायी संघ, तालिम र अनुमति प्राप्त क्लिनिहरु, निजी अस्पतालहरू, यातायात ब्यवसायी समिति, समुदायमा आधारित गैर सरकारी संस्थाहरू कार्यरत छन्।

**मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क सूची (अनुसूचि बमोजिम)**

३.४ विपद् जोखिम विश्लेषणको सूचक अनुसार को एकीकृत तालिका

| क्र सं. | विपद्कोक्षेत्र | उच्च जोखिमक्षेत्र | मध्ययम जोखिमक्षेत्र |
|---|---|---|---|
| १ | भूकम्प **(Earthquake)** | जिल्ला भर | जिल्लाभर |
| २ | पहिरो **(Landslide)** | पुथा उत्तरगंगा गाउँपालिका पुषरगाउँ, हार्दिबाङ, यमखार, तिज्याङ, हिम, रन्मागाउँ, काँडा, हुकाम, मयाङ, हालबाङ वालुवा छमारी त्रिवेणी ओख्मा हालवाङ भूमेगाउँपालिकाका काँक्री,मोराबाङ, सिमा सुर्तिवाङ, तामारी, झुम्लाबाङ, रुजिखोला, काँडावगर, सिस्ने खोला सिस्नेगाउँपालिकाकाठूलोसिस्ने, नायागाड, मोराबाङ, रातामाटा, पोखरा, पाङा, धपे, चिसापननी, लम्पाकोट, खोपीचार,धाउँने, बन्सेनीआदि। | पुथा गाउपालिकाकाघुरबाङ, मलिङ, चुमा, गुङ, साकिनाबोट, घुम्लिबाङ, दमचन, तुँपा, छमारी, गर्खानी, फल्नै, पदमी, खैरेखोला, नयाँबजार, ओख्मा, राङसी, नाखागाउँ, नाखोल, जामाबगर, घाटुला, मैकोटगाउँ, जुसमुर, झारलुङ, पेल्मा, रल, घुन्मा, भूमे गाउँपालिकाका पैयापाटा, सुर्तिबाङ, खासिबाङ, रतुवामारे, दाङलिका, पखेरा,दोमै, क्याङ्सी, कर्तिखेल्ने, ठाम, दर्फ, खम्पाजा, बालुवा, खाम्दै, अबैखोर्रे, पुर्साबाङ, भैसीलोटे, ताम्दै, झिम्का, कुचिबाङ,मैकाडा, सिस्ने गाउँपालिकाका ईटी, भंग, प्वाङ गाउँ, तिप्पारा, भिङ, सल्लेरी,नाथीगाड, सानचौर, ह्याप्लाआदि। |
| ३ | आगलागि **(Fire)** | पुथा उत्तरगंगा गाउँपालिका रन्मा मैकोट, खारावाङ, जाङ, पद्मी, तक, सेरा, खैरे, अर्जल, | पुथा उत्तरगंगा गाउँपालिका चुम, गुङग, अर्जल, काजरजंग,गरखानी, घुङलीबाङ, मयाङ, तिज्याङ,झर्लुङ, छमारी, ओख्मा |

| | | | |
|---|---|---|---|
| | | सिस्नेगाउँपालिकाका सुद्री,भंग, जौंली, कुरीपानी, ठस्के, बयाले, किंदा, नेटा,छुराबाङ, बनेली, सल्लेरी, असारेचिउरा,दाङ,रोटी, ईर्या, राईले, गर्चा, भुमे गाउँपालिकाका डालीबाङ, लुकुम, काँक्री, सिमा, क्याङसी, जलेखर्क, मोराबाङ, झुम्लाबाङ, गावाङ, गुनाम, भित्रीवनरिसाल, चुनवाङ सिमचौर, बाहुनकाटिना, खाल आदी। | सिस्ने गाउँपालिकाका सल्लिवसौंना, टाटे, गोलखारा, धङगु, रातामाटा, नौधारी, रुमालवारा, काँडा, दत्कुना, ठूलो सिस्ने, भग, भुमे गाउँपालिकाका चुन्बाङ लेक, गुँरासे लेक, लापटा लेक, सेराबाङ, उपल्लो साकिम , महत ठूलो गाउँ, सिमचौर, बाहुन काटिना , लामाचौर, मयवाङ,खाल मोराबाङ, कुचिबाङआदि। |
| ४ | बाढि **(Flood)** | पुथा उत्तरगंगा गाउँपालिका मसिनाबगर, बालुवा, नाखोल, जामाबगर सिस्नेगाउँपालिकाका तिप्पारा, मोराबाङ, कोटघारी, मूलपानी,पोखरा, भलखोला, धपे, नाथीगाड, धाउँनेवगर, भूमेगाउँपालिकाका बालुवा, धौलापैरा, काँडाबगरआदि। | पुथा उत्तरगंगा गाउँपालिका चारगाउँ, त्रिवेणी, मङ्ग्राखोला, रुजिखोला, त्रिवेणी, सिस्नेगाउँपालिकाका तुवाङ,सल्लीविसौना, ठाँटेभुमेगाउँपालिकाका गैरीगाउँ, दोमई, सिमा, झुङलाबाङ, काँडा बगर, चोत्रोघैरा, कुनपानी, मैबाङ, गैरी गाउँ बजार लाखरखोलाआदि। |
| ५ | सडक दुर्घटना **(Road accident)** | पुथा उत्तरगंगा गाउँपालिका क्युवाङ सिस्नेगाउँपालिकाका खोपीचार, रानीकोट,रुकुमकोट, धाउने, कउछे, चिसापानी भुमे गाउँपालिकाका धौलापहिरा, खावाङ बगर, रिकाधुरीआदि। | पुथा उत्तरगंगा गाउँपालिका गर्खानीको भिर, पिपलटुङ, सिस्नेगाउँपालिकाका वावाङखोला भुमे गाउँपालिकाका वालुवाखोला |
| ६ | हिमपात **(Snowfall)** | पुथा उत्तरगंगा गाउँपालिका जुनाङ, पुषर, मैकोट गाउँ, दुले, तिज्याङ, पेल्मा, झारलुङ, यमखार, हिम, गुइबाङ, रन्मा, घुन्मा, काजरजंग, हुकाम, दमचन, खोरे, ताँतु सिस्नेगाउँपालिकाका ठूलो सिस्ने, पाखापानी,लाम्पाखा, औखरेन, भट्टेचौर, मर्पे, रंगेनी, लैपा, धङ्गु,स्याम्जे भुमे गाउँपालिकाका पञ्चासे , स्याला, रिकुम, लाटापानी, बनबालारिग, च्यारनेटा,चिप्लेगौरा, गाबाङ, तल्लो गाबाङ, रिक डाँडा आदि। | पुथा उत्तरगंगा गाउँपालिका मयाङ, अंगाउ लाबाङ, घुम्लिबाङ, तुपा, गोलखाडा, मृगभाल्ने, पानीचौर सिस्नेगाउँपालिकाका भंग, सल्लिविसौंना, टाटे,किंदा, माथिल्लो दादिङ, खोपीचार, झिङग्री, तुवाङ,लम्पाकोट भुमेगाउँपालिकाका खाल्बोट, घङ्घारी, छोबाङ, मछैना, राउटे घरेली , कोइचा. बिस्कुम, मालालुम, हाडी झुम्का, मैबाङ, फल्लेबासी , घोर्नेटी, भैसीलोटे, गहुँकम्द, भेरीडाँडा, थुम्का, सिमचौर स्याला, छहरा, लुमा आदि। |
| ७ | महामारी **(Pendemic)** | पुथा उत्तरगंगा गाउँपालिका राङसी, कोल, सेरा, तक, गर, हुकाम, रन्मा, मयाङ, पद्मी सिस्नेगाउँपालिकाका ठूलो सिस्ने, दादिङ, खोपिचार, रुकुमकोट भुमेगाउँपालिकाका लुकुम, काँक्री, सिमा, मोराबाङ, काँडा, साकिम, महतआदि। | पुथा उत्तरगंगा गाउँपालिका खाराबाङ, जाङ, गरखानी सिस्नेगाउँपालिकाका प्वाङ गाउँ तुवाङ, पाङा, लैपा, लम्पाकोट भुमे गाउँपालिकाका सेराबाङ, गैरीगाउँ,सिमचौर, क्याङसीआदि। |

| | | | |
|---|---|---|---|
| ८ | असिनापानी **(Hailstrom)** | सवै गाउँपालिकाका सवै वडाहरुमा | |
| ९ | हावाहुरी **(Strom)** | सवै गाउँपालिकाका सवै वडाहरुमा | |
| १० | चट्याङ **(Lightening)** | पुथा उत्तरगंगा गाउँपालिका रन्मा, मैकोट, पानीचौर<br>सिस्नेगाउँपालिकाका लामपाखा, रंगेनी किंदा, रोटी, खोपीचार, सिस्ने<br>भुमे गाउँपालिकाका चुनवाङ, पन्चासे, महत, गुनाम, पोखराडांडा, रिसाल, भेरीडाँडा, च्यचङचुङ, बिजौरा, डाँडागाउँ, थुम्का, टाटेपाखाआदि। | पुथा उत्तरगंगा गाउँपालिका हुकाम, खारावाङ, पश्चि, गोलखारा, गरखानी, क्यूवाङ<br>सिस्नेगाउँपालिकाका तुवाङ, मैदान, ओख्रेना<br>भुमेगाउँपालिकाका कांक्री, खावाङ, क्याङसी, मोरावाङ, झम्लावाङ, कुचिवाङ नाङफु, पोखरापाटा |
| ११ | बालिनालीमा लाग्ने रोग र किरा | सवै गाउपालिकाका सवै वडाहरुमा | |
| १२ | तुषारो | पुथा उत्तरगंगा गाउँपालिका जुनाङ, पुषर, मैकोट गाउँ, दुले, तिज्याङ, पेल्मा, झारलुङ, यमखार, हिम, गुइबाङ, रन्मा, घुन्मा, काजरजंग, हुकाम, दमचन, खोरे, ताँतु,<br>सिस्नेगाउँपालिकाका ठूलो सिस्ने, पाखापानी,लाम्पाखा, ओख्रेन, भट्टेचौर, मर्पे, धङ्गु, तुवाङ,स्याम्जे<br>भुमे गाउँपालिकाका काँडा सेरवाङ, पञ्चासे, स्याला,रिकुम, लाटापानी, बनबालारिग, च्यारनेटा,चिप्लेगौरा, गाबाङ, तल्लो गाबाङ, भेरीडाडा | पुथा उत्तरगंगा गाउँपालिका मयाङ, अंगाउ लाबाङ, घुम्लिबाङ, तुपा, गोलखाडा, मृगभाल्ने, पानीचौर<br>सिस्नेगाउँपालिकाका लम्पाकोट, झिमखोला,लैपा,किंदा, माथिल्लो दादिङ, खोपीचार, झिङग्री,लम्पाकोटभुमेगाउँपालिकाका खाल्बोट, घङ्घारी, छोबाङ, मछैना, राउटे घरेली , कोइचा. बिस्कुम, मालालुम, हाडी झुम्का, मैबाङ, फल्लेबासी , घोर्नेटी, भैसीलोटे, गहुँकम्द, भेरीडाँडा, थुम्का, सिमचौर स्याला, छहरा, लुमा |
| १३ | लेक लाग्ने | पुथा उत्तरगंगा गाउँपालिका लालपाटन<br><br>सिस्ने गाउँपालिका खारा गुप्ता, माटे बिनिके रिरीवाङ कानखाने गुर्जने बिरी बुगेरी पाथिभरे जाङगेथला पुर्मुली रातामाटा जुजाउ, लसुने | |

## ३.५ प्रकोप विश्लेषण

### ३.५.१ प्रकोप स्तरिकरण

यस जिल्लमा विगतमा भएका र भविष्यमा आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना र जनधनको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोपको सूची तयार गरी बढी क्षति गर्ने प्रकोप पहिचान गरी तपशिल बमोजिम स्तरीकरण गरिएको छ ।

यस जिल्लामा गरिएको विभिन्न विषयगत क्षेत्रहरु, क्षेत्रगत कार्यालय, स्थानिय सरकारका प्रतिनिधहरु तथा विभिन्न गैर सरकारी संस्थाहरुको सहभागितात्मक छलफलको आधारमा विशेष गरी भुकम्प, पहिरो, बाढी, आगलागी, हावाहुरी, चट्याङ, महामारी, खडेरी, हिमपात, असिना, कृषि तथा पशुपंक्षिमा लाग्ने रोग, सडक दुर्घटना, तुषारो, जंगली जनावरको आतंक लगायतका प्रकोपहरुलाई प्रमुख प्रकोपको रुपमा पहिचान गरिएको छ । नेपाल भूकम्पीय जोखिमको हिसावले ११ औं संकटासन्नता मुलक भएको हुदाँ प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखिएको छ । भुकम्पीय जोखिमको हिसावले यहाँका स्थानीयबासीहरु उच्च संकटासन्न अवस्थामा रहेका छन् । स्तरीकरणबाट प्रकोपहरु पहिचान गर्दा सवैभन्दा उच्च जोखिम भूकम्प, पहिलो दोश्रो र तेस्रो, चौथो, पाँचौ, छैटौं, सातौं, आठौं, नवौं, दशौ, एघारौ र बाहै स्थानमा तलको तालिका बमोजिम जिल्लामा रहेका ३ वटा गाउँपालिका अन्र्गतका सवै वडाको अलग अलग सूचीलाई एकिकृत गरेर जिल्ला भित्र हुने प्रकोपको सूची र स्तरीकरण गरिएको छ ।

वडा स्तरीय प्रकोप स्तरीकरणमा देखिएका प्रकोपहरु:-

| गापा तथा वडा नं | रुकुमपूर्व जिल्ला अन्तरगतका ३ वटै गाउँपालिका अन्तरगतका वडाहरुको प्रकोप तथा यसकोस्तरीकरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौं | छैटौं | सातौं | आठौं | नवौं | दशौं | एघारौं | बाह्रौं |
| सिस्ने १ सिस्ने | भुकम्प | पहिरो | हिमपात | कृषि बालीमा रोग | असिनापानी | आगलागी | महामारी | खडेरी | जैगली जनावारको आतंक | हावाहुरी | बाढी | चट्याङ |
| सिस्ने २ प्वाङ | भुकम्प | पहिरो | आगलागी | हावाहुरी | खडेरी | कृषिबालीमा लाग्ने रोग | बाढी | हिमपात | जैगली जनावारको आतंक | असिनापानी | चट्याङ | तुषारो |
| सिस्ने ३ पोखरा | भुकम्प | पहिरो | कृषि बालीमा लाग्ने रोग | बाढी | असनिापानी | खडेरी | आगलागी | महामारी | हावाहुरी | चट्याङ | | |
| सिस्ने ४ दादिङ | भुकम्प | हावाहुरी | असिनापानी | पहिरो | खडेरी | महामारी | आगलागी | हिमपात | जैगली जनावारको आतंक | चट्याङ | तुषारो | |
| सिस्ने ५ टाकुरा | भुकम्प | पहिरो | कृषि बालीमा लाग्ने रोग | खडेरी | हावाहुरी | असनिापीी | महामारी | सडक दुर्घटना | आगलागी | ज्रगली जनावरको आतंक | चट्याङ | तुषारो |
| सिस्ने ६ रुकुमकोट | भुकम्प | पहिरो | कृषि बालीमा लाग्ने रोग | खडेरी | हावाहुरी | असनिापीी | महामारी | सडक दुर्घटना | ज्रगली जनावरको आतंक | चट्याङ | तुषारो | आगलागी |
| सिस्ने ७ नाथीगाड | भुकम्प | पहिरो | कृषि बालीमा लाग्ने रोग | महामारी | हावाहुरी | बाढी | असिनापानी | सडक दुर्घटना | तुषारो | आगलागी | चट्याङ | खडेरी |
| सिस्ने ८ स्यालापाखा | भुकम्प | पहिरो | कृषि बालीमा लाग्ने रोग | महामारी | हावाहुरी | बाढी | असिनापानी | सडक दुर्घटना | तुषारो | आगलागी | चट्याङ | खडेरी |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूमे १ लुकुम | भुकम्प | बाढी पहिरो | हिमपात | कृषिबालीमा रोग | आगलागी | चट्याङ | माहामारी | हावाहुरी | खडेरी | तुषारो | | |
| भूमे २ काँक्री | भुकम्प | बाढी पहिरो | हिमपात | कृषिबालीमा रोग | आगलागी | चट्याङ | माहामारी | हावाहुरी | खडेरी | तुषारो | | |
| भूमे ३ मोराबाङ | भुकम्प | बाढी पहिरो | हिमपात | कृषिबालीमा रोग | माहामारी | हावाहुरी | सडक दुर्घटना | तुषारो | खडेरी | ज्रगली जनावरको आतंक | चट्याङ | आगलागी |
| भूमे ४ काँडा | भुकम्प | बाढी पहिरो | हिमपात | कृषिबालीमा रोग | सडक दुर्घटना | चट्याङ | माहामारी | हावाहुरी | खडेरी | तुषारो | खडेरी | आगलागी |
| भूमे ५ सेराबाङ | भुकम्प | बाढी पहिरो | हिमपात | कृषिबालीमा रोग | आगलागी | चट्याङ | माहामारी | हावाहुरी | खडेरी | तुषारो | खडेरी | |
| भूमे ६ | भुकम्प | बाढी पहिरो | कृषिबालीमा रोग | हावाहुरी | माहामारी | आगलागी | चट्याङ | खडेरी | असिनापानी | हिमपात | तुषारो | |
| भूमे ७ | भुकम्प | बाढी पहिरो | कृषिबालीमा रोग | चट्याङ | माहामारी | हावाहुरी | खडेरी | असिनापानी | हिमपात | जंगली जनावरको आतंक | तुषारो | |
| भूमे ८ | भुकम्प | बाढी पहिरो | कृषिबालीमा रोग | चट्याङ | माहामारी | हावाहुरी | खडेरी | असिनापानी | हिमपात | जंगली जनावरको आतंक | तुषारो | |
| भूमे ९ चुनवाङ | भुकम्प | बाढी पहिरो | कृषिबाली रोग | चट्याङ | हावाहुरी | आगलागी | माहामारी | खडेरी | तुषारो | असिनापानी | | |
| पुथा १ | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | कृषिबालीमा रोग | असिनापानी | तुषारो | चट्याङ | |
| पुथा २ | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | कृषिबालीमा रोग | असिनापानी | तुषारो | चट्याङ | |
| पुथा ३ | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | कृषिबालीमा रोग | असिनापानी | तुषारो | चट्याङ | |
| पुथा ४ | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | कृषिबालीमा रोग | असिनापानी | तुषारो | चट्याङ | |
| पुथा ५ | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | कृषिबालीमा रोग | असिनापानी | तुषारो | चट्याङ | |
| पुथा ६ | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | कृषिबालीमा रोग | असिनापानी | तुषारो | चट्याङ | |
| पुथा ७ | भुकम्प | बाढी पहिरो | कृषिबालीमा रोग | खडेरी | आगलागी | हावाहुरी | महामारी | असिनापानी | हिमपात | तुषारो | चट्याङ | |
| पुथा ८ | भुकम्प | बाढी पहिरो | कृषिबालीमा रोग | खडेरी | आगलागी | हावाहुरी | महामारी | असिनापानी | हिमपात | तुषारो | चट्याङ | |
| पुथा ९ | भुकम्प | बाढी पहिरो | कृषिबालीमा रोग | खडेरी | आगलागी | हावाहुरी | महामारी | असिनापानी | हिमपात | तुषारो | चट्याङ | |
| पुथा १० | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | असिनापानी | कृषि बालिमा रोग | तुषारो | चट्याङ | सडक दुर्घटना |
| पुथा ११ | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | असिनापानी | कृषि बालिमा रोग | तुषारो | चट्याङ | सडक दुर्घटना |
| पुथा १२ | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | असिनापानी | कृषि बालिमा रोग | तुषारो | चट्याङ | सडक दुर्घटना |
| पुथा १३ | भुकम्प | बाढी पहिरो | हिमपात | आगलागी | महामारी | खडेरी | हावाहुरी | असिनापानी | कृषि बालिमा रोग | तुषारो | चट्याङ | |

| पुथा १४ | भुकम्प | बाढी पहिरो | कृषिबालीमा रोग | हावाहुरी | महामारी | खडेरी | असिनापानी | तुषारो | चट्याङ | आगलागी | जंगली जनावरको आतंक | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

**श्रोत**: पूनरावलोकन कार्यदल संगको छलफल तथा स्थानिय विपद् जलवायु उत्थानशिल योजना भुमे गा पा तथा सिस्ने गा पा।

### ३.५.२ प्रकोपको मूल कारण, प्रभाव पार्ने क्षेत्र तथा सम्भावित समाधानका उपायाहरु

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७५) को अनुसूची ५ (४) अन्तर्गत प्रकोप जोखिम तथा सामाजिक श्रोत नक्साङ्कन, जोखिम र समस्या विश्लेषण खाका, संस्थागत विश्लेषण तथा सम्बन्ध चित्र, तापक्रम वा वर्षाको विश्लेषण, लक्षित समूह छलफल भु–उपयोग जोखिम विशलेषण लगायतका औजारहरुको सहयोगले मुख्य समस्या वा प्रकोप, प्रकोपको कारण, प्रभाव र जोखिम न्युनीकरणका लागि पहिचान भएका उपायहरु प्रकोप विश्लेषण अन्तर्गत राखिएको छ । समग्रमा मुख्य समस्या वा प्रकोपहरुमा वन आगलागी हुन सक्ने, महामारी फैलिन सक्ने, विद्यालय वा समुदायको जमिन तथा संरचना पहिरोले पुरिने, भत्किन सक्ने, बाढीले जमिन कटान हुन सक्ने असिना र हिमपातले बाली नष्ट पार्ने, हावाहुरीले घरटहराका छानाहरु उडाउन सक्ने सम्भावना रहेका छन् । माथि उल्लेखित समस्याहरुको कारण वनजंगल फडानी, वातावरणमैत्री विकास नहुनु, विकाससँगै जोखिम अल्पिकरणका कार्यहरु नगर्नु, प्रकोप तथा जोखिम प्रति सचेत नहुनु, भूकम्प प्रतिरोधी घरसंरचनाहरु निर्माण नहुनु रहेका छन् । मुख्य प्रभाव भनेको नै मानिसको मृत्यु, अंगभंग तथा घाइते हुनु, मनोसामाजिक असर पर्नु, घरसंरचनाहरुमा क्षति पुग्नु, उत्पादनमा ह्रास आउनु, स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्नुं, जीविकोपार्जनको उपायहरुमा असर पर्नु आदि हुन् । यी सवै तथ्यहरुलाई विश्लेषण गर्दा विभिन्न जोखिम न्युनिकरणका उपायहरु पहिचान भएका छन् जसमध्ये मुख्य उपायहरुमा संरचना निर्माणमा प्राविधिकको निरीक्षणमा संरचना निर्माण गरी भूकम्प प्रतिरोधी प्रविधि अंगाल्नु, बाढी तथा पहिरो नियन्त्रणका लागि तटबन्ध निर्माण, चेक ड्यामहरु निर्माण गर्नु, सम्भावित, बाढी तथा भासिन सक्ने जमिनमा संरचना निर्माण नगर्ने, जनचेतना फैलाउनु, वृक्षारोपण गर्नु, वन फडानी रोक्नु, त्यस्तै कृषि तथा पशुमा लाग्ने रोगको लागि जैविक विषादीको प्रयोग, र भ्याक्सिनको व्यवस्था तथा पशु शिविर संचालन गर्ने जस्ता पुर्वतयारी तथा विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्नु, प्रतिकार्य टोलीहरु गठन गरी सक्रिय राख्नु, विकाससँग विपद् व्यवस्थापनलाई मुल प्रवाहिकरण गर्नु आदि रहेका छन् । प्रकोप विश्लेषणको विस्तृत विवरण तलको तालिका मा उल्लेख गरिएको छ ।

| क्र स | प्रकोप वा समस्या | प्रकोपको मूल कारण | प्रभाव पर्ने क्षेत्र | सम्भावित समाधानका उपायाहरु |
|---|---|---|---|---|
| १ | भूकम्प | पृथ्वी भित्र रहेका ठूला प्लेटहरुको गतिशलिता तथा एकआपसमा ठोकिएर | ठूलो धनजनको क्षति, पूर्वाधार तथा सामाजिक संरचनाहरुमा क्षति, आर्थिक संकट तथा मानशिक असर, प्राचिन पुरातात्वीक सम्पदाहरुमा क्षति, विस्थापित तथा वसाईसराई, व्यक्ति तथा राज्यलाई दिर्घकालिन आर्थिक भार, जिविकोपार्जनमा असर, रोग तथा महामारी ल्याउन सक्ने | पूर्व तयारी तथा प्रतिकार्यमा जोड, भवन आचारसंहिताको पालना गरी भूकम्प प्रतिरोधी भवन तथा पूर्वाधारहरु निर्माण गर्ने, चेतनामूलक कार्यहरु संचालन गर्ने, सुरक्षित स्थानको छनौट गर्ने, आकस्मिक कोषको स्थापना, वातावरणमैत्री दिगो विकासमा जोड, सिमुलेशन मक ड्रिलको अभ्यास गर्ने, तालिम प्राप्त दक्ष जनशक्ति तयार गर्ने, स्वास्थ्य संस्था सवलिकरण गर्ने, औषधी तथा अत्यावश्यक सामग्रीहरुको पूर्व भण्डारण गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २ | बाढी | नदीको मुहान फुट्नु, अतिवृष्टी, खोला तथा नदीहरु साँघुरीदै जानु, कमजोर भुवनोट, आगलागि,वनजंगलको फडानी, अव्यवस्थित तथा जोखिमपूर्ण वसोवास | वर्षेनी सयौ घरहरु अन्नपात, खेतीयोग्य जमिन डुवानमा पर्नु, ठुलो मात्रामा जनधनको क्षती हुनु, आर्थिक अवस्था कमजोर हुदै जानु, मानसिक तनाव वढ्नु, स्वास्थ्यको अवस्था कमजोरहुदै जानु, रोग तथा महामारी फैलिनु | नदीको मुहानलाई बलियो बनाउने, नदीमा तारजाली तथा तटबन्ध लगाउने, खोला तथा नदी वरीपरी रहेको खाली जमिनमा वृक्षारोपण गर्ने, सुरक्षित आवास घोषणाका आधारमा बसोबास व्यवस्थापन गर्ने, नालिको निर्माण तथा ब्यवस्थापन, औषधी तथा अत्यावश्यक सामग्रीहरुको पूर्व भण्डारण गर्ने। |
| ३ | आगलागी | आगलागीलाई सामान्य रुपमा लिने, जथाभावि आगो बाल्नु, चुरोटका ठुटा फाल्नु, प्रज्वलनशिल सामाग्रीहरु केटाकेटीहरुको पहुँचमै राख्नु, विजुली वत्ती जडान गर्दा ध्यान नपुर्याउनु, सुख्खा मौसम, हुरीवतास, लापरवाही वा असावधानी, अव्यवस्थित वस्ती तथा खरको छानाको प्रयोग गर्नाले, आगलागी सम्बन्धी ज्ञानको कमी | जनधन तथा पशुपंक्षीको क्षति, प्राकृतिक स्रोत साधनको क्षति, आर्थिक तथा मानसिक असर, खाद्य अप्रयाप्तता, वातावरण प्रदुषण हुने, जलवायु परिवर्तनको कारक तत्व, बाढी तथा पहिरो जाने, पानीका मुहान सुक्ने। | जनचेतना अभिवृद्धि गर्ने, वस्तीलाई आगलागीबाट सुरक्षित राख्नको लागि पोखरी तथा कुवाहरु निर्माण गर्ने, सुरक्षित वसोवास निर्माण गर्ने, फुसको छानाहरुलाई विस्तारै विस्थापन गदै जाने,,मुहान, सिंचाई नहर तथा पोखरी, दह हरु संरक्षण गर्ने, अग्नी रेखाको निर्माण गर्माण गर्ने, फायर बलहरुको ब्यवस्थापन। |
| ४ | हावाहुरी | सुख्खा मौसम, वनजंगल फडानी, कमजोर पुर्वाधार निर्माण, जलवायू परिवर्तन | घरका छानाहरु उडाउनु, बालीनाली नष्ट हुने, खाद्य असुरक्षा वा अभाव, आर्थिक असर तथा गरिबी वढ्नु, मानसिक प्रभाव, धनजनको क्षति हुने | चेतनामूलक कार्यलाई वढाउने, घरका छानाहरुलाई वलियो तरिकाले राख्ने व्यवस्था गर्ने, खुल्ला ठाउँमा घर वनाउदा वरीपरी हावा छेक्ने खालका वोटविरुवाहरु रोप्ने, हावापनी अनुसारको खेती प्रविधि अंगाल्ने। |
| ५ | पहिरो | अव्यवस्थित सडक तथा पूर्वाधार निर्माण कार्य, वन विनास, आधुनिक मेसिनको अन्धाधुन्दा प्रयोग, कमजोर भुवनावट, भिराले जमिन, अतिवृष्टि, खुल्ला चरिचरण, वनजंगल फडानी, संरचनाबाट पानीको चुहावट | प्राकृतिक श्रोत साधनको क्षति, सामाजिक खलबल, धनजनको क्षती तथा आर्थिकअसर, खेतीयोग्य जमिनको नास, पानीको श्रोत जस्तो मुल पुरिनु, घर तथा वस्तीहरु जोखिममा पर्नु। | वयोइएन्जिनियरिङ विधि अंगाल्ने, जोखिम क्षेत्रमा वाल लगाउने, विरुवा रोप्ने , जनचेतना फैलाउने, वनफडानी तथा खुला चरिचरण नियन्त्रण गर्ने, खाली जमिनमा वृक्षारोपण गर्ने, जोखिम क्षेत्रमा रहेको वस्ति स्थानान्तरण गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| ६ | चट्याङ | मैसमी प्रभाव, जलवायु परिवर्तन हुनु | साना साना बालबालिकाहरु डराएर एक्लै वस्न नसक्ने, मानिस तथा पशुवस्तुहरुको मृत्यू हुनु, बोटविरुवाहरुमा नोक्सानी हुने, आगलागी हुने | घरहरु बनाउँदा चट्याङ्गले असर नगर्ने प्रविधिहरुको प्रयोग गर्ने, चट्याङ पर्ने जस्तो बातावरण देखिएमा खुल्ला ठाउँमा नवसी घरमा नै वस्ने, अर्थिगं प्रयोग गर्ने, चट्याङ पर्ने समयमा जोखिम ठाउँमा नवस्ने। |
| ७ | महामारी | वातावरण प्रदुषण, चर्पीको समुचित प्रयोग नहुनु, सरसफाइएमा उचित ध्यान नदिनाले, फोहोर पानी तथा वासी सडेगलेका खानेकुरा खानाले, असुरक्षित सम्पर्कका कारण | ज्यान जान सक्ने, विरामी पर्नु, आर्थिक, समाजिक तथा मानसिक असर, स्वास्थ्यमा दिर्घकालिन असर, उत्पादनको समयमा विभिन्न विषादीहरुको प्रयोग। | सरसफाईमा विषेश ध्यान दिने, विभिन्न चेतनामुलक अभियानहरु संचालन गर्ने, विषदीको प्रयोगमा कमी ल्याउने, व्यवस्थित तथा सुरक्षित खानेपानीको प्रयोग, चर्पीको उचित प्रयोग, अस्पताल, स्वास्थ्यचौकीको सवलिकारण गर्ने, औषधि तथा दक्ष स्वास्थ्यकर्मीको पूर्व तयारी। |
| ८ | खडेरी | समयमा पानी नपर्ने, वन जंगलको विनास हुनु, जलवायू परिवर्तन हुनु | उत्पादनमा कमी भै खाद्य असुरक्षा हुने, कुपोषण दरमा बृद्धि, आर्थिक आस्थामा असर, वसाईमा प्रभाव, जग्गा जमिन बाझै हुने, व्यक्तिका साथै देशको आर्थिक अवस्था कमजोर हुनु, आगलागी हुन सक्ने, जैविक विविधतमा असर। | वृक्षारोपण गर्ने, वन जंगलको संरक्षण गर्ने, उन्नत तथा खडेरी सहन सक्ने जात वा छिटो पाक्ने  बालीहरु लगाउने, पानीका मुहानहरुको संरक्षण गर्ने, आकासेपानी संकलनको व्यवस्था गर्ने, सिंचाई योजनाहरु संचालनमा ल्याउने, वेमौसमी खेती प्रणलीलाई वढावा दिने, पोखरीहरु निर्माण तथा संरक्षण गर्ने, जुठेल्नाको पानी उपयोग गर्ने, थोपा सिंचाइए प्रविधिको अवलम्बन गर्ने। |
| ९ | कृषिबालीमा रोग किरा | रैथाने बालीहरुको विउ नलगाएर अन्य विउको भरपर्नु पर्ने, कृषिमा आधुनिकीकरण नहुनु, एकै जातको विउको प्रयोग हुनु, रासायनिक मल तथा किट्नासक औषधी को अब्यवस्थित प्रयोग | बालीनाली नष्ट हुने, उत्पादकत्वमा ह्रास, खाद्यय असुरक्षा, कुपोषण, आर्थिक तथा सामाजिक असर बढ्नु, कृषिमा वितृष्ण बढ्नु, स्वास्थ्यमा प्रतिकुल असर पर्नु, | जैविक विषादी प्रयोग गर्ने, एकिकृत शत्रु जिव प्रविधिको प्रयोग गर्नु, हरेक वडामा कृषि प्राविधिकको ब्यवस्था गर्ने, माटो परिक्षण गरि सोही बमोजिम उपयुक्त खेती गर्ने, खेतीमा क्षेती पुनलाभका लागि कृर्षि बिमा लाई प्रभावकारी लागु गर्ने, हाइब्रिड वीउ लगाउदा सकेसम्म निश्चित स्थानमा परिक्षण गरेर मात्र किसानलाई विउ बितरण गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| १० | पशुपंक्षिमा राग्ने रोग | पशुहरुको उचित आहार र गोठ तथा भकारो ब्यवस्थापन नहुनु, पशुपालन सम्बन्धमा प्रयाप्त ज्ञानको अभाव, हाडनातामा प्रजनन हुनु, सरसफाइमा कमी, समयमा भ्याक्सिनेसन तथा चेक अप गराउँने प्रचलन नहुनु, दक्ष पशुप्राविधिकको कमी। | पशु धनको क्षेती, पोषणमा प्रभाव, आर्थिक उपार्जनमा कमी, कृषकहरुको जोस तथा जाँगरमा ह्रास हुने, वातावरण तथा मानव स्वास्थ्यमा असर पर्न जाने, कृषकहरु व्यवसायिक बन्न नसक्ने, बैदेशिक पलायन हुने, गरिबी बढ्ने। | पालिकाको विभिन्न स्थानको सम्भाब्यताका आधारमा पशुपालनको योजना तयार गर्ने, पशुपालक किसानलाई पशु विमा गर्ने ब्यवस्था गर्ने, हरेक वडामा पशु प्राविधिक तथा आतयावश्य प्रविधि तथा औषधीको व्यवस्थापन गर्ने, पशुपालक किसानका लागी अधारभुत तालिमको ब्यवस्था गर्ने, आधुनिक पशुपंक्षिपालन सम्बन्धि ज्ञान दिने, पशु आहारका साथै सुधारिएको खोर गोठ तथा भकारोमा जोड दिने, उन्नत नश्ल सुधारका लागि आवश्यक सहयोग गर्ने। |
| ११ | हिमपात | प्राकृतिक घटना, मौसमी परिवर्तन | चिसो बढ्ने भएकोले मानिस तथा पशुवस्तुहरुको स्वास्थ्यमा समस्या आउनु, मानिसहरुको ज्यान जान,बालीनाली नष्ट हुने दैनिक मजदुरी गरी खाने वर्गलाई खानाको जोहो गर्न समस्या हिमपहिरो जाने, दैनिक जनजिवन कष्टकर हुने, सरसफाइएमा बाधा हुने। | जाडो महिनामामा बाक्लो लुगाहरु लगाउने ,दाउराहरु जम्मा गरि राख्ने, विपन्न परिवारका सदस्यहरुलाई उनिहरुको आवश्यक्ता बमोजिम सहयोग गर्ने ँसाना बालबालिकह, वृद्धवृद्धाहरुलाई घरमै तातो लुगा लगाएर आगो तापेर बस्न लगाउने, मौसमका अनुमान गरि काममा जाने, बेमौसमी खेतीमा जोड दिने, चिसो संग सम्बन्धित औषधी तथा उपचारको पूर्व तयारी गर्ने। |
| १२ | असिनापानी | प्राकृतिक घटना, मौसमी परिवर्तन | बालीनाली तथा धन जनमा क्षति, आर्थिक अवस्था कमजोर हुने, खाद्य असुरक्षा बढ्ने, बाढी तथा पहिरो जाने, बनजंगल तथा बोटविरुवामा क्षति हुने। | असिना पर्ने समय भन्दा अगाडि नै थन्कयाउन सकिने बालीहरु लगाउने, बेमौसमी तरकारी खेती तथा सम्भव भए सम्म प्लाष्टिक टनेलहरु निर्माण गर्ने, बाली विमा तथा पशु विमामा जोड दिने, मौषम पूर्वानुमान सम्बन्धि सूचना सुन्ने र सोही बमोजिम काम गर्ने |

## ३.६ स्थानीय तहहरुमा श्रोत साधन मापनको अवस्था:

स्थानीय सरकार संचालन ऐन २०७४, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्युनिकरण कार्यविधि २०७२ बमोजिम स्थानिय तहहरुमा पनि पूर्व तयारीका अभ्यासहरु सुरु भएको छ। सिस्ने गाउँपालिका र भूमे गाउँपालिकाले **UNFPA** को आर्थिक तथा प्राविधिक सहयोग सहयोगमा र नेपाल रेडक्रस सोसाईटी केन्द्रिय कार्यालयको समन्वय तथा सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना यसै आ. व. मा सम्पन्न भएको छ। बनाइ सकिएको योजनालाई कार्यान्वयनमा ल्याउनुपर्ने र नियमित अध्यावधिक गर्नुपर्ने आवश्यक्ता छ। सबै स्थानीय तहमा खुला तथा सुरक्षित क्षेत्रहरु पहिचान गरेतापनि उक्त स्थानहरुमा आवश्यक पर्ने सेवा सुविधा विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ र सुरक्षित क्षेत्रहरु हुँदाहुँदै पनि पहिचान नगरिदा बिपद्को समयमा प्रभावित परिवारहरुलाई ब्यवस्थापन गर्न चुनौतिपूर्ण हुँदै गएको छ। स्थानीय तहले विपद् मा प्रयोग गर्न सकिने औजार तथा उद्दारका केही सामान्य औजारहरु स्टेचर, केही खोज तथा उद्दारका सामग्रीहरु, अग्नी नियन्त्रण सामग्री लगायतका आधारभूत सामग्री भण्डारण गरेतापनि सहज ढंगले घटना स्थालसम्म व्यवस्थापन गर्न कठिनाई देखिन्छ तसर्थ वडा स्तरमा भएको कार्यदल, खोज तथा उद्दार टोली लाई अत्यावश्यक तालिम तथा सामग्रीहरु व्यवस्थापन गर्न जरुरी छ। जसले गर्दा समयमा नै प्रभावितहरुको ज्यान बचाउन मद्दत गर्छ। यद्यपी जिल्लामा सबै स्थानीय तहले विपद् व्यवस्थापन समिति गठन सम्म गरेको र विपद् मा प्रयोग गर्न सकिने गरी विपद् ब्यवस्थापन कोषहरु स्थापना गरेका छन्। यो जिल्ला नयाँ र कान्छो जिल्ला भएकाले पनि **DEOC** संचालनमा आउँन सकेको छैन। नेपाल रेडक्रस सोसाइटीको जिल्ला तदर्थ समिति मात्र बनेता पनि आपतकालिन राहत वितरणका काम भने गर्दै आईरहेको छ। यसलाई जिल्लाभर सक्रिय बनाउँन पनि आवश्यक देखिएको छ। **UNFPA/UMN/NPAF** लगाएतका अन्तराष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाहरुले **COVID-19** को व्यवस्थापनका लागि स्थानिय तह संग हातेमालो गर्दै आवश्यक सहयोग गदै आईरहेका छन्।

| क्र सं | स्थानिय तह | विपद् पूर्व तयारी योजना | खुलाक्षेत्र/सुरक्षित स्थान पहिचान तथा व्यवस्थापन | विपद्का न्यूनतम औजार भण्डारण | विपद् ब्यवस्थापन समिति | विपद् ब्यवस्थापन कोष |
|---|---|---|---|---|---|---|
| १ | सिस्नेगाउपालिका | छ | पहिचानमात्र गरिएको | छ | छ | छ |
| २ | भूमेगाउँपालिका | छ | पहिचानमात्र गरिएको | छ | छ | छ |
| ३ | पुथाउत्तरगंगा गाउँपालिका | छैन | पहिचानमात्र गरिएको | छ | छ | छ |
| *जिल्लामा माथि उल्लेख भए बमोजिमका संरचनाहरु स्थापना गरिएको भएपनि प्रभावकारी रुपमा परिचालन र कार्यान्वियन हुन सकेका छैनन्।* | | | | | | |

## ३.७ आपतकालिन अवस्थामा खोज तथा उद्धारका लागि तयार गरीएका हेलीप्याडहरुको विवरण

**पूथा उत्तरगंगा गाउँपालिका:** हुकाम रिसल्लामा रहेको हेलीप्याड, तकमा रहेको खेलमैदान (आवश्यक परेमा)
**भूमे गाउँपालिका:** महतको ठाँटीडाँडामा रहेको हेलीप्याड
**सिस्ने गाउँपालिका:** गाउँपालिकाको कार्यालय माथी पट्टी रहेको हेलीप्याड, आवश्यक परेमा पोखराको खेलमैदान मूलपानी

## ३.८ स्वास्थ्य सेवा कार्यालयहरु

| क्र स | विवरण | संख्या |
|---|---|---|
| १ | जिल्ला अस्पताल | १ |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र | १ |
| ३ | स्वास्थ्य चौकी | १५ |
| ४ | सामुदायिक स्वास्थ्य ईकाई | १५ |
| | जम्मा संख्या | ३२ |

**श्रोत:** जिल्ला स्वास्थ्य कार्यालय रुकुम, (रुकुम पूर्व)

## ३.९ हाल COVID-19 को व्यवस्थापनका लागि तयार गरीएका क्वारेन्टिन तथा आईशोलेशन सेन्टरहरुको विवरणः

**क्वारेन्टिनः** पुथा गाउपालिकामा २८, सिस्ने गाउपालिकामा  र भूमे गाउँपालिकामा वटा  गरी जम्मा २९ वटा (विद्यालय, सामुदायिक भवनहरु) ५९१ वेड क्षमताको।

**आईसोलेशनः** २० सैयाको जिल्ला अस्पताल हाता भित्र रहेको भवनमा र ५० सैंया पुर्याउँने तयारी रहेको।

## ३.१० जिल्लाको सम्बन्ध चित्र

विपद् पूर्वको पूर्वतयारी, रोकथाम र अल्पीकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात्को पुर्नस्थापना र पुनर्निमार्ण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी तथा गैर सरकारी निकाय, सामाजिक संघसंस्था, बैंक, वित्तीय तथा सहकारी संस्था, स्वास्थ्य, सुरक्षा निकाय र अन्य मानवीय सेवा प्रदायक संघसंस्था आदिको उपलब्धता, पहुँच तथा सम्बन्धको विश्लेषण यस संस्थागत चित्रबाट गरिएको छ। यस औजारको प्रयोगबाट समुदायले विपद् तथा जलवायू उत्थानशिलताका सम्बन्धमा सामाजिक तथा सार्वजनिक निकाय सम्मको पहुँच देखाउन खोजिएको छ।

यस सम्बन्ध चित्रमा समुदाय तथा संघसंस्था बीचको दोहोरो सम्बन्धलाई दुवैतिर तिर भएको रेखाले देखाइएको छ। विशेषगरी जिल्लाका विषय क्षेत्र संग सम्बन्धित कार्यालयहरु, गाउँपालिका तथा तिनका ईकाई तथा शाखाकार्यालयसँग वलियो सम्बन्ध रहेको पाइएको छ। विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि पहिचान भएका यी संघसंस्था वा निकायहरुबाट मुख्य रुपमा जनचेतना,  पूर्वतयारी प्रतिकार्य राहत वितरण, आपतकालिन शिक्षा, कृतिम घटना अभ्यास, खोज तथा उद्धार, भुकम्प प्रतिरोधी संरचना निर्माण गर्ने जस्ता सहयोगहरु जिल्ला विपद् व्यवस्थापन समितिको सल्लाह सुझाव सहयोगमा समुदायले प्राप्त गर्नेछन्। संस्थागत




विश्लेषण वा सम्बन्ध चित्रको विस्तृत विवरण तथा विश्लेषण तल समावेश गरिएको

# परिच्छेद-४

## ४. क्षेत्रगत प्रतिकार्य योजना

### ४.१ विषयगत क्षेत्रको परिचय (Introduction of Cluster Approaches)

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारिताका लागि राष्ट्रिय, प्रदेश र जिल्लास्तरमा विषयगत क्षेत्रहरू को नेतृत्वदायी निकाय र स्थानीय तहहरुमा रहने क्षेत्रगत ईकाइहरुलाई आधार मानेर कार्य विभाजन गरिएको छ। यस अवधारणाको कार्यान्वयन गर्न जिल्ला स्तरका लागि वर्तमान समयमा चुनौति देखिए स्थानीय तह र सो अन्तर्गत रहने बिषयगत ईकाइहरुको पनि कार्य विभाजनको स्वरुपलाई स्वीकार गर्दा प्रभावकारिता र जिम्मेवारी बोध हुने भएकोले जिल्ला स्तरमा रहने विषय क्षेत्रगत कार्यालयहरुले आ–आफ्नो क्षेत्रगत अवधारणालाई स्वीकार गर्ने र स्थानीय तहले समेत यस अवधारणालाई लागु गर्नुपर्ने छ। अन्तर्राष्ट्रिय स्तरबाट मान्यता प्राप्त क्षेत्रगत अवधारणाका विशेषता निम्नअनुसार रहेका छन्ः

- ठूलो विपद्को अवस्थामा सक्रिय रहने भए पनि क्षेत्रगत अवधारणाले स्थानीय तहदेखि समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ।
- प्रतिकार्य प्रक्रियामा विशेषज्ञताको उपयोग गर्ने भूमिका निर्वाह गर्छ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवार र उत्तरदायी बनाउने कार्यलाई निश्चित गर्छ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यस अनुरूप सहयोगको खाका तयार गर्छ।
- प्रतिकार्यमा देखिएका कमिकमजोरीको निराकरण गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकतानुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ।
- विशेष ***संकटासन्न समूहहरु*** अपांगता भएका ब्यक्तिहरु, महिला, किशोरी, बालबालिका, एकल महिला, जेष्ठ नागरिक, सुत्केरी तथा गर्भवती महिला, अपांगता भएका व्यक्तिहरु,लैंगिक अल्पसंख्यक आदिलाई विशेष प्राथमिकतामा राखी प्रतिकार्यका गतिबिधिहरुलाई अगाडी बढाईनेछ।
- सबै स्थानीय तहमा नेतृत्व गर्ने ईकाइ हुने भएकोले वास्तविक प्रभावितको लेखाजोखा हुने, समयमा नै पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरुलाई कार्यान्वयनमा ल्याई मानवीय सेवा कार्यमा छिटो र सहज हुने छ।

क्षेत्रगत नेतृत्व गर्ने निकायहरुको मुख्य कार्यहरु-

- ✍ मुख्य साझेदारहरुको पहिचान,
- ✍ कार्यक्रम कार्यान्वयनमा समन्वय,
- ✍ आवश्यकता पहिचान, कार्ययोजना निर्माण तथा रणनीति तय,
- ✍ नीति, कार्यनीति तथा मापदण्डको कार्यान्वयन,
- ✍ अनुगमन तथा प्रतिवेदन,
- ✍ श्रोत परिचालन तथा वकालत,
- ✍ नागरिक समाज तथा सरकारी संयन्त्रलाई प्रशिक्षण तथा क्षमता विकास,
- ✍ अन्य क्षेत्रसँग समन्वय,

उद्देश्य

क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्य निम्न अनुसार रहेका छन्।

- ✍ जिल्ला तथा स्थानीय तह मार्फत क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु।
- ✍ स्थानीय तह र जिल्लास्तरमा आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरुलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु।
- ✍ क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि स्थानीय तहहरुले नै पूर्वतयारी तथा प्रतिकार्यका लागि योजना निर्माण गरि विशेषज्ञ परिचालन गर्नु।
- ✍ समुदाय, स्थानीय तह, जिल्ला, प्रदेश र केन्द्रबीच समन्वय र समझदारी अभिवृद्धि गर्नु।
- ✍ स्थानीय तह र क्षेत्रगत नेतृत्व गर्ने निकायहरुबीच क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु।

**जिल्लास्तरमा सक्रिय रहने क्षेत्रगत नेतृत्वहरु**(Cluster Lead)

विपद्को समयमा मानवीय सहयोगलाई प्रभावकारी बनाएर विपद् प्रभावितहरुको जीवन रक्षाका लागि जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य गरी जिल्ला स्तरमा निम्नानुसार क्षेत्र निर्धारण र काम गर्ने गरी २०६८ मा क्षेत्र विभाजन गरिएको हो। जसलाई अहिले जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ लाई अद्यावधिक गरी परिमार्जन गर्ने काम गरिएको छ। केही विषयगत कार्यालयहरु स्थानीय तहमा समायोजन भएको हुँदा बिगत बर्षहरुमा भएका विषयगत क्षेत्रहरुको नेतृत्व स्थानीय तहमा नै शुरु गर्नुपर्ने देखिन्छ।

जिल्ला स्थित विषय क्षेत्रगत अगुवा तथा सहयोगी संस्थाको सूची यसप्रकार रहेको छ:-

| सि न | बिषयगत क्षेत्र | अगुवा संस्था | सहयोगी निकाय तथा संस्थाहरु | |
|---|---|---|---|---|
| १ | सूचना संकलन, समन्वय, खोज तथा उद्दार | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना | सिस्ने गाउँपालिका |
| | | | जिल्ला प्रहरी कार्यालय | भूमे गाउँपालिका |
| | | | सशस्त्र प्रहरी वल, नेपाल | पुथा उत्तरगंगा गाउँपालिका |
| | | | राष्ट्रिय अनुसन्धान कार्यालय | राजनैतिक दलहरु |
| | | | जिल्ला समन्वय समिति | गैर सरकारी संस्था महासंघ (हाल छैन) |
| | | | नेपाल रेडक्रस सोसाइटी | उद्योग बाणिज्य संघ |
| | | | पत्रकार महासंघ नेपाल (हाल छैन) | सामुदायिक वन उप महासंघ |
| २ | खाद्य, कृषि तथा अपुर्ति ब्यवस्थापन | एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय | शोभा खाद्यान्न डिपो कार्यालय, रुकुम | निर्माण ब्यवसायी संघ |
| | | | स्थानीय तहका कृषि तथा पशु विकास शाखा | यातायातसमितिहरु |
| | | | वन डिभिजन कार्यालय | अन्य सरकारी तथा गैर सरकारी कार्यालयहरु |
| ३ | आपतकालिन शिविर आवास तथा गैर खाद्य ब्यवस्थापन | सडकपुर्वाधार विकास कार्यालय | नेपाल रेडक्रस सोसाइटी | डिभिजन वन कार्यालय |
| | | | जिल्ला प्रशासन कार्यालय | स्थानीय तहहरु |
| | | | नेपाली सेना | राजनैतिक दलहरु |
| | | | नेपाल प्रहरी | सामुदायिक वन उप महासंघ |
| | | | सशस्त्र प्रहरी वल, नेपाल | स्थानीय तहका बिद्यालयहरु |
| | | | शिक्षा बिकास तथा समन्वय इकाई | गैर सरकारी संस्थाहरु |
| | | | स्वस्थ्य कार्यालय | सडक पूर्वाधार विकास कार्यालय |
| ४ | स्वस्थ्य तथा पोषण | जिल्ला स्वास्थ्य कार्यालय | स्थानीय तहको सम्वन्धित शाखा | संयुक्त राष्ट्रसंघिय जनसंख्या कोष (UNFPA) |
| | | | एकिकृत कृषि तथा पशुपंक्षि विकास कार्यालय | जिल्ला स्थित सरोकारवाला गैर सरकारी संघ संस्थाहरु |
| | | | सरकारी तथा गैर सरकारी कार्यालयहरु | |
| ५ | खानेपानि सरसफाइ तथा स्वच्छता | जलस्रोत, सिंचाइ विकास तथा सव डिभिजन कार्यालय | जिल्ला समन्वय समिति | शिक्षा विकास तथा समन्वय इकाई |
| | | | स्थानीय तहको सम्वन्धित शाखा | सरोकारवाला गैर सरकारी संघ संस्थाहरु |
| | | | स्थानीय तहको सम्वन्धित शाखा | स्वास्थ्य कार्यालय |
| | | | नेपाल रेडक्रस सोसाइटि | खानेपानी तथा सरसफाइ सम्पर्क कार्यालय |
| ६ | सामाजिक सुरक्षा तथा | सम्वन्धित स्थानीय तहको | जिल्ला प्रहरी कार्यालय | स्थानीय तहको सम्वन्धित शाखा |
| | | | स्वास्थ्य कार्यालय | नेपाल रेडक्रस सोसाइटि |

| | | | | |
|---|---|---|---|---|
| | संरक्षण | महिला तथा बालवालिका इकाई | संयुक्त राष्ट्रसंघिय जनसंख्या कोष (UNFPA) | सरोकारवाला गैर सरकारी संघ संस्थाहरु |
| ७ | शिक्षा | शिक्षा बिकास तथा समन्वय इकाई | स्थानीय तहको सम्वन्धित शाखा | स्वास्थ्य कार्यालय |
| | | | सरोकारवाला गैर सरकारी संघ संस्थाहरु | शिक्षा क्षेत्रमा काम गर्ने गैर सरकारी संघ संस्थाहरु |
| | | | नेपाल रेडक्रस सोसाइटि | नेपालविद्युत प्राधिकरण वितरण केन्द्र |
| ८ | राहत पुनः निर्माण/पुनः स्थापना | जिल्ला समन्वय समिति/स्थानीय तह सवै | स्थानीय तहहरु | नेपाल रेडक्रस सोसाइटि |
| | | | उद्योग बाणिज्य संघ | नेपाली सेना |
| | | | नेपाल प्रहरी | सशस्त्र प्रहरी वल नेपाल |
| | | | घरेलु तथा साना उद्योग बिकास समिति | नेपाल चेम्वर अफ कमर्श |
| | | | सरोकारवाला गैर सरकारी संघ संस्थाहरु | |
| ९ | सूचना बिष्लेषण तथा समन्वय | नेपाल टेलिकम/पत्रकार महासंघ | जिल्ला प्रहरी कार्यालय | रेडियो पूर्वि रुकुम/रुक्मिणि एफ एम |
| | | | स्वास्थ्य कार्यालय | सरोकारवाला सरकारी तथा गैर सरकारी संघ संस्थाहरु |
| | | | नेपाल रेडक्रस सोसाइटि | स्थानीय तहका सम्वन्धित शाखा |
| | | | नेपाल टेलिकम | पत्रकार महासंघ (हाल छैन) |

## क. क्षेत्र (Couster): सूचना संकलन, समन्वय, खोज तथा उद्दार

विपद्को अवस्थामा मानविय र भौतिक क्षती भैरहेको हुन्छ। रुकुम पूर्व जिल्ला खास गरी पहिरो, भूकम्प, बाढी, आगलागी, हिमपात, चट्याङ, खडेरी कृषि तथा पशुपालनमा रोग, महामारी, जंगली जनावरहरुको आतंक जस्ता प्रकोपहरुबाट पिडित रहँदै आएको छ। विपद् संग पूर्वतयारी तथा प्रतकिार्य सम्बन्धि उपयुक्त ज्ञान तथा प्रयाप्त श्रोत नहुँदा यस्ता प्रकारका विपद् बाट वर्षेनी ठूलो धनजनको क्षती हुने गरेको छ। मानव समूदायलाई विभिन्न विपत्तिबाट जोगाउँनु, बचाउँनु राज्यको दायित्व हो। तसर्थ विपद्का समयमा मानविय तथा भौतिक क्षति सकेसम्म कम होस भन्ने उद्धेश्यले विपद्का समयमै सूचना संकलन गरेर खोज तथा उद्दार गर्नु पहिलो प्राथमिकता भित्र पर्दछ। यस कार्यमा तालिम प्राप्त जनशक्तिको व्यवस्था गरी विपद् मा परेकाहरुको उद्दार गर्नु यस समितिको प्रमुख कार्य हो।

**नेतृत्व प्रदान गर्ने निकायः** जिल्ला प्रशासन कार्यालय।

**विपद् सम्बन्धी परिस्थितिः सम्भावित मानवीय तथा भौतिक असर।**

- सार्वजनिक पूर्वाधारहरू (सडक, भवन, पुल, बिद्युत, आपूर्ति, सञ्चार) आंशिक तथा पूर्ण रुपमा क्षति।
- आवास तथा व्यक्तिगत सम्पत्ति आंशिक तथा पूर्ण रूपमा क्षति। बालबालिका, महिला, वृद्ध–वृद्धा, अपाङ्गता भएका ब्यक्तिहरु मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन हुने। प्रजनन स्वास्थय लगाएतका अत्यावश्यक स्वास्थ्य सेवाहरु अवरुद्ध हुन सक्ने।
- विभिन्न किसीमका लैंगिक हिंसाका घटनाहरुमा बृद्धि हुन सक्ने।
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि प्रभावितहरुको चाप बढ्ने।
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य तथा सरसफाई सम्बन्धी समस्याहरु आउन सक्ने।

विस्थापित परिवारहरुलाई अस्थायी आवास सम्बन्धी सहयोग आवश्यक हुने।

**समष्टिगत उद्देश्य** :

- तयारी अवस्थाको अनुगमन गर्नका लागि अनुगमन सम्बन्धी बैठक/खोज तथा उद्दारसम्बन्धी टोलीको गठन, खाद्य सामग्री तथा गैर खाद्य सामग्रीको पहिले नै भण्डारण अन्य क्षेत्रहरूको तयारी गरी सूचना एकिकृत गर्ने।

- प्रकोपको सूचना सही समयमा उपलब्ध गराई समन्वय गर्ने ।
- तीन वटा क (कसले, के, कहिले ढाँचाको विकास र जिल्ला विपद् व्यवस्थापन समितिमा सूचनाको व्यवस्थापन र प्रतिकार्य प्रणालीलाई सहज बनाउनका लागि कार्यक्रमको निर्धारण गर्ने ।
- विपद्को कारणले जीवन जोखिममा परेका व्यक्तिहरु तथा धनसम्पत्तीको खोजी तथा उद्दार गर्ने ।

**मानवीय सहयोगका मापदण्ड (स्फेयर मापदण्ड)**

- विपद्को लगत्तै उपकरण सहित खोजी तथा उद्दार टोली खटाउने ।
- सरोकारवाला सवैलाई समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सबै सुविधाबाट एकदमै वञ्चित समुह, जोखिममा रहेका व्यक्तिहरू लगायत सबैलाई न्यायोचित रूपमा गरिएको उद्दार सामग्रीको वितरण तथा सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।
- पहिलो हप्तामा परिस्थितिका बारेमा दिनदिनै प्रतिवेदन पेश गर्ने र त्यसपछि हरेक दुई हप्तापछि पेश गर्ने ।
- शिविर समन्वय तथा शिविर व्यवस्थापनको अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने (फारम सहितको संयन्त्र ।
- २४ घण्टाभित्र प्रेस विज्ञप्ति जारी गर्ने सूचना प्रकाशन प्रसारण गर्ने सञ्चार माध्यमका लागि समाचार पठाउने र पहिलो हप्तामा हरेक दिन ।
- नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने ।
- घाईते बिरामीहरुको प्राथमिक उपचार तथा मृतकहरुको व्यवस्थापन गर्ने ।
- विपद् मा परेकाहरुलाई समयमै राहत सामग्री वितरण गर्ने ।
- अन्य विषयगत क्षेत्रहरुसंग समन्वय गरी उपलब्ध सूचनाहरुको विश्लेषण गरि कार्यान्वयन गर्ने ।

**विषयगत क्षेत्रका सदस्य संस्थाहरुको सूची, क्षमता तथा स्रोतहरुको नक्सांकन**

| क्र सं | अगुवा र सहयोगी संस्थाहरु | उपलब्ध साधन स्रोत | | | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| | | आर्थिक श्रोत | सामग्री श्रोत | दक्ष मानविय श्रोत | | |
| १ | जिल्ला प्रशासन कार्यालय | ६ लाख | राहात कोष उद्दार सामग्रीहरु | ५ जना | प्रमुख जिल्ला अधिकारी | ९८५७८६७७७७ |
| २ | नेपाल प्रहरी | छैन | उद्दार सामग्री र संचार साधन | ३० जना | प्रहरी नायव उपरिक्षक | ९८५७८९०४८१<br>०८८४१३०५२ |
| ३ | नेपाली सेना | छैन | उद्दार सामग्री र संचार साधन | १ प्लाटुन | सेनानी | ०८८४१३१०३ |
| ४ | सशस्त्र प्रहरी वल | छैन | उद्दार सामग्री र संचार साधन | १ प्लाटुन (३५ जना) | प्रहरी नायव उपरिक्षक | ०८८४१३०९७<br>९८४५८३३९२८<br>९८५२१२५८९७१ |
| ५ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | छैन | सूचना तथ समन्वय | सूचना संकलन | जिल्ला अनुसन्धान अधिकृत | ०८८४१३०८८<br>९८५७८२४४८८ |
| ६ | नेपाल रेडक्रस सोसाइटी | छैन | गैर खाद्य सामग्री अनुसूचीमा उल्लेख गरिएको छ | राहत वितरण | संयोजक/सभापति | ९८५१२३०४२९<br>९८४३७६६३४५ |
| ७ | यातायात समितिहरु | छैन | यातायातका साधनहरु | ढुवानी समिति | प्रमुखहरु | अनुसूचीमा उल्लेख गरिएको छ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | छैन | संचार उपकरण समन्वय उददार सामग्री | ४ जना | | |

**आपतकालीन परिस्थितिको पूर्वतयारी गतिबिधिः संकटकालिन परिस्थितिभन्दा पहिले**

| पूर्वतयारी सम्वन्धि गतिबिधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्थाः जिल्लाका क्षेत्रगत साझेदारहरूका बिचमा सम्भावित विपद् बाट बच्नका लागि गर्न सकिने सम्झौतामा समझदारी गर्ने ।<br>क. समन्वय बैठक –DDMC<br>आपत्कालीन परिस्थितिभन्दा पहिले<br>आपत्काल अवधिमा<br>आपतकालपछि<br>ख. पूर्वतयारी तथा सहयोग सम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्क ठेगाना सहित विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारी परिभाषित गर्ने । | DDMC को समन्वयमा क्लष्टर तथा सदस्यहरु<br>क. जिल्ला प्रशासनकार्यालय<br><br>ख. डिडिएमसी | आगलागी भए फाल्गुनमा, बाढी पहिरो भए जेठ र भुकम्पका लागि जुनसुकैबेला पनि<br>क. बिपद्को जुनसुकै समयमा<br>ख.फाल्गुण महिनामा जिम्मेवारीको बांडफाँड गर्ने |
| **सिकिएका पाठः**<br>क. प्रत्येक स्थानीय तहले विपद् मा सहयोग गर्न सक्ने सहयोगी निकायको पहिचान विपद्अघि नै गर्नुपर्ने काममा दोहोरोपन आउन नदिन नेपाल सरकारले ल्याएको विपद् लेखाजोखा मार्गदर्शन २०७२ को आधारमा तथ्याङ्क संकलन गर्नुपर्ने ।<br>ख. खोज तथा उद्दारका सामग्री वडा तहमा व्यवस्थापन गरी स्वयंसेवकहरु पहिचान गरी आवश्यक तालिम उपलब्ध गराउने ।<br>ग. राहत सहयोग वितरण गर्दा एकद्वार प्रणाली मार्फत वितरण गर्नु उपयुक्त हुने र सबै सूचनाहरु जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई उपलब्ध गराउनुपर्ने ।<br>घ. कृतिम घटना अभ्यास गर्ने । | DDMC,<br><br>स्थानिय तह<br><br>DDMC नेपाल रेडक्रस सोसाइटि/सशस्त्र प्रहरी वल | समिक्षा बैठक अवधिमा<br><br>चैत्र मसान्तसम्मा<br><br>जेठ मसान्तसम्ममा |
| क. विपद् मा प्रयोग हुने औजार तथा खाद्य सामाग्रीको अध्यावधिक गर्ने<br>ख. खोज तथा उद्धारका लागि टोलीको नामावली तयार गर्ने ।<br>ग. सबै स्थानीय तहमा कुन विपद् कहाँ कहाँ जान सक्छ ? आधाररेखा सम्बन्धी जानकारी गर्ने, तथ्याङ्क सङ्कलन गर्ने र त्यसलाई अद्यावधिक पार्ने ।<br>घ. सूचना सङ्कलन सम्बन्धी औजार प्रयोग गर्ने बारेमा प्रशिक्षण उपलब्ध गराउने<br>ङ. सङ्कलन गरिएको जानकारीको विश्लेषणका लागि सम्पर्क व्यक्ति तोक्ने | DDMC<br>सवै स्थानिय तह | बैशाख मसान्तसम्म |
| विपद् पर्नसक्ने स्थानीय तहसँग सम्बन्धित क्षेत्रगत जानकारी/तथ्याङ्क | DDMC | चैत्रसम्म |
| उद्दार तथा राहत सामग्री पहिले नै भण्डारण गरी राख्ने<br>क. सम्भावित आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने व्यक्तिहरूको सङ्ख्याका आधारमा आवश्यक सामग्रीको न्युनतम मौज्दातराख्ने । | DDMC<br>स्थानीय तह<br>नेपाल रेडक्रस सोसाइटि | जेठ मसान्तसम्म<br>असारको पहिलो हप्तासम्म |

| | | |
|---|---|---|
| ख. विभिन्न निकायहरूसँग उपलब्ध मौज्दात संकलन गर्ने<br>ग. अपुग सामग्री (Gaps) को पहिचान गर्ने | | |

प्रभावकारी खोज तथा उद्दारका लागि पूर्व तयारीमा विशेष ध्यान पुर्याउनुपर्छ । सूचना प्रणाली अन्तर्गत स्थापना भएको संचारको च्यानल मार्फत प्रभावकारी समन्वय गर्ने । समयमै सुरक्षा निकायहरुलाई प्रकोपको अवस्थितिको बारेमा जानकारी दिइ खोज तथा उद्दार कार्यमा तयारी गर्ने । प्राप्त सूचनाका आधारमा सम्बन्धित क्षेत्रमा रहेका खोज तथा उद्दार सामग्रीहरु प्रयोगमा ल्याउने । विपद् पर्नु अगावै बर्षा र नदीको अवस्थालाई ध्यानमा राखी खोज तथा उद्दार कार्यमा तयारी गर्ने । पूर्व सूचना प्रणालीको बिस्तार र संस्थागत गर्नका लागि जिल्ला स्थित जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहहरु, सुरक्षा निकायहरु, संचार माध्यमहरु जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, पत्रकार महासंघ एवं विभिन्न सरकारी, गैर सरकारी निकायहरुको अहम भूमिका रहन्छ । जिल्ला विपद् व्यवस्थापन समिति र सुरक्षा निकायहरुको समन्वयमा जिल्ला स्थित खोज उद्दारका जनशक्तिहरुको पहिचान गर्ने । जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसंगको नियमित समन्वय र सम्पर्क, मुख्य सञ्चारका ठाउँहरु र सम्पर्क ठेगानाहरुको पहिचान गर्ने । जल तथा मौसम पुर्वानुमान सहज एवं सरल ढंगले आम नागरिकहरुसंग पुर्याउन पूर्व सूचना प्रणाली स्थापना तथा सवलीकरणका लागि पहल गर्ने ।

**खोजी तथा उद्दारक्षेत्रको प्रतिकार्य योजना: आपतकालिन परिस्थिति को अवधिमा**

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| सहयोग सम्वन्धि गतिबिधि- तत्कालका लागि ०-३० दिनसम्म | | |
| क. जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रलाई सकृय पार्ने ।<br>जिल्ला विपद् व्यवस्थापन समितिको तत्काल बैठक बस्ने ।<br>ख.जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य विपद् (भुकम्प वा बाढी वा अन्य) शुरू भएपछि सम्बन्धित क्षेत्र (Cluster) का सबै सदस्यहरूसँग समन्वय बैठक बसी क्षेत्रगत निकायहरुलाई सक्रिय बनाउने<br>ग) प्रारम्भिक द्रुत लेखाजोखा टोली परिचालन गर्ने । | क. जिल्ला प्रशासन कार्यालय<br>ख. जिल्ला प्रशासन<br>ग. स्थानीय तह, नेरेसो र नेपाल प्रहरी | २४ घण्टाभित्र |
| घ परिस्थिति सम्वन्धि पहिलो प्रतिवेदन तयार पार्ने | घ नेपाल रेडक्रि सोसाइटि | २४ घण्टाभित्र प्रतिवेदन |
| ङ. प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने ।<br>प्रभावित स्थान, स्थानीय तह/क्षेत्रसँग सम्बन्धित उपलब्ध तथ्याङ्क/जानकारीको समीक्षा गर्ने<br>प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने<br>जिल्लामा उपलब्ध उद्धार सेवा/क्षमता/उद्दार सामग्रीको समीक्षा गर्ने | ङ. स्थानीय तह<br>जिल्ला प्रशासनकार्यालय<br>नेरेसो | २४ घण्टाभित्र पहिलो प्रतिवेदन |
| च. प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग<br>तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकताको क्रम निर्धारण गर्ने । विपद्पछि लगत्तै सामग्री तथा उपकरणसहित खोजी तथा उद्धारटोली खटाउने ।<br>सुरक्षाकर्मीहरूद्वारा सहयोगमा संलग्न व्यक्तिहहरूको सुरक्षा ।<br>घाइतेहरुलाई प्राथमिक उपचार प्रदान । | च. DDMC<br>DDMC<br>नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, स्थानीय तह<br>नेरेसोको प्राथमिक उपचार टोली | पहिलो र दोस्रो दिन |
| छ. घाईतेहरुको ओसारपसारका लागि एम्बुलेन्स सेवा परिचालन | स्वास्थ्य कार्यालय | २४ घण्टाभित्र प्रतिवेदन |
| ज. तत्काल विपद् प्रतिकार्य तालिकालाई अनुशरण गरी | DDMC | पहिलो दिनवाट |

| | | |
|---|---|---|
| कार्यान्वयन गर्ने | | |
| झ. स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना निर्माण/समीक्षा गर्ने मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका लागि टोली खटाउने। | DDMC | दोस्रो दिनबाट निरन्तर |
| जोखिममा रहेका वस्तीहरुलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्ने। | स्थानिय तह रDDMC | |
| सहयोग सम्बन्धी गतिविधि-अन्तरिम अवधिका लागि (३०–९०) दिन | | |
| क्षेत्रगत (Cluster) समन्वय बैठक<br>क. DDMC बैठक, बिषय क्षेत्रगत निकायहरुको बैठक बस्ने | DDMC | हप्तामा एकपल्ट |
| परिस्थिति सम्बन्धी प्रतिवेदनलाई अद्यावधिक पार्ने। | DDMC | हप्तामा एकपल्ट |
| मानवीय सहयोगका लागि समन्वय तथा क्षेत्रगत जिम्मेवारी दिने। | DDMC | पहिलो हप्ता |
| मानवीय सहयोगका लागि अनुगमन | DDMC | हप्तामा एकपल्ट |

## आवश्यक श्रोत तथा सामग्रीको विवरण

नोटः माथिको तालिकामा खोज तथा उद्धारमा प्रयोग हुने सामग्रीको वर्तमान मौज्दात अवस्था गत वर्षको तुलनामा ठूलो स्केलमा विपद् आइपर्दा थप उद्धार सामग्रीहरु आवश्यक पर्ने आँकलन गरे अनुसार स्थानीय तहहरुले पनि सोका लागि तयारी गरे पनि उक्त सामग्रीहरु थप आवश्यकता रहेको छ। सो सूचीमा थप आवश्यक भनी उल्लेख गरिएका सामग्री नेपाल रेडक्रस सोसाइटी, जिल्ला समन्वय समिति, स्थानीय तहहरु र सहयोगी गैसस तथा अन्तर्राष्ट्रिय गैससहरु जो सुकैले पनि सहयोग गर्न सकिने छ।

स्टक खोज तथा उद्धार सामग्रीको विवरण

| क्र स | सामग्रीको विवरण | ईकाई | नेपाली सेना | शसस्त्र प्रहरी बल | जि प्र का | ई प्रका चुनवाङ | सिस्ने गा पा | भूमे गा पा | पुथा उत्तरगंगा गा पा | जम्मा परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गमबुट | जोडा | ० | ० | ४ | ३ | १७ | ११ | २५ | ६० | |
| २ | स्ट्रेचर सामान्य | वटा | ० | ० | ० | १ | ५ | ६ | १५ | २७ | |
| ३ | फोकस लाईट/ हेड लाइट | वटा | ४ | ० | ५ | ३ | १२ | २ | ० | २६ | |
| ४ | हाते माईक | वटा | ० | ० | ० | १ | ३ | ३ | १ | ८ | |
| ५ | हेल्मेट | वटा | ० | ० | ७ | ३ | ५ | | २५ | ४० | |
| ६ | आल्मुनियम भर्याङ | वटा | १ | १ | १ | ० | ० | | ० | ३ | |
| ७ | बेल्चा | वटा | ५ | ५ | १४ | २ | ९ | ४ | २५ | ६४ | |
| ८ | क्रोबार | वटा | १ | १ | ० | १ | ९ | ४ | २५ | ४१ | |
| ९ | क्याराबाईनर | सेट | ० | ० | २ | ० | २ | २ | ० | ६ | |
| १० | म्याट्रेस | वटा | ० | ० | ० | ० | ० | | २५ | २५ | |
| ११ | बन्चरो | वटा | ० | ० | ३ | ० | ९ | ४ | ५ | २१ | |
| १२ | स्ट्रेचर फोल्डिङ | वटा | १ | ० | २ | १ | ० | | ० | ४ | |
| १३ | ह्यामर | वटा | २ | २ | ४ | ० | १४ | ४ | १५ | ४१ | |
| १४ | त्रिपाल | वटा | ० | ० | ३ | ० | ० | | २५ | २८ | |
| १५ | डाईनामिकडोरी | रोल | ० | ० | २ | ० | १ | | २ | ५ | |
| १६ | डोरी | मिटर | १०० | १०० | ० | ० | ० | | ० | २०० | |
| १७ | फोकस टर्च | वटा | ० | ४ | ० | ० | ० | | ० | ४ | |
| १८ | गैंटी | वटा | १० | १० | १९ | १ | ० | | २५ | ६५ | |
| १९ | प्राथमिकउपचार किट बक्स | वटा | ० | ० | ० | ० | ५ | ४ | २५ | ३४ | |
| २० | लाईफ ज्याकेट | वटा | ० | ० | २३ | ० | ८ | | ० | ३१ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | मेगा फोन | वटा | ० | ० | ० | ० | ५ | | ० | ५ | |
| २२ | ग्यास फाएर | वटा | ० | ० | ० | ० | ६ | | ० | ६ | |
| २३ | आरी | वटा | ० | ० | २ | ० | १० | | ० | १२ | |
| २४ | Sefty Glass | वटा | ० | ० | ० | ० | १२ | | ० | १२ | |
| २५ | Buket | वटा | ० | ० | ० | ० | १२ | | ० | १२ | |
| २६ | Rain Coat | वटा | ० | ० | ० | ० | ५ | | ० | ५ | |
| २७ | Chain Saw | वटा | १ | १ | ० | ० | ० | | ० | २ | |
| २८ | सेफ्टी वेल्ट | वटा | ५ | ५ | ७ | ० | ० | | ० | १७ | |
| २९ | रवर ट्युव | वटा | ० | ० | २ | ० | ० | | ० | २ | |
| ३० | सावेल | वटा | ० | ० | ६ | ० | ० | | ० | ६ | |
| ३१ | हेलोवियन लाईट | वटा | १ | १ | १ | ० | ० | | ० | ३ | |
| ३२ | भ्याक्सो हेक्जावेलेड | वटा | १ | १ | २ | ० | ० | | ० | ४ | |
| ३३ | पन्जा | जोडा | ५ | ५ | ५ | ० | ० | | ० | १५ | |
| ३४ | जुमर पुली | वटा | ५ | ५ | ५ | ० | ० | | ० | १५ | |
| ३५ | सर्ट सिलिङ | वटा | ४ | ४ | ४ | ० | ० | | ० | १२ | |
| ३६ | फिगर ८ | थान | ३ | ३ | ० | ० | ० | | ० | ६ | |
| ३७ | र्याप्लिङ रोप | मिटर | ० | ० | ० | ० | १०० | १०० | ० | ० | |
| | कुल जम्मा | | १४९ | १४८ | १२३ | १६ | २४९ | १४४ | २३८ | ८६७ | |

## ख) क्षेत्र (Cluster) : खाद्य, कृषि तथा आपुर्ति व्यवस्थापन

जिल्लाको अधिकांस भाग उत्तरी मोहडातर्फ पर्ने भएकाले यस वर्ष लगातार परेको वर्षातका कारण हिउँदे बालीमा ४० प्रतिशतले गिरावट आएको अनुमान गरिएको छ । प्रायजसो मकै बालीमा रोग किरा लाग्ने, हावाहुरीले क्षती गर्ने भएकाले उत्पादनमा बृद्धि हुन नसक्ने देखिन्छ । अझ यस बर्ष सलह किराको प्रकोपका कारण अधिकांश ठाउँ बालिहरु पूर्ण तथा आंशि रुपमा क्षति भई उत्पादन घट्ने देखिन्छ । यस वर्षको वर्षातको अवस्थालाई हेर्दा बर्षामा व्यापक खेतियोग्य जमिनमा भू स्खलन भइ बालिनालि नष्ट हुने र उत्पादन घट्ने देखिन्छ भने COVID-19 का कारण विदेशबाट फर्किने जनचापले हाल हुँदै आएको कुल उत्पादनमाकरिब ३० प्रतिशत अपुग हुने देखिन्छ ।

**यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Lead): कृषि तथा पशुपंक्षि विकास कार्यालय, स्थानीय तह**

**सह नेतृत्व गर्ने निकाय (Cluster Co-Leads) :**विश्व खाद्य कार्यक्रम

विपद् सम्बन्धी परिस्थिति: विपद्को सम्भावित मानवीय असर

- प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्न प्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रम जस्ता अन्य खाद्यान्न सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमो खाद्य असुरक्षा हुने ।
- कृषि बालीमा ब्यापक क्षति, जीविकोपार्जनमा क्षति, बालीनालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीति (Coping Strategy) मा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको खाद्य असुरक्षा ।

**समष्टिगत उद्देश्य:**

- प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने ।

**विशिष्ट उद्देश्य :**

- जीवनरक्षा सम्बन्धी रणनीतिहरू (Survival Strategies) का लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने र दीर्घकालीन रुपमा पारीवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने ।
- पारीवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery) तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि
- खाद्य सुरक्षा बढाउँनका लागि गहा सुधार विधि अवलम्बन गर्न प्रेरित गर्दै आवश्यक विउविजन, प्रविधि प्रदान गर्ने ।

- उत्पादनशिल क्षेत्र संरक्षण गर्ने र जोखिम क्षेत्रमा बृक्षारोपन गर्ने, तटबन्ध निर्माण गर्ने।
- दिगो आयमूलक पशु चौपाया तथा पंक्षी व्यवस्थापन गर्ने।
- विपद् सम्बन्धि बहन क्षमता बढाउँन कार्यक्रम तर्जुमा गर्ने, कृषि तथा पशु विमा गर्न प्रेरित गर्ने।

मानवीय सहयोगको मापदण्ड: (स्फेयर मापदण्ड)

प्रभावित व्यक्तिहरूको पहुँच निम्न वस्तुमा हुनेछ-

- प्रतिव्यक्ति प्रतिदिन न्युनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको रासन।
- प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँचयोग्य खाद्य पदार्थमा परिपूरकको रूपमा एक अथवा दुई खाद्य पदार्थहरु पुरक रासनको रूपमा उपलब्ध गराउने।
- निश्चित समूहका व्यक्तिहरूका (जस्तैः साना केटाकेटी, गर्भवती महिला, एचआईभी भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक खाद्यन्नको व्यवस्था।

मापदण्ड बमोजिमको खाद्यान्न प्याकेज सिफारिस गरिएको छ

चामल- प्रतिदिन प्रतिव्यक्ति ४१० ग्राम,

दाल- प्रतिदिन प्रतिव्यक्ति ८० ग्राम

वनस्पति तेल- प्रतिदिन प्रतिव्यक्ति ३० ग्राम,

नुन- प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम

स्थानीय तहले प्रभावित क्षेत्र र परिस्थिति बमोजिम खाद्यान्न वितरणको आकार निर्धारित गरिनु पर्दछ तर पनि शुरुमा घरायसीस्तरमा गरिने वितरण र बिस्तृत लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधारमा व्यक्तिका आधारमा वितरण गरिनु पर्दछ।

आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधि : सङ्कटकालीन परिस्थितिभन्दा पहिले

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| विपद्को अवस्थामा खाद्य सहयोगका लागि योजना तयारीअवस्थामा राख्ने। | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषि सेवा केन्द्र | फागुन तथा असार |
| खाद्य सुरक्षा अवस्था तथा आवश्यकता लेखाजोखा अध्ययनका लागि खाका तयार गर्ने कृषि तथा पशुपंक्षि विकास कार्यालय | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| स्थानीय तहस्थित विपद् प्रभावित हुने क्षेत्रलाई लक्षित गरी खाद्यान्न सहयोग तयारी अवस्थामा राख्ने। | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | असारसम्म |
| प्रभावितको माग संकलनका लागि छलफल | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | असोज |
| खाद्यान्न सहायताको लेखाजोखा तथा प्रतिवेदनको खाका प्रस्तुत गर्ने। | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | बैशाख सम्म |
| विभिन्न तरकारी तथा खाद्यान्न बालिका किटहरु वितरण गर्ने | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | भाद्र असोज बैशाख जेठ |
| साना सिंचाई योजनाहरु सहयोग गर्ने | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा/जलस्रोत तथा सिचाइं विकास सव डिभिजन कार्यालय | जेठ असार |

| | | |
|---|---|---|
| क्षमता अभिवृदि तथा भण्डारण तालिम | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | जेठ |
| पहाडी भूभागका लागि गह्रा सुधार कार्यक्रम लागु गर्ने | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषि विकास शाखा | कार्तिकसम्म |
| माटो तथा हावापानी अनुसारको खेती प्रविधि लागु गर्ने (फलफुल खेती, खाद्यान्न बाली, दलहन बाली, मसला बाली, तेलहन बाली, जडीबुटी खेती, पशुपालन) | डिभिजन वन कार्यालय/स्थानीय तहको कृषितथा पशु विकास शाखा | कार्तिक देखि असार सम्म |
| भूईं तथा डाले घाँस प्रवर्द्धन कार्यक्रम संचालन गर्ने | कृषि तथा पशुपंक्षि विकास कार्यालय/स्थानीय तहको कृषितथा पशु विकास शाखा/डिभिजन वन कार्यालय | माघ देखि असार सम्म |
| प्रत्येक वडामा खाद्यान्न भकारीको स्थापनाको प्रयास | स्थानीय तह तथा वडा कार्यालय | हरेक पटक बालि भित्र्याउने बेला |

**कृषि तथा खाद्य क्षेत्रको प्रतिकार्य योजनाः आपत्कालीन परिस्थितिको अवधिमा**

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| सहयोग सम्वन्धि गतिबिधि- तत्कालका लागि ०-३० दिनसम्म | | |
| तत्काल क्लष्टर सूचना संकलन तथा सहयोग डेस्क स्थापना।<br>सदस्यहरुका बीच समन्वय बैठक गर्ने।<br>क्षतिको सूचना संकलन गर्ने। | कृषि तथा पशुपंक्षि विकास कार्यालय<br>स्थानीय तहको कृषि पशु विकास शाखा | पहिलो दिन |
| तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने।<br>पशुधनको सुरक्षा तथा मृत पशुहरुको उचित व्यवस्थापन गर्न जि.प.से<br>वा कार्यालयले प्राविधिक टोली र जनशक्ति परिचालन गर्ने<br>सहयोगको खाद्य सामाग्री संकलन र वितरणको जिम्मेवारी | कृषि तथा पशुपंक्षि विकास कार्यालय<br>स्थानीय तहको कृषि पशु विकास शाखा | दोस्रो दिन |
| पीडितहरुको लेखाजोखा राख्ने (परिचयपत्र वितरण गर्ने। खाद्य सामाग्री वितरण।<br>एकद्वार पद्धतिको विकास गर्ने।<br>खाद्य गोदामलाई सुरक्षित र पायक पर्ने ईलाकामा राख्ने।<br>गोदाम सुरक्षाको प्रबन्ध गर्ने। | स्थानीय तह, DDMC,<br>रेडक्रस सोसाइटिका उपशाखाहरु<br>स्थानीय उद्योग बाणिज्य संघ | पहिलो हप्ता |
| स्थलगत छलफल तथा अवस्थाको समीक्षा<br>छिटो उत्पादन हुने खाद्यान्न बालीको लागि विउविजन र पशु वा पंक्षी वितरण गर्ने। | स्थानीय तहको कृषि पशु विकास सेवा केन्द्र | पहिलो महिना |
| सहयोग सम्बन्धी गतिविधि-तत्कालका लागि (३०-९० दिनसम्म) | | |
| जिविकोपार्जनमुखी क्रियाकलाप संचालन।<br>राहतको विउ वितरण, तालिम।<br>पुनः अघिल्लो महिनाका कृयाकलापको अनुगमनलाई निरन्तरता। | स्थानीय तहको कृषि पशु विकास शाखा | दोस्रो र तेस्रो महिना |
| सम्बन्धित समुदायसंग छलफल गरी कार्यक्रम तय गर्ने।<br>आपत्कालीन कोष स्थापनाको लागि स्थानीय तहसंग अनुरोध गरी पहल गर्ने। | स्थानीय तहको कृषि पशु विकास शाखा | उल्लेखित भन्दा माथि |

## ग) क्षेत्र (Cluster) : आपतकालिन शिविर, आवास तथा गैर खाद्य व्यवस्थापन

**नेतृत्व प्रदान गर्ने निकाय (Cluster Lead):** नेपाल रेडक्रस सोसाइटि/सडक पूर्वाधार विकास कार्यालय

**सह नेतृत्व गर्ने निकाय (Cluster Co-Lead) :** नेपाल रेडक्रस सोसाईटी रुकुम शाखा

विपद् सम्बन्धी परिस्थितिः अनुमानित विपद्को सम्भावित मानवीय असर

- बिपद्का बेला आश्रित तथा बसोबास क्षेत्रमा क्षति पुग्न गई मानवीय जीवनमा कष्टपूर्ण रहेको हुन्छ र प्रभावितहरु खुल्ला आकाशमुनि बस्नु परेको अवस्था श्रृजना हुन्छ ।
- जिल्लामा विपद् बाट प्रभावित हुन सक्ने अनुमानित घरधुरीका जम्मा जनसंख्या, जसमा महिला, पूरुष, जसमध्ये केही समयका लागि विस्थापित हुन सक्ने जनसंख्या हुनेछ जसअन्तर्गत बालबालिका, किशोरकिशोरी, गर्भवती तथा दुध चुसाउँने आमाहरु, बृद्धबृद्धा, अपांग तथा लैंगिक अल्पसंख्यक हुनेछन ।
- सार्वजनिक पूर्वाधारको क्षति हुन सक्ने – आवास गृह, सडक, पुल, बाटो, विद्युत आपुर्ति, संचार, खानेपानी, स्वास्थ्य भवन
- विद्यालयका कक्षा कोठा, प्रहरी चौकी तथा स्वास्थ्य केन्द्रहरु जस्ता उपलब्ध सार्वजनिक स्नस्थाहरुमाथी दवाबको सिर्जना हुने तथा ती संस्थाहरुनै क्षति हुनाले अस्तव्यस्त अवस्थाको सृजना ।
- सामूदायिक संस्थागत स्थानहरुमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वस्थ्य सम्बन्धि व्यवहारमा देखिने चुनौतीहरु ।
- बाँच्नकै लागि आवश्यक पर्ने न्युनतम आश्रय तथा बसोबास स्थलको अभाव हुन गई प्रभावित परिवारहरुले ज्यादै कठिनाई भोग्नु परिरहेको हुन्छ ।
- COVID-19 कारण भयाभह स्थीती सृजना हुने ।

**समष्टिगत उद्देश्य :**

- संभावित प्रभावित परिवारहरुलाई सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गरी यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्म–निर्भरता तथा आफैव्यवस्थापनलाई समावेश गर्ने ।
- विपद्का कारणले घरवारविहीन बनेका मानिसहहरूका निमित्त तत्काल अस्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तरमा सुधार ल्याउने ।

विपद् प्रभावितहरुको जिवन रक्षाका लागि यथाशिघ्र गैरखाद्य सामाग्रीहरु उपलब्ध गराउने ।

**विशिष्ट उद्देश्य:**

- प्रतिकूल मौषमका असरहरूबाट संरक्षण प्रदान गर्नका लागि प्रभावित मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ हुने ।
- संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवं लुगाको व्यवस्थापन हुनेछ ।
- घरायसी भाँडा/कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि साबुन एवं तिनको मर्यादा तथा कल्याणका लागि औजारहरूमा परिवारहरूको पहुँच ।

**मानवीय सहयोग सम्बन्धी मापदण्ड (स्फेयर मापदण्ड)**

- औसतमा एक व्यक्तिका लागि ३.५ x ४.५ वर्ग मिटरको छानो भएको क्षेत्र, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४ x ५ मिटरको डोरीसहितको प्लास्टिक सिट र सहायता सामग्री
- कम्बलमा मानिसहरूको पर्याप्त पहुँच ।
- दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा ।
- महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा । यसका अतिरिक्त, महिला तथा केटीहरूका लागि नियमित सरसफाइ सम्बन्धी सामग्रीको आपूर्ति भएको ।
- मानिसहरूसँग उपयुक्त घरायसी सामग्रीहरु एक सेट भाँडा ।

- शिविर बन्द गर्ने र वहिर्गमन रणनीति ।
- शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ, जुन जमिन सुरक्षित तथा स्फेयर मापदण्ड अनुसार हुनुपर्छ ।
- विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै स्थानीय तह तथा सम्बन्धित निकायहरुसँग समझदारी पत्र (MoU) मा दस्तखत भएको हुनुपर्दछ ।
- शिविरका लागि योजना तर्जुमा गर्दा नै साँस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनुपर्दछ ।
- शिविर खडा गर्नका लागि विगतमा प्रयोग गरिएका ठाउँहरूको रेकर्ड ।
- नागरिक समाज, सरकारी निकाय तथा सान्दर्भिक समूहसँगको परामर्शमा शिविरको स्थापना ।

**नेतृत्व गर्ने निकाय:** सघन शहरी विकास तथा भवन निर्माण आयोजना/शहरी विकास तथा भवन डिभिजन तथा नेपाल रेडक्रस सोसाइटी

क्षेत्रगत सदस्यहरु (Cluster Members)को सूची, क्षमता तथा श्रोत आँकलन

| क्र सं | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत तथा रकम | सम्पर्क ब्यक्ति | सम्पर्क नं./इमेल |
|---|---|---|---|---|
| १ | सडक पुर्वाधार विकास कार्यालय | दक्ष प्राबिधिक जनशक्ति | कार्यालय प्रमुख | |
| २ | नेपाल रेडक्रस सोसाइटि | गैर खाद्य सामग्री ५० सेट ५ लाख रुपैयाको आकस्मिक कोष उद्दार जनशक्ति प्राथमिक उपचार ब्यवस्थापन | संयोजक/सभापति | |
| ३ | स्थानीय तह | अस्थायी आवासका लागि स्थान छनौट र निर्माण | स्थानीय तहका प्रमुखहरु | अनुसूचि १ मा समावेश |
| ४ | जिल्ला उद्योग बाणिज्य संघ | खाद्यान्न संकलन र बितरणमा सहजिकरण | अध्यक्ष | |
| ५ | सामुदायकि वन महासंघ | सामुदायिक वनबाट काठहरु उपलब्ध गराउन सहजिकरण | अध्यक्ष | |
| ६ | वन डिभिजन कार्यालय | नियमानुसार आवश्यक काठ उपलब्ध गराउने | प्रमुख | ९८५७८२००१८ |
| ८ | रुकुमेली समाज बिकास केन्द्र | अस्थायी आवासका लागि अन्तरनिकाय समन्वय र सहयोग गर्ने । | अध्यक्ष | ९८५११६२३१५ |
| ९ | हुरेड कार्स | | अध्यक्ष | ९८५७८३०६१२ |
| १० | मिक नेपाल | | अध्यक्ष | ९८५७८७६७१७ |
| | नेपाल जनजागरण मञ्च | | अध्यक्ष | ९८४७८५२२२३ |
| ११ | UMN | | टिम लिडर | ९८५११६३२४१ |
| १२ | UNFPA | | जिल्ला अधिकृत | ९८४८३००५३४ |

**आपतकालिन परिस्थितिको पूर्वतयारी गतिबिधि : आपतकालिन परिस्थितिभन्दा पहिले**

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| क्लस्टरको योजना बनाएर तयारी अवस्थामा राख्ने | सडक पूर्वाधार विकास कार्यालय र नेपाल रेडक्रस सोसाइटी | चैत्र र बैशाख |
| क्लस्टर अन्तर्गतका संघ/संस्थाहरुमाझ राहत सहयोगकालागि जिम्मेवारी बाँडफाँड गर्ने । | क्लष्टर बैठकबाट | फागुन महिनाभित्र |
| विपद्को अवस्थामा गरिने आपत्कालीन आश्रय, बसोवास तथा गैर-खाद्य सामाग्री क्षेत्रमा गरिने सहयोग तयारीअवस्थामा राख्ने । | सडक पूर्वाधार विकास कार्यालय र नेपाल रेडक्रसले सोसाइटी र अन्य सरोकारवाला निकायको सहयोग लिएर | नियमित |

| | | |
|---|---|---|
| स्रोत संकलन तथा संघ-संस्थाबाट हुने सहयोग (आर्थिक तथा अन्य) को योजना तयारी अवस्थामा राख्ने। | सडक पूर्वाधार विकास कार्यालय र रेडक्रस | जेठभित्र |
| आवाश क्षेत्रको आकस्मिक प्रतिकार्य तयारी योजना अध्यावधिक गर्ने | नेपाल रेडक्रस सोसाइटि र सरोकारवाला निकायहरु | जेठभित्र |

**अपतकालिन आश्रय, आवास तथा गैरखाद्य क्षेत्रको प्रतिकार्य योजना: आपतकालिन परिस्थितिको अवधि**

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| सहयोग सम्वन्धि गतिबिधि तत्कालका लागि (०-९० दिनसम्म) | | |
| विपद् प्रवाहको सूचना स्थानीय स्वयंसेवकबाट संकलन गर्ने | जिल्ला विपद् ब्यव्थापन समित,नेपाल रेडक्रस सोसाइटिका ईकाइहरु, स्थानीय सरकार, नेपाल प्रहरी | पहिलो दिन |
| आवास क्षेत्रको आकस्मिक बैठकको आयोजना | स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी र सरोकारवाला निकायहरु | पहिलो दिन |
| विपद् प्रतिकार्य समूहलाई संचार गर्ने | स्थानीय सरकार, जिल्ला आपतकालिक तथा कार्य संचालन केन्द्र | पहिलो दिन |
| विषयगत क्षेत्रको बैठक गर्ने | नेपाल रेडक्रस सोसाइटी, स्थानीय सरकार | दोस्रो दिन |
| द्रुत लेखाजोखाबाट आएका सूचनाहरुलाई विष्लेषण गरी | नेपाल रेडक्रस सोसाइटी, स्थानीय सरकार, जिल्ला आपतकालिक तथा कार्य संचालन केन्द्र | दोस्रो दिन |
| आवास क्षेत्रको आकस्मिक प्रतिकार्य योजना सक्रिय बनाउने | नेपाल रेडक्रस सोसाइटी, स्थानीय सरकार | पहिलो हप्ता |
| द्रुत लेखाजोखा टोली परिचालन तथा प्रारम्भिक सूचना संकलन | स्थानीय सरकार, जिल्ला आपतकालिक तथा कार्य संचालन केन्द्र नेपाल रेडक्रस सोसाइटी | पहिलो हप्ता |
| प्रभावित स्थलको सूचना विश्लेषण गरी सहायता परिचालन गर्ने | जिल्ला विपद् ब्यव्थापन समित, जिल्ला आपतकालिक तथा कार्य संचालन केन्द्र | पहिलो हप्ता |
| विपद् प्रभावित क्षेत्रमा अस्थायी आवास, त्रिपाल तथा | स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय | दोस्रो हप्ता |
| भाँडावर्तनको व्यवस्थापन गर्ने। | स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय | पहिलो महिना |
| अस्थायी आवास तथा गैर खाद्य सामाग्रीको आवश्यकता | स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय | पहिलो महिना |
| पहिचान गर्न सर्वेक्षण गर्ने टोली खटाउने। | जिल्ला विपद् ब्यव्थापन समित, नेपाल रेडक्रस सोसाइटी | दोस्रो महिना |
| कम खर्चमा बनाउन सकिने नमुना घर निर्माण | स्थानीय सरकार, जिल्ला विपद् ब्यव्थापन समित, नेपाल रेडक्रस सोसाइटी | तेस्रो हप्ता |
| गैरखाद्य सामग्री वितरण कार्य | स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी, अन्य सरोकारवाला निकाय | पहिलो हप्ता देखि निरन्तर |

## घ) क्षेत्र (Cluster) : स्वास्थ्य तथा पोषण

प्रतिकात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवा दिनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अनतर्गत जिल्ला स्वास्थ्य कार्यालयको स्थापना भएकाले उपयुक्त सेवा प्रदान गर्नका लागि जिललामा १ वटा प्राथमिक स्वास्थ्य केन्द्र १५ वटा

स्वास्थ्य चौकीहरु, २१ वटा सामुदायिक स्वास्थ्य ईकाईहरु, १२५ जना महिला स्वास्थ्य स्वयमसेविकाहरु परिचालित छन् । उपचारात्मक सेवा दिने प्रमुख निकाय जिल्ला अस्पताल रुकुमकोटमा रहेको छ । जिल्लामा स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था रुक्मिणी हस्पीटल प्रा ली रहेको छ भने निजि मेडिकल तथा क्लिनिक सेन्टरहरुले सेवा प्रदान गरिरहेका छन् । स्वास्थ्य संस्थाहरुले नियमित तथा आपतकालिन अवस्थामा विपद् व्यवस्थापनमा स्थानिय स्तरमा सेवा प्रदान गर्दै आईरहेका छन् । हाल सम्म भएका महामारी व्यवस्थापन गर्न सरकारी तथा गैर सरकारी निकायहरुको महत्वपूर्ण भूमिका रहेको छ ।

**नेतृत्व प्रदान गर्ने निकाय:** स्वास्थ्य कार्यालय

**सह नेतृत्व गर्ने निकाय:** सम्वन्धित स्थानीय तहका स्वास्थ्य सेवा इकाईहरु

**विपद् सम्बन्धी परिस्थिति :** प्रकोपका सम्भावित मानवीय असर (स्वास्थ्य र पोषण)

- चोटपटक, घाइतेहरू, हैजा, औलो, आउँ र दादुरा एवं पखाला सम्बन्धी रोग, गम्भीर श्वास -प्रश्वास सम्बन्धी संक्रमण, जन्डिस, टाइफाइड र भाईरल इन्फ्लुएन्जा, आँखा अथवा छालाका रोग, आँखा रोगजस्ता सङ्क्रामक रोगहरूको संक्रमणमा वृद्धि ।
- एच.आई.भी./एड्स तथा क्षयरोग फैलने क्रममा वृद्धि ।
- नियमित औषधी सेवनकर्ताहरुको औषधी छुट्ने (क्षयरोग, कुष्ठरोग, एच.आई.भी.आदि) ।
- स्वास्थ्य क्लिनिकहरू नष्टता अथवा पहुँचमा कठिनाइ ।
- औषधी उपचारका उपकरण तथा औषधीको हानि-नोक्सानी ।
- प्रजनन् स्वास्थ्य तथा सुरक्षित प्रसुति सेवा प्रभावित ।
- परिवार  नियोजनका साधनको उपलब्ध नहुने ।
- नवजात शिशु तथा सुत्केरी र गर्भवतीहरु स्वास्थ्य जाँचदेखि बन्चित ।
- यौन हिंसा प्रभावितहरुलाई स्वास्थ्य प्रति कार्यमा अवरोध ।
- नियमित सेवाहरु (गाउँघर क्लिनिक र खोपका कार्यक्रमहरु) मा अवरुद्धता ।
- सञ्चार सेवा अवरुद्ध हुँदा तुरुन्त स्वास्थ्यकर्मीको सम्पर्कमा आउन कठिनाइ ।
- सुरक्षित रक्त सञ्चार प्रणालीमा अवरोध ।
- तत्कालै स्वास्थ्य संस्थासम्म पुग्नमा अवरोध (एम्बुलेन्स, स्ट्रेचर, पैदल आदि) ।
- खाद्य सामग्रीको अभावको कारणले गर्दा गम्भीर कुपोषण, औलो, झाडा–पखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त पोषण कार्यक्रममा अवरोध ।
- पोषण पुनस्र्थापन कार्यमा अवरोध ।
- स्वस्छ र सुरक्षित पिउने पानीको अभाव ।

विपद्को कारणले मानसिक स्वास्थ्य सम्बन्धी समस्यामा बृद्धि ।

**समष्टिगत उद्देश्य :**

जस्तोसुकै आपत्कालीन अवस्था परे तापनि मानव जीवन सुरक्षा तथा कल्याण (Human Survival And Well-being), खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषण सम्बन्धी आवश्यकताहरू पुरा भएका छन् भनी सुनिश्चित गर्ने ।

**विशिष्ट उद्देश्य (स्वास्थ्य) :**

- झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।
- द्रुत लेखाजोखा (Initial Rapid Assessment) गरी स्वास्थ्य तथा पोषण सेवाहरूको अवस्थालाई सुदृढ पार्ने ।
- रोग फैलन गएको खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (Referal Mechanism) को विकास गर्न जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग पुर्याउने ।

- पर्याप्त आपत्कालीन आपूर्ति र मानव श्रोत लगायतका विषयमा शिघ्र क्षमता अभिवृद्धिका लागि अस्पताल (राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक)/जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने।
- सुरक्षित मातृत्व तथा परिवार नियोजनका सेवाहरु (सुरक्षित प्रसुति, गर्भावस्था तथा सुत्केरी अवस्थाको सेवा, आकस्मिक परिवार नियोजन सेवा), यौन हिंसा प्रभावितहरुलाई स्वास्थ्य सेवा प्रदान गर्ने।
- आपत्कालीन अवस्थामा प्रजनन् स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन Minimun Initial Service Package (MISP) को सञ्चालन गर्न आवश्यक क्षमता अभिबृद्धि गर्ने।

मानसिक स्वास्थ्य समस्यालाई समाधान गर्न मनोसामाजिक विमर्श सेवा प्रदान गर्ने।

**विशिष्ट उद्देश्य (पोषण)**

- विस्थापित मानिसहरूका लागि पुरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP)मा पहुँचको माध्यमबाट गर्भवती तथा दुध खुवाउने महिला एवं पाँच वर्ष मुनिका केटाकेटीहरूमा गम्भिर कुपोषणको वृद्धिलाई रोकथाम गर्न अस्पताल राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक) जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने।
- गम्भीर कुपोषण (Severe Acute Malnutrition-SAM)को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न सहयोग गर्ने।
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन जिल्ला जनस्वास्थ्य कार्यालयलाई मद्दत गर्ने।
- भिटामिन 'ए' को वितरण, जुका मार्ने औषधी तथा प्रभावित केटाकेटीहरूका लागि खोपसम्बन्धी गतिविधिहरू सुनिश्चित गर्नका निमित्त जिल्ला जनस्वास्थ्य कार्यालयलाई सहयोग गर्ने।

नेतृत्व प्रदान गर्ने निकाय : जिल्ला स्वास्थ्य कार्यालय/स्थानीय तहका स्वास्थ्य सेवाका ईकाइ

यस क्षेत्रका सदस्यहरुको सूची, क्षमता तथा श्रोत मापन

| क्र सं | जिल्लाका साझेदार निकायहरुको नाम | उपलब्ध स्रोत वा सामग्रि | सम्पर्क | टेलिफोन नं र इमेल |
|---|---|---|---|---|
| १ | स्वास्थ्य कार्यालय | औषधी/स्वास्थ्यकर्मि | कार्यालय प्रमुख | |
| २ | स्थानीय तहमा रहेका स्वास्थ्य संस्था, एम्बुलेन्स सेवा र निजी अस्पतालहरुको सम्पर्क सूची अनुसूचि २ मा राखिएको छ। | | | |
| ३ | आंखाउपचार केन्द्र रुकुमकोट | औषधी र जनशक्ति | प्रमुख | |
| ४ | नेपाल पत्रकार महासंघ | सूचना प्रवाह | | |
| ५ | यु.एन.एफ.पि.ए. | आपत्कालीन अवस्थामा प्रजनन् स्वास्थ्य सेवा | भूवन सेजुवाल | ९८४८३००५३४ |
| ६ | नेपाल रेडक्रस सोसाइटी | IRA तथ्याङ्क संकलन तथा प्राथमिक उपचार | लोक बहादुर बुढाथोकी | ९८५१२३०४२९ |
| ७ | रुकुमेली समाज विकास केन्द्र सुआहारा दोश्रो कार्यक्रम | पोषण, जनशक्ति, जनचेतना अभिवृद्धिका गतिबिधि, बच्चाका लागि पौष्टिक सामग्री | नर बहादुर नेपाली (अध्यक्ष)<br>जगदिश लोहार (कार्यक्रम सं) | ९८५११६२३१५<br>९८४१५१५४६४ |
| ८ | हुरेडकार्स रुकुम | पोषण, जनशक्ति, जनचेतना अभिवृद्धिका गतिबिधि, बच्चाका लागि पौष्टिक सामग्री | दामोदर गौतम (अध्यक्ष) | ९८५७८३४३५२ |
| ९ | नेपाल जनजागरन मञ्च | पोषण, जनशक्ति, जनचेतना अभिवृद्धिका गतिबिधि, बच्चाका लागि पौष्टिक सामग्री | रमेश खड्का (अध्यक्ष) | ९८४७८५२२२३ |

| | | | | |
|---|---|---|---|---|
| १० | MCDS | कृषि सरसफाइ तथा पोषण | सुजाता राजभन्डारी | भूमे |
| ११ | मिक नेपाल | पोषण, जनशक्ति, जनचेतना अभिवृद्धिका गतिबिधि, बच्चाका लागि पौष्टिक सामग्री | भिउमान घर्ति | ९८५७८७६७१७ |

**यस क्षेत्रको नेतृत्व गर्ने निकाय : स्वास्थ्य कार्यालय/स्थानीय तहमा रहेको स्वास्थ्य सेवा शाखा**

**आपतकालिन परिस्थितिको पूर्वतयारी सम्वन्धि गतिबिधि (विपदभन्दा पहिले)**

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्था<br>जिल्लाका क्षेत्रगत (Cluster) साझेदारहरूका बीचमा सम्झौता गर्ने<br>क. समन्वय बैठक (आपत्कालीन परिस्थितिभन्दा पहिले, परिस्थितिको अवधिमा र त्यसपछि बैठक गर्ने ।<br>ख. पूर्वतयारी तथा सहयोग सम्बन्धी गतिविधिका लागि सम्पर्क व्यक्तिको नाम तथा सम्पर्कनिकायहरूको पहिचान ।<br>ग. लागू गर्न सकिने साझेदार सम्बन्धी व्यवस्थाको विकास । | स्थानीय सरकार, स्वास्थ्य कार्यालय | जेष्ठ मसान्त |
| आधार रेखा जानकारी तथा तथ्याङ्क सङ्कलन गर्ने :<br>क. बाढी जान सक्ने गापा वा सम्बन्धित क्षेत्रगत पहिचान<br>ख. जिल्लाका स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूसँगको स्रोतको नक्साङ्कन | स्वास्थ्य सेवा इकाइ, स्वास्थ्य कार्यालय | जेष्ठ मसान्त |
| क्षमता विकासः महामारी निगरानी, नवजात शिशुलाई विपद्को बेलामा खुवाउने पौष्टिक आहार | स्थानीय सरकार, स्वास्थ्य कार्यालय | जेष्ठ मसान्त |
| उद्धार सामाग्री पहिले नै भण्डारण गरी राख्ने<br>● सम्भावित आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने व्यक्तिहरूको संख्याका आधारमा आवश्यक स्वास्थ्य सामाग्रीको न्युनतम मौजदात ।<br>● विभिन्न सङ्गठनहरूसँग उपलब्ध मौजदातको नक्साङ्कन गर्ने ।<br>● अपुग सामाग्री (GAPS) को पहिचान गर्ने ।<br>● पुस्तिका, पोस्टर र सूचना, शिक्षा । | स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी | जेष्ठ मसान्त |
| पूर्वतयारी योजनाको समीक्षा गर्नका लागि समन्वय बैठक (जिल्ला तथा स्थानीय तह) | स्थानीय सरकार, स्वास्थ्य कार्यालय | ३ महिनामा |

**आपत्कालीन सहयोग सम्बन्धी गतिविधिः आपत्कालीन परिस्थितिको अवधिमा**

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि बिपद् अवधिमा सम्बन्धित क्षेत्रका सबै सदस्यहरूसँग आपत्कालीन बैठक बस्ने ।<br>जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने ।<br>CRRT/DRRT लाई परिचालन गर्ने साथै आवश्यक प्राथमिक उपचारका औषधी उपकरण र एम्बुलेन्स लिई घटनास्थलमा पुगी सेवा उपलब्ध गराउने | स्थानीयसरकार<br>स्वास्थ्य कार्यालय युएनएफपिए<br>,<br>युनिसेफ, DEOC<br>लगायत क्लष्टर सदस्यहरु | क) बिपद् शुरू भएपछि २४ घण्टाभित्र<br>(ख) पहिलो सात दिनसम्म एकदिन बिराएर<br>(ग) दोस्रो हप्तापछि हप्तामा एकपटक |
| परिस्थिति सम्बन्धी प्रतिवेदन तयार पार्ने : | स्थानीयसरकार | ४८–७२ घण्टाभित्र |

| | | |
|---|---|---|
| क. पहिलो प्रतिवेदन।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमबाट स्वास्थ्य सूचना प्रशारण गर्ने।<br>घ) जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रसँग समन्वय गर्ने। | स्वास्थ्य कार्यालय युएनएफपिए<br><br>युनिसेफ, DEOC<br>लगायत क्लष्टर सदस्यहरु | पहिलो प्रतिवेदन र पहिलो<br>सात दिनमा हरेक २४ घण्टामा र दोस्रो हप्ता देखि एक दिन बिराएर |
| प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखा Baseline Survey का तथ्याङ्कको समीक्षा गर्ने :<br>क. प्रारम्भिक सूचना संकलन गर्ने।<br>ख. प्रभावित परिवारको अनुमान गर्नका लागि प्रभावित गापासँग सम्बन्धित उपलब्ध तथ्याङ्क जानकारीको समीक्षा गर्ने।<br>ग.प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने<br>घ. जिल्लामा उपलब्ध उद्दार सेवा÷क्षमता÷उद्दार सामग्रीको समीक्षा गर्ने। | स्थानीयसरकार<br><br>स्वास्थ्य कार्यालय युएनएफपिए<br>युनिसेफ, DEOC<br>लगायत क्लष्टर सदस्यहरु | पहिलो दिनदेखि नै लगातार रुपमा (७२ घण्टाभित्र)<br>नियमित रुपमा |
| क. तत्काल उपलब्ध गराइने मानवीय गतिविधिहरूको प्राथमिकताक्रम निर्धारण गर्ने<br>ख. उपयुक्त कामका लागि सम्बन्धित क्षेत्र (Cluster) लाई सल्लाह दिने।<br>ग. प्रभावित स्थानमा अत्यावश्यक औषधीको आपूर्ति व्यवस्था गर्ने ।<br>घ. प्रभावित स्थानमा अस्थाइ स्वास्थ्य शिविर खडा गरी स्वास्थ्य सेवा उपलब्ध गराउने।<br>ङ. न्युनतम यौन तथा प्रजनन स्वास्थ्य सेवा (Minimum Initial Service Package (MISP) कार्यान्वयनमा ल्याउने,<br>च. आपत्कालीन प्रजनन् स्वास्थ्य सामग्री (Emergency RH kit) विवरण<br>प्रसुति सेवाको लागि टेन्ट सहित Maternity Unit स्थापना गरी सेवा संचालन गर्ने<br>छ. मनोविमर्श सेवा तथा मनोसामाजिक प्राथिमक उपचार (Psychosocial First Aid-PFA)सेवा प्रदान गर्ने।<br>ज. सम्भावित महामारी रोगको रोकथाम र नियन्त्रण गर्ने।<br>झ. स्वास्थ्य शिक्षा सम्बन्धी सूचना प्रवाह गर्ने तथा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने। | स्थानीयसरकार<br>स्वास्थ्य कार्यालय युएनएफपिए, नेपाल रेडक्रस सोसाइटी, पत्रकार महासंघ<br>युनिसेफ, DEOC<br>लगायत क्लष्टर सदस्यहरु | ३–४ दिन भित्र एक हप्ता भित्र शिविर कहाँ राख्ने भन्ने बारे ठाउँको पहिचान र दर्ता गर्ने कार्य।<br>(शुन्य) घण्टादेखि नै प्राथमिकतासहित तुरुन्तै<br>शुरू गर्नुपर्दछ। |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने। | स्थानीयसरकार<br><br>स्वास्थ्य कार्यालय युएनएफपिए<br>युनिसेफ, DEOC<br>लगायत क्लष्टर सदस्यहरु | ७ दिनभित्र |
| मानवीय सहयोगका लागि (यदि छन् भने प्रयोगमा ल्याउन सकिने भनी तयारी अवस्थामा राखिएका प्रतिवद्धता तथा सम्झौतालाई सक्रीय पार्ने। | स्वास्थ्य कार्यालय | ७–१० दिन |

| | | |
|---|---|---|
| मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका लागि टोली खटाउने। | स्वास्थ्य कार्यालय | एक हप्ता— निरन्तर जारी |
| सहयोग सम्बन्धी गतिविधि — अन्तरिम अवधिका लागि (३०–९०) दिन | | |
| अन्तर क्षेत्रगत समन्वय बैठक (स्वास्थ्य तथा पोषण, खानेपानी, आवास, कृषि, संरक्षण) | स्वास्थ्य कार्यालय | हप्तामा एक पटक |
| विषयक्षेत्रको विस्तृत लेखाजोखा (CSDA) सञ्चालन गर्ने (स्वास्थ्य तथा पोषण) | स्वास्थ्य कार्यालय | १५–४५ दिन |
| स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण (स्वास्थ्य तथा पोषण) | स्वास्थ्य कार्यालय | ३–४ हप्ता |
| अन्तरिम अवधिका लागि मानवीय सहयोग सम्बन्धी गतिविधिहरू | स्वास्थ्य कार्यालय | २–३ हप्ताभित्र |
| परिस्थिति सम्बन्धी सङ्कलित र निर्मित प्रतिवेदनलाई अद्यावधिक पार्ने | स्वास्थ्य कार्यालय | हप्तामा एक पटक |
| मानवीय सहयोगको अनुगमन | स्वास्थ्य कार्यालय | निरन्तर जारी |
| सहयोग सम्बन्धी गतिविधि-थप अवधि (९० दिनभन्दा बढी) का लागि | | |
| अनुगमन तथा प्रतिवेदन | स्वास्थ्य कार्यालय, DDMC, स्थानीय सरकार | ३ महिनादेखि निरन्तर |

**विपद् प्रभावित जनसंख्याको प्रजनन् स्वास्थ्य आवश्यकता अनुमानका लागि अन्तर्राष्ट्रिय मापदण्ड** (Standard Population)

विपद् प्रभावित समुदायको प्रजनन् स्वास्थ्य सेवाका लागि आवश्यक औषधी, सामग्री र स्वास्थ्यकर्मीहरु देहायको मापदण्डका आधारमा अनुमान गर्न सकिन्छ। अन्तर निकाय प्रजनन् स्वास्थ्य सामग्रीहरु पनि सोही आधारमा तयार गरिएका छन्।

| **जनसंख्याको समूह** | **प्रभावित जनसंख्याको आधार (प्रतिशतमा)** |
|---|---|
| वयस्क पुरुषहरु | २० |
| प्रजनन् उमेर समूहका महिलाहरु (१५ देखि ४९ वर्ष ) | २५ |
| कोरा जन्म दर | ४ |
| जटिल गर्भपतन र गर्भावस्था | २० |
| योनी च्यातिने र बच्चा जन्मदा टाँका लगाउन जरुरी | १५ |
| वच्चा जन्मँदा गरिने शल्यक्रिया (सिजरिनन् अप्रेशन) | ५ |
| बलात्कृत हुनसक्ने प्रजनन् उमेरका महिलाहरु | २ |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन् उमेरका महिलाहरु | १५ |
| • पिल्स (खाने चक्की) | ३० |
| • सुई | ६५ |
| • आइ.यू.सि.डी. | ५ |

## ङ) क्षेत्र (Cluster): खानेपानी, सरसफाई तथा स्वच्छता

भौगोलिक विकटता, अशिक्षा, गरिवी जस्ता कारणले यस जिल्लामा वर्षेनी विभिन्न प्रकारका प्रकोपका घटनाहरु घट्ने गर्दछन्। यस जिल्लामा विशेष गरी पहिरो, हिमपात, बाढी, आगलागी, भूकम्प, महामारी, बालीनालीमा रोग किरा, जंगली जनावरको आतंक जस्ता विपद्हरु हुने गरेको छ। अव्यवस्थीत रुपमा निर्माण भैरहेका सडक बाटाघाटा, भवन निर्माण संरचना भौगोलिकता आदीले पनि बाढी पहिरो भूक्षय जस्ता विपदका घटनाहरु हुन सक्ने सम्भावना देखिन्छ। यसबाट करिव १०७५ घरधुरी प्रभावित हुन सक्ने देखिन्छ। यसरी अव्यवस्थीत रुपमा भैरहेको भौतिक पूर्वाधार विकासका गतिविधिहरुले खानेपानी सरसफाई तथा

स्वच्छता जस्ता कुराहरुमा पनि बाधा पुग्न सक्ने देखिन्छ , तसर्थ आधारभूत स्तरको खानेपानी तथा सरसफाईका सुविधाहरु दिगो रुपमा प्रभाव गर्न आवश्यक योजना सहित कार्यान्वयनमा जानुपर्ने देखिन्छ।

**नेतृत्व प्रदान गर्ने निकाय:** खानेपानी तथा सरसफाई सम्पर्क कार्यालय

**सह नेतृत्व गर्ने निकाय:** जलस्रोत तथा सिंचाई सव डिभिजन कार्यालय

**बिपद् सम्बन्धी परिस्थिति: बिपद्का सम्भावित मानवीय असर**

- बाढीको कारणबाट सुरक्षित खानेपानीको मुहान अवरुद्ध भई दुषित हुन सक्छन।
- वातावरण प्रदुषित हुने गरी शौचालयहरू भरिन सक्दछन्।
- सुरक्षित पानीको अभावले गर्दा झाडापखाला तथा हैजा फैलने जोखिम बढ्न सक्छ।
- प्रभावितहरु समक्ष सुरक्षित खानेपानी तथा सरसफाईका सुविधाहरूको पहुँच नहुने हुन सक्दछ।

**समष्टिगत उद्देश्य :**

- खानेपानी तथा सर–सफाइसँग सम्बन्धित रोगहरू फैलन नदिने र तिनको रोकथाम गर्ने।

**विशिष्ट उद्देश्य :**

१. विस्थापित समुदायका लागि, (खास गरी शिविरमा बस्ने मानिसहरूका लागि) सुरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने।

२. स्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वास्थ्यसँग सम्बन्धित व्यवहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने।

३. सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफा (Cleaness) कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने।

**मानवीय सहयोगका न्युनतम मापदण्ड: स्फेयर मापदण्ड**

१. प्रतिदिन प्रतिव्यक्ति न्युनतम ५ लिटर पानी उपलब्ध गराउने र पहिलो ४ हप्ताभित्र प्रतिव्यक्ति प्रतिदिन उपलब्ध गराइने पानीको परिमाणलाई १५ लिटर पुर्याउने।

२. शिविरमा बस्ने विस्थापित मानिसहरू तथा घर तथा व्यक्तिगत सम्पत्ति नष्ट भएका व्यक्तिहरूका लागि पानी सङ्कलन गर्नका लागि बाल्टीन र पानी शुद्ध गर्नका लागि ३० दिनसम्म खानेपानी शुद्ध गर्ने चक्की (Tablets) अथवा वाटर गार्ड (Water Guard) उपलब्ध गराउने।

३. शिविरमा बसोबास गर्ने विस्थापित मानिसहरूका लागि उपयुक्त सरसफाइ एवं महिलाहरूका लागि नुहाउने सुविधाका निमित्त अस्थायी चर्पी (हरेक २० व्यक्तिका लागि एक चर्पी र पहिलो हप्ताभित्र हरेक १० व्यक्तिका लागि एक चर्पीका दरले सोलाई बढाउने गरी) को निर्माण गर्ने।

४. शिविरमा बसोबास गर्ने प्रभावित मानिसहरूलाई जिल्ला स्वास्थ्य तथा खानेपानी कार्यालयका कर्मचारी, साझेदार गैर–सरकारी सङ्गठन, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक एवं रेडक्रसका स्वयंसेवकहरूसँग मिली स्वास्थ्य तथा सरसफाई सम्बन्धी सामाग्रीहरु (KITs) वितरण गर्ने र स्वच्छता प्रवर्द्धन सम्बन्धी गतिविधिहरू (पानी शुद्ध पार्ने उचित तरिका र साबुनद्वारा हात धुने सञ्चालन गर्ने।

**खानेपानी, स्वच्छता तथा सरसफाई क्षेत्रका सदस्यहरुको सूची, क्षमता तथा श्रोत आँकलन :**

| क्र सं | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | उपलब्ध स्रोत रकम वा सामग्री | सम्पर्क ब्यक्ति | टेलिफोन नं वा इमेल |
|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई सम्पर्क | खानेपानी तथा सरसफाईका सामाग्रीहरु, पानी शुद्धिकरणका लागि सामाग्रीहरु, केही पाइप, | प्रमुख | |

| | | | | |
|---|---|---|---|---|
| २ | UNICEF | बिपद्को समयमा आवश्यकता अनुसार उपलब्ध गराउन सकिने क्षेत्रीय गोदामघर नेपालगञ्ज बाँकेमा रेहेको | प्रमुख | |
| ३ | नेपाल रेडक्रस सोसाइटी | स्वयंसेवक परिचालन तथा बाल्टीन र मग ५०/५० थान | संयोजक | |
| ४ | सामुदायिक वन महासंघ | समन्वय स्वयंसेवक | अध्यक्ष | |
| ५ | रुकुमेली समाज विकास केन्द्र सुआहारा दोश्रो | सरसफाईका सामग्रीहरु उपलब्ध गराउन सकिने,<br>७ जना कर्मचारी परिचालन गर्न सकिने, आपत्<br>कालीन अवस्थामा परामर्श सेवा प्रदान गर्न सकिने | अध्यक्ष | |
| ६ | स्थानिय तहको खानेपानी तथा सरसफाइ हेर्ने इकाई | खानेपानी तथा सरसफाईका सामाग्रीहरु, पानी शुद्धिकरणका लागि सामाग्रीहरु, केही पाइप, | इन्चार्ज | |
| ७ | नेपाल जनजागरण मञ्च | खानेपानी तथा सरसफाईका सामाग्रीहरु, पानी शुद्धिकरणका लागि सामाग्रीहरु, जनचेतनामुलक कार्यक्रमहरु | अध्यक्ष | |
| ८ | स्वच्छता कार्यक्रम | सरसफाईका सामग्रीहरु तथा पानी शुद्धिकरणका लागि सामाग्रीहरु उपलब्ध गराउन सकिने, | वम बहादुर खड्का | ९८५८०२७०२८ |
| ९ | एकिकृत विकास समाज | खानेपानी तथा सरसफाईका सामाग्रीहरु, पानी शुद्धिकरणका लागि सामाग्रीहरु, जनचेतनामूलक कार्यक्रमहरु | मिलन देवकोटा | ९८४९३६९०४८ |

आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधिः (विपद् भन्दा  पहिले)

| क्र सं | क्रियाकलापहरु | जिम्मेवार निकाय | कहिले सम्म |
|---|---|---|---|
| १ | जिल्लाका क्षेत्रगत साझेदारहरुका बीच क्लस्टर सदस्यको बैठक गर्ने, समन्वय स्थापित गर्ने संयन्त्रका बारेमा सहमति कायम गर्ने । | खानेपानी सम्पर्क कार्यालय र स्थानीय सरकार | मंसिर, फागुन र जेठ |
| २ | प्रभावित क्षेत्रमा उत्पन्न हुनसक्ने संकट आकलन तथा खानेपानी तथा सरसफाईका लागि योजना निर्माण | खानेपानी सम्पर्क कार्यालय र स्थानीय सरकार, नेपाल रेडक्रस सोसाइटी | बैशाख सम्म |
| ३ | सुरक्षित खानेपानी सुचारु गर्न आवश्यक पर्ने सामग्री तथा जनशक्ति तयारीअवस्थामा राख्ने | स्थानीय सरकार, खानेपानी सरसफाइ सम्पर्क कार्यालय | बैशाख सम्म |

| | | | |
|---|---|---|---|
| ४ | जानकारीको विश्लेषणका लागि सम्पर्क ब्यक्ति तोक्ने । | खानेपानी सरसफाइ सम्पर्क कार्यालय, स्थानीय सरकार | चैत्र |
| ५ | विपद् जानसक्ने सम्बन्धित क्षेत्रको तथ्यांक लिई त्यस क्षेत्रमा उत्पन्न हुनसक्ने खानेपानी समस्याको आकलन गर्ने | खानेपानी सरसफाइ सम्पर्क कार्यालय, सरोकारवालाहरु | फागुन |
| ६ | आपत्कालीन परिस्थितिमा प्रभावित हुनसक्ने खानेपानी योजनाहरु र प्रभावित हुनसक्ने घरपरिवार संख्याको आधारमा आवश्यक सामग्रीको न्यूनतम मौज्दात विभिन्न निकायहरुसंग उपलब्ध मौज्दात विवरण लिने | खानेपानी सरसफाइ सम्पर्क कार्यालय, सरोकारवालाहरु | असार |
| ७ | अपुग सामग्रीको पहिचान गर्ने पुस्तिका, पोस्टर, सूचना तथा संचार सम्बन्धी सामग्रीहरु पूर्वतयारी अवस्थामा राख्ने । | खानेपानी सरसफाइ सम्पर्क कार्यालय, सरोकारवालाहरु | असार |

विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद्को अवधिमा लागु हुने)

| सहयोग गतिबिधि के? | जिम्मेवार निकाय को ? | कहिलेसम्म ? |
|---|---|---|
| सहयोगसम्बन्धी गतिविधि —तत्कालका लागि (०–९० दिनसम्म) | | |
| क्षेत्रगत सदस्यहरुको आकस्मिक बैठक संचालन ।<br>विपद् अवस्थाको विश्लेषण ।<br>प्रतिकार्यको तयारी गर्ने ।<br>सूचना डेस्क स्थापना | खानेपानी सरसफाइ सम्पर्क कार्यालय, सरोकारवालाहरु | पहिलो दिन |
| स्थलगत वस्तुस्थितिको जानकारी लिनको लागि अन्य क्षेत्रसँग र सम्बन्धित क्षेत्रमा सम्पर्क गरी जानकारी लिने । | खानेपानी सरसफाइ सम्पर्क कार्यालय, सरोकारवालाहरु | दोस्रो दिन |
| क्षेत्रगत सदस्यहरुबीच विपद् विश्लेषण गरी क्षतिको लेखाजोखा गर्नको लागि एक टोली विपद् स्थलमा खटाउने। | खानेपानी सरसफाइ सम्पर्क कार्यालय, सरोकारवालाहरु, जिल्ला समन्वय समिति | पहिलो हप्ता |
| प्रविधिक टोलीद्वारा संकलित विवरणको आधारमा प्रदूषित खा.पा. तथा सरसफाई सम्बन्धी जनचेतना फैलाउन अर्को टोली परिचालन । | खानेपानी सरसफाइ सम्पर्क कार्यालय, स्थानीय सरकार, सरोकारवालाहरु | दोस्रो हप्ता |
| सुरक्षित, स्वच्छ खा.पा. तथा सरसफाई कायम गर्नको लागि उपयूक्त, गुणस्तर परिमाणमा पानीमा प्रभावित परिवारमा पहुँच पुर्याउनको लागि पानीको वितरण तथा अस्थायी शौचालय निर्माण गर्न सचेतना कार्यक्रम संचालन गर्ने । | खानेपानी सरसफाइ सम्पर्क कार्यालय, स्थानीय सरकार, सरोकारवालाहरु | पहिलो महिना |
| सुरक्षित शौचालय निर्माण, प्रभावित क्षेत्रमा संचालित कार्यक्रमको अनुगमन, स्थायी खा.पा.योजना संचालनका लागि पाईप आदि सामग्री व्यवस्था गर्न सरोकारवाला निकाय र तालुक निकायमा समन्वय गर्ने । | जिल्ला समन्वय समिति, खानेपानी सरसफाइ सम्पर्क कार्यालय, स्थानीय सरकार, सरोकारवालाहरु | दोस्रो महिना |
| सहयोगको अनुगमन तथा पृष्ठपोषणका लागि टोली खटाउने, समग्र प्रतिकार्यको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।<br>सम्बन्धित सबै सरोकारवाला निकायलाई प्रगति प्रतिवेदन | जिल्ला समन्वय समिति, खानेपानी सरसफाइ सम्पर्क कार्यालय, स्थानीय सरकार, सरोकारवालाहरु | तेस्रो महिना |

| | | |
|---|---|---|
| पठाउने ।<br>जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने । | | |

## च) क्षेत्र (Cluster) सामाजिक सुरक्षा तथा आपत्कालीन संरक्षण

**नेतृत्व प्रदान गर्ने निकाय (Cluster Lead) :** जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका महिला बालबालिका तथा सामाजिक विकास इकाइ

**विपद् सम्बन्धी परिस्थिति :** प्रकोपबाट सम्भावित मानवीय असर

- मानवअधिकार तथा मौलिक अधिकार उलंघनका घटनामा बृद्धि ।
- विस्थापित व्यक्तिहरुको आधिकारिक कागजातहरु जस्तैः नागरिक्ता, जग्गाधनीपुर्जा, शैक्षिक, कागजातहरु बैंकिङ कागजातहरु तथा अन्य महत्वपूर्ण कागजातहरु हराएको कारण उद्धार तथा राहतमा समस्या
- जनको क्षति, अनाथहरूको सङ्ख्यामा वृद्धि ।
- मानिसहरुको आन्तरिक विस्थापन ।
- घाइते बालबालिका ।
- बढ्दो दुरुपयोग र शोषण, दुर्ब्यवहार, भेदभाव ।
- विछोडिएका तथा एकल बालबालिका ।
- सम्भावित मानसिक आघात (Psychosocial Trauma) तथा मनोवैज्ञानिक विपत्ति ।
- लैङ्गिकतामा आधारित हिंसा (Gender Based Voilence-GBV) को बढ्दो जोखिम ।
- सामना गर्ने संयन्त्र (Coping Mechanism) मा अवरोध ।
- मानव बेचविखनको जोखिम ।
- प्रभावित व्यक्तिहरुमा यौन शोषणको जोखिम् ।
- अपाङ्ग, बृद्ध एकल महिलाहरु र लैंगिक अल्पसंख्यक को सुरक्षा तथा संरक्षणमा कमी ।
- शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण ।
- केही समुदाय अथवा समूहहरूका लागि मानवीय सहयोगमा पहुँच नहुनु अथवा पहुँच अपर्याप्त हुनु ।

**समष्टिगत उद्देश्य :**

महिला तथा बालबालिका लगायत जोखिम्मा रहेका समुहहरूले आपत्कालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुव्र्यवहार तथा हेलाबाट संरक्षण गर्ने ।

**विशिष्ट उद्देश्य :**

१. नेपालका विपद् तथा अन्य आपत्कालीन परिस्थितिहरूमा उपलब्ध गराइने सहयोग कार्यक्रमहरूमा जोखिम्मा रहेका समुहहरूका लागि मानव अधिकारसम्बन्धी कानून, अन्तर्राष्ट्रिय मानवीय कानून तथा राष्ट्रिय कानूनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षण गर्दै भएका कुरा सुनिश्चित गर्ने ।
२. जोखिम्मा रहेका समुहहरूको संरक्षण सुनिश्चित गरी आपत्कालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।
३. आपत्कालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुव्र्यवहार तथा हेलाका जोखिम्हरूलाई सम्बोधन गरी प्रकोपबाट प्रभावित मानिसहरूको संरक्षण गर्ने र त्यस्ता दुव्र्यवहारबाट प्रभावित भई जीवित व्यक्तिहरूका लागि सेवा सम्बन्धी प्रावधानहरूमा सहयोग उपलब्ध गराउने ।
४. लैङ्गिक हिंसाको रोकथाम, प्रेषण प्रणाली स्थापना तथा सवलीकरण, महिला तथा किशोरीहरुका लागि मर्यादा कायम गर्ने प्रभावकारी संयन्त्र बनाउने ।

५. यौन तथा लैङ्गिक हिंसाबाट प्रभावित तथा गर्भवती र सुत्केरी महिलाहरुको लागि महिला मैत्री स्थान (Female Friendly Spaces) को स्थापना तथा लैगिक हिंसा प्रतिकार्यका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center-OSCMC) लाई प्रभावकारी गराउने ।
६. बाल–मैत्री ठाउँ तथा मनो–सामाजिक परामर्श सम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमा बालबालिका तथा महिला रमाउँदछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
७. बिछोड भएका बालबालिका, खास गरी पाँच वर्षको उमेरभन्दा मुनिका केटाकेटी तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोगपछि उपयुक्त सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गर्ने कार्यमा सहयोग प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्ने ।
८. यौन दुव्र्यवहार तथा हिंसाका विरुद्ध तिनको अनुगमन, प्रतिवेदन तथा पैरवी गर्ने प्रणालीको स्थापना गरी बालबालिका र महिलाहरूको यौन दुव्र्यवहार तथा शोषणको रोकथाम गर्ने ।
९. लैंगिक हिंसा प्रभावितहरुका लागि सुरक्षित आवास र पुनस्थापना केन्द्रको व्यवस्था मिलाउने ।
१०. प्रभावित व्यक्तीहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने र जटिल मानसिक स्वास्थ्य सेवा आवश्यक भएकाहरुलाई सम्बन्धित स्वास्थ्य प्रेशन गर्ने ।
११. जोखिममा रहेका समूहलाई संरक्षण, राहत तथा उद्धार, अत्यावश्य स्वास्थ्य सेवा जानकारीहरु विभिन्न माध्यमबाट उपलब्ध गराउने ।
१२. जोखिममा रहेका व्यक्तिहरुलाई सुरक्षित आवासको व्यवस्थाका लागि शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयगत क्षेत्रसंग समन्वय गरी सुनिश्चित गर्ने ।

**संरक्षणमा मानवीय सहयोगको न्युनतम मापदण्डः स्फेयर मापदण्ड :**

- प्रभावित जनसमुदायको अधिकारको कुनै पनि उलङ्घन, दुव्र्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने, संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई प्रयोगमा ल्याउने ।
- विभिन्न समुदायका सदस्यहरुबाट, विशेषतः अति गरिब तथा पछाडी पारिएका समुहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुबिधामा समान पहुँच सहयोग पाए नपाएको अनुगमन गर्ने ।
- साझेदारहरूका बीचमा अभिलेख राख्ने तथा दर्ता गर्ने प्रणालीमा एकरूपता सुनिश्चित गर्ने ।
- बालमैत्री, महिला मैत्री, अपांगता मैत्री ठाउँ लगायत बालबालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने ।
- शिक्षा तथा संरक्षण सम्बन्धी सहयोग कार्यक्रममा मनो–सामाजिक सहयोगलाई एकीकरण गर्ने ।
- हेरचाह गर्ने व्यक्तिहरूबाट बाल–बालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।
- विछोडिएका तथा परिवारको साथ नभएका बालबालिकाहरू, खास गरी पाँच बर्षको उमेरभन्दा मुनिका बालबालिका तथा किशोरीहरूको पहिचान, दर्ता तथा स्वास्थ्य जाँचको सहजीकरण गर्ने र खोजी तथा पुनर्मिलनमा संलग्न साझेदारहरूलाई सहयोग उपलब्ध गराउने ।
- परिवारबाट बिछडिएका तथा साथ नभएका बाल–बालिकाहरू र अन्य जोखिम्मा परेका समुह जस्तैः परिवार नभएका, बृद्, अपांग तथा दीर्घ रोगबाट पीडित समूहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने । (वास तथा अन्य सेवाको व्यवस्था) ।
- मानवीय सहयोग तथा स्थायी समाधानका बारेमा आन्तरिक रूपमा विस्थापित मानिसहरूलाई नियमित रूपमा सूचनाको प्रवाह भइरहे को छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- फिर्ता हुने कार्यक्रम तथा स्थायी समाधानको तर्जुमा गर्ने कार्यमा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई संलग्न बनाउन प्रयास गर्ने ।

- शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी गर्ने ।

अगुवा निकाय : महिला तथा बालबालिका कार्यालय÷स्थानीय तहका शाखाहरु

यस क्षेत्रका क्षेत्रगत सदस्यहरु (Cluster Members) को सूची, क्षमता तथा श्रोतको आकलन :

| क्र सं | अगुवा वा सहयोगी संस्थाहरु | उपलब्ध स्रोत/साधन | | | सम्पर्क व्यक्तिको नाम तथा पद | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| | | आर्थिक | सामग्रीगत स्रोत | मानविय दक्ष स्रोत | | |
| १ | जेष्ठ नागरीक, महिला बालबालिकातथा सामाजिक विकास शाखा | केहि | समुदायमा रहेका ३ महिला सहकारी स्थानीय तहमा रहेका महिला बालबालिका तथा सामाजिक विकास शाखाहरु | | | |
| २ | संयुक्त राष्ट्रसंघिय जनसंख्या कोष (UNFPA) | | मर्यादा सामग्री | | | |
| ३ | जिल्ला प्रहरी महिला सेल | | सुरक्षित आवास | | प्रहरी प्रमुख | |
| ४ | शिक्षा विकास तथा शिक्षा कार्यालय स्थानीय तहका शिक्षा विकास शाखाहरु | | विद्यालय आपत्कालीन | शिक्षक विद्यार्थी | कार्यालय प्रमुख | |
| ५ | स्वास्थ्य कार्यालय | | आश्रय | स्वास्थ्य सेवा कार्यालय | प्रमुख | |
| ६ | खानेपानी तथा सरसफाई सम्पर्क कार्यालय | | पाईप, पानी शुद्धिकारणका सामग्रीहरु | कर्मचारी | कार्यालय प्रमुख | |
| ७ | रुकुमेली समाज विकास केन्द्र | | सरसफाई सेवा, | केहि कर्मचारी | अध्यक्ष | |
| ८ | हुरेड कार्स रुकुम | | आवश्यकता अनुसार | केहि कर्मचारी | अध्यक्ष | |
| ९ | युएमएन रुकुम कलष्टर | | सरसफाईका सामाग्रीहरु | | टिमलिडर | |
| १० | नेपाल जनजागरन मञ्च | | जनचेतनात्मक कार्यक्रम तथा केही मर्यादा सामग्री | केहि कर्मचारी | अध्यक्ष | |
| ११ | स्थानीय तहमा रहेको महिला बालबालिका तथा सामाजिक विकास शाखामा कार्यरत कर्मचारीहरुको बिवरण अनुसूचि मा राखिएको छ । सबै स्थानीय तहले आ–आप्mनो क्षेत्रगत अवधारणा अनुसार सक्रिय बनाई योजनासमेत बनाउनु पर्नेछ । | | | | | |

**विपद प्रकृतिमा आधारीत प्रतिकार्य योजना(विपदको अवधिमा लागू हुने)**

| सहयोग गतिबिधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| सहयोग सम्बन्धी गतिविधि — तत्कालका लागि (०–३० दिनसम्म) | | |
| जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि सम्बन्धितक्षेत्रका सबै सदस्यहरूसँग समन्वय बैठक गर्ने ।<br>जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमा प्रभावित क्षेत्रको अवस्थाको बारेमा जानकारी प्रदान गर्ने र सूचना लिने । | स्थानीय तह महिलाबालबालिका ईकाइ | पहिलो दिन |
| क. परिस्थिति सम्बन्धी आफ्नो क्षेत्रको पहिलो प्रतिवेदन तयारी गर्ने जसमा प्रभावित बालबालिका, बृद्ध बृद्धा, एकल महिला, गर्भवती तथा सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरु, किशोरीहरु तथा अन्य जोखिम्मा रहेका व्यक्तिहरुको संख्या तथा अवस्था उल्लेख गर्ने ।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने ।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चार माध्यमका लागि समाचार प्रकाशन गर्ने । | महिला, बालबालिका तथा सामाजिक विकास शाखा | दोस्रो दिन |

| | | |
|---|---|---|
| प्रारम्भिक प्रतिवेदन तथा अन्य संरक्षणसँग जोडिएका परिस्थितिको लेखाजोखा तथा समीक्षा गर्ने ।<br>क. प्रभावित परीवारको अनुमान गर्नका लागि प्रभावित स्थानीय तहसँग सम्बन्धित उपलब्ध तथ्याङ्क / जानकारीको समीक्षा गर्ने ।<br>ख. प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको समीक्षा गर्ने ।<br>क.क्लष्टर सदस्यहरु<br>ख. स्थानीय तह महिला, | महिला, बालबालिका तथा सामाजिक विकास शाखा | दोस्रो दिनदेखि निरन्तर |
| प्रारम्भिक जानकारीहरूका आधारमा प्रारम्भिक मानवीय सहयोग<br>क. तत्काल उपलब्ध गराइएका मानवीय सेवाहरुमा महिला, वालवालिका, गर्भवती तथा सुत्केरी महिला, अपांगता भएका व्यक्तिहरु, वृद्ध वृद्धाहरुको पहुँच भए नभएको सुनिश्चितता गर्ने ।<br>ख. सुत्केरी, गर्भवती तथा जोखिममा रहेका किशोरीहरु तथा महिलाहरुलाई मर्यादा सामाग्री (Dignity Kit) वितरण गर्ने ।<br>ग. मानवीय सेवाको आवश्यकता देखिएको प्रभावित समुदायमा सेवा उपलव्धताको लागि पैरवी गर्ने । | क. स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा,<br>UNFPA<br>ख. विषयगत क्षेत्र सदस्यहरु | प्रभावित क्षेत्रमा मानवीय सेवा उपलव्ध गराउन शुरु गरेपछि निरन्तर रुपमा । |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster CP) को समीक्षा गर्ने | DDMC | ७ दिनभित्र |
| पारीवारिक रुपमा बिछोडिएका बालबालिकाहरुको खोजी गर्ने र पुनर्मिलन कार्य गराउने । | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | पहिलो हप्ता |
| संरक्षणका विभिन्न क्रियाकलापका लागि विभिन्न निकायहरुबाट प्राप्त सहयोगको लागि गरिएको प्रतिवद्धताको कार्यान्वयन गर्ने । | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | ७-१० दिन |
| मानवीय सहयोगको अनुगमन गर्न र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउनका निमित्त टोली खटाउने | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | दोस्रो हप्तादेखि निरन्तर |

| | | |
|---|---|---|
| जोखिममा रहेका समूहहरूको पहिचान लगायत पहिलो ३० दिनभित्र तत्कालीन मानवीय सहयोग÷सम्झौता।<br>क. ५ वर्ष मुनिका बालबालिकाहरुको लागि आवश्यक पोषणयुक्त खाना र लत्ता कपडा।<br>ख.सुत्केरी र ६ महिनासम्मका बच्चाका आमाहरुको लागि आवश्यक पोषणयुक्त खाना र लत्ता कपडा।<br>ग.परिवारबाट विछोडिएका बालबालिकाहरुलाई बाल पुनस्थापना गृहमा राख्ने व्यवस्था मिलाउने।<br>घ. लैंगिकतामा आधारित हिंसामा परेका बालबालिका तथा महिलाहरुलाई पुनस्थापना गृहमा राख्ने व्यवस्था मिलाउने। संरक्षणको आवश्यकता भएका वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरुलाई पुनस्थापना गृहमा राख्ने व्यवस्था मिलाउने।<br>ङ. लैगिक हिंसामा परेका ब्यक्तहरुका लागि सुरक्षित गर्न प्रेषण प्रणाली स्थापना तथा सवलीकरण गर्ने।<br>च. महिला तथा किशोरीहरुका लागि मर्यादा कायम गर्ने र महिनावरी स्वास्थ्य सामग्री र डिग्निटी किट वितरण।<br>छ. महिलामैत्री स्थानहरुको पहिचान गर्ने तथा सुरक्षित स्थान निर्माण गर्ने। | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | पहिलो दिनदेखि निरन्तर |
| सहयोग सम्बन्धी गतिविधि — अन्तरिम अवधिका लागि (३०–९०) दिनको अवधीमा | | |
| क्षेत्रगत समन्वय बैठक गर्ने।<br>• मनोसामाजिक असर देखिएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने<br>• विपद्को अवस्थामा महिला तथा बालबालिकामा पर्नसक्ने थप जोखिमको बारेमा जनचेतनामूलक कार्यक्रमहरु गर्ने जस्तैः लैंगिक हिंसा, मानव बेचबिखन, बाल संरक्षण, मनोबिमर्श सेवा, यौन हिंसा तथा सहयोगबारे जानकारी आदि।<br>• विपद पछि हुने लैगिक हिंसा, यौन हिंसा तथा बाल हिंसाका घटनाहरुको सिफारिस प्रणालीमा काम गर्ने। शिविरभित्र संरक्षण आवश्यक भएमा महिला, बालबालिका तथा जेष्ठनागरिकका लागि सुरक्षित स्थान पहिचान गर्ने।<br>• विपद्पछि हुनसक्ने मानव बेचविखन तथा ओसारपसार रोक्नका लागि गतिबिधी सञ्चालन गर्ने। | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | दुइ हप्तामा एक पटक |
| मानवीय सहयोगको अनुगमन गर्ने। मानवीय सहायताको प्रतिवेदन तयारी तथा जिल्ला<br>विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने। | स्थानीय तह महिला, बालबालिका तथा सामाजिक विकास शाखा, | निरन्तर |

**छ) क्षेत्र (Cluster): आपत्कालीन शिक्षा**

**नेतृत्व प्रदान गर्ने निकाय :** जिल्ला शिक्षा तथा समन्वय ईकाई कार्यालय

**विपद् सम्बन्धी परिस्थिति :**प्रकोपका सम्भावित मानवीय असर (शिक्षा) :

रुकुम पूर्व जिल्लामा संचालनमा रहेका कुल १३९ विद्यालय, विद्यालय रहेको स्थान तथा भौगोलिक अवस्था, समग्र जिल्लामा हुन सक्ने विपद्लाई विश्लेषण गर्दा ४१ विद्यालयहरु पहिरो, भूकमप, बाढी तथा हावाहुरीका कारण

प्रभावित हुन सक्ने देखिन्छ जसका कारण कुल ३५०० विद्यार्थीहरु प्रभावित हुन सक्ने छन् । हाल शंसारभर आतंकित बनाईरहेको महामारी COVID-19 का कारण जम्मै विद्यालय बन्द भैरहेको हुँदा नियमित पठनपाठन अवरुद्ध हुनपुगेको छ । विद्यालयहरु राष्ट्रव्यापी अनिश्चित कालका लागि बन्द रहेका छन्यसको सामाजिक असर दिगो हुन सक्दछ ।

- विद्यालय भवनहरू र शिक्षण÷सिकाइका सामग्रीहरूको क्षति ।
- शिक्षक÷विद्यार्थीहरू हताहतजनको क्षति ।
- विद्यार्थीहरुको विद्यालयसम्म पहुँच नहुनु ।
- विद्यालयमा क्षति हुनाले शैक्षिक क्रियाकलापमा अवरोध ।
- आन्तरिक रूपमा विस्थापितहरूका लागि प्रभावित नभएका विद्यालयहरू आवासको रूपमा प्रयोग हुन्छन् । आतिथ्य प्रदान गर्ने विद्यालय (Host Schools) को पढाइमा अवरोध ।
- केटाकेटी तथा शिक्षकहरूमा विपद्को मनोवैज्ञानिक असरले गुणस्तरीय सिकाइ एवं सिक्ने प्रक्रियामाथि प्रभाव पार्छ ।

**समष्टिगत उद्देश्य :**

१. विकास गर्न, संरक्षण प्राप्त गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेर का तथा प्रभावित सम्पूर्ण केटाकेटीहरूको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने ।

२. सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा केटाकेटीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुर्याउने ।

**विशिष्ट उद्देश्य :**

१. विपद्बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।

२. प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समुहका सदस्यहरू (Cluster Members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदान-प्रदान सुनिश्चित गर्ने ।

३. आपत्कालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने ।

४. द्रुत तथा चालु (Rapid and On-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने र आपत्कालीन परिस्थितिमा रहेका केटाकेटीहरूको शिक्षाका निमित्त युनिसेफका प्रमुख प्रतिवद्धताहरू (UNICEFs Core Commitments to Children in EMergencies for Education) का न्युनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

५. आपत्कालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Cluster) सँग सम्बन्धको स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।

६. बृहत्तर बिद्यालय सुरक्षा नीति लाई आवलम्वन गरी कार्य गर्ने ।

शिक्षामा मानवीय सहयोगसम्बन्धी न्युनतम मापदण्ड : (स्फेयर मापदण्ड)

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षासम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने ।
- शिक्षा समन्वय इकाई र स्थानीय क्षेत्रगत सदस्यहरू सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल–बालिकाहरूको शिक्षालाई जारी राख्नका लागि तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।

- सम्भव भएसम्म यथासक्य चाँडो अर्थात् सिद्धान्ततः पहिलो दुई हप्ताभित्र, न्युनतम मापदण्ड बमोजिम ६ देखि ८ हप्ताभित्र न्युनतम पुर्वाधारसहित विद्यालय जाने बाल–बालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स–साना बाल–बालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण–सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (Semi Structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनः एकीकरण प्रारम्भ गर्ने ।
- विद्यालय बाहिर रहेका बाल–बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छैन अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ छैन जानकारी लिने ।
- पीडित बाल–बालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमशः तिनलाई नियमित पार्दै लगिने ।
- प्रभावित क्षेत्रका स्कूलहरुमा भएको पुराना किताब संकलन गरी सुरक्षित ठाउँमा राख्ने ।

शिक्षा क्षेत्रका क्षेत्रगत सदस्यहरु (Cluster Members) को सूची, क्षमता तथा श्रोत मापन

| क्र स | जिल्लाका क्षेत्रगत साझेदानहरुको नाम | उपलब्ध स्रोत तथा समग्री | सम्पर्क ब्यक्ति | टेलिफोन र इमेल |
|---|---|---|---|---|
| १ | जिल्ला शिक्षा तथा समन्वय ईकाई कार्यालय | शिक्षा युवा तथा समन्वय इकाई, स्थानीय तहमा रहेका शिक्षा विकास ईकाइ, विद्यालयहरु | | |
| २ | स्थानीय तहमा रहेका शिक्षा विकास शाखा | | अनुसूचि बमोजिम | |
| ३ | मिक नेपाल | ECD kit box school kit box | भिउमान घर्ति | |
| ४ | रुकुमेली समाज विकास केन्द्र | आवश्यक शैक्षिक सामग्री | नर बहादुर नेपाली | |
| ५ | हुरेड कार्स रुकुम | आवश्यक शैक्षिक सामग्री | दामोदर गौतम | |
| ६ | यु एम एन रुकुम क्लष्टर | आवश्यक शैक्षिक सामग्री | रमेश थिङ | |
| ७ | नेपाल जनजागरण मञ्च | आवश्यक शैक्षिक सामग्री | रमेश खड्का | |
| ८ | सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला शाखा | आवश्यक काठ | बिष्णु देवकोटा | |
| | आइ डि एस नेपाल | शैक्षिक सामग्री, सुरक्षित पानी | मिलन देवकोटा | |
| | नेपाल बिद्युत प्राधिकरण | | | |
| ९ | डिभिजन बन कार्यालय | नियम बमोजिम काठपातको उपलब्ध | बोसिन्द्ररज सुवेदी | |

आपत्कालीन परिस्थितिको पूर्वतयारी: (आपत्कालीन परिस्थितिभन्दा पहिले)

| क्र स | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | कहिले गर्ने |
|---|---|---|---|
| १ | स्थानीय तहमा | शिक्षा युवा तथा समन्वय इकाइ, स्थानीय सरकार र सहयोगी निकायहरु | मंसिरमा |
| २ | आपत्कालीन आश्रय पहिचान तथा व्यबस्थापन बैठक | शिक्षा युवा तथा समन्वय इकाइ, स्थानीय सरकार र सहयोगी निकायहरु | पुष |
| ३ | जनशक्ति व्यवस्थापन तथा परिचालन अन्तरक्रिया | शिक्षा युवा तथा समन्वय इकाइ, स्थानीय सरकार र सहयोगी निकायहरु | माघ |

| | | | |
|---|---|---|---|
| ४ | समन्वय, सहकार्य बैठक छलफल | शिक्षा युवा तथा समन्वय इकाइ, स्थानीय सरकार र सहयोगी निकायहरु | चौमासिक रुपमा |
| ५ | विपद् सहायता सामाग्री ब्यवस्थापन | शिक्षा युवा तथा समन्वय इकाइ, स्थानीय सरकार र सहयोगी निकायहरु | बैशाखमा |
| ६ | विद्यालयहरुको आकस्मिक योजना बनाउने | सम्वन्धित बिद्यालयहरु | जेठ सम्ममा |
| ७ | विगतमा प्रभावित विद्यालयको अध्ययन, विश्लेषण गरी बाढी, भूकम्प सम्बन्धमा प्र.अ., शिक्षक तथा वि.ब्य.समितिलाई विद्यालय स्तरीय चेतनामुलक कार्यक्रम गर्ने, गराउने, शिक्षकहरुलाई प्राथमिक उपचार तालिम | प्र अ, शिक्षक तथा बिद्यालय | माघ तथा फागुण |
| ८ | वैकल्पिक विद्यालय स्थापना र संचालनका लागि आवश्यकसामाग्री तथा श्रोत व्यक्तिहरुको पहिचान गर्ने | प्र अ, शिक्षक तथा बिद्यालय | चौमासिक रुपमा |
| ९ | उच्च जोखिम क्षेत्रका शिक्षक, सामाजिक कार्यकर्ता (मानवीयश्रोत र अन्य श्रोत समेतको को रोष्टर निर्माण गर्ने र सचेत गराउने | प्र अ शिक्षक तथा बिद्यालय सहयोगि निकाय, सरोकारवालाहरु, संचार क्षेत्र | चौमासिक रुपमा |
| १० | उच्च जोखिम क्षेत्रमा प्रचार प्रसारका लागि सूचना सञ्चारका सामाग्रीहरु व्यवस्थापन गर्ने | प्र अ शिक्षक तथा बिद्यालय सहयोगि निकाय, सरोकारवालाहरु, संचार क्षेत्र | चौमासिक रुपमा |
| ११ | स्थानीय संचार माध्यम मार्फत जनचेतनाका गतिबिधि संचालन गर्ने | प्र अ शिक्षक तथा बिद्यालय सहयोगि निकाय, सरोकारवालाहरु, संचार क्षेत्र | निरन्तर |
| १२ | विद्यालय बिपद् सुरक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने | बिद्यालय सहयोगि निकाय, सरोकारवालाहरु, संचार क्षेत्र | जेठसम्म |

**विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना (विपद्को अवधिमा लागु हुने)**

| सहयोग गतिबिधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| सहयोग सम्बन्धी गतिविधि — तत्कालका लागि (०–३० दिनसम्म) | | |
| जानकारी सङ्कलनका लागि क्लष्टर समन्वय बैठक<br>• आर्थिक तथा मानवीय श्रोतको आपत्कालीन जोहो<br>• सूचना केन्द्रको स्थापना तत्काल शैक्षिक क्षतिको सूचना संकलन गर्ने<br>• सुरक्षित स्थानमा सिविर स्थापना गर्ने<br>• तत्काल गाविस तथा क्षेत्रमा भएका सूचना केन्दहरुसंग सम्पर्क स्थापना गरी जानकारी संकलन गर्ने | शिक्षा विकास तथा समन्वय इकाई | पहिलो दिन |
| परिस्थिति सम्बन्धी प्रतिवेदन तयार पार्ने :<br>क. पहिलो प्रतिवेदन।<br>ख. अद्यावधिक प्रतिवेदनहरूको अनुसरण गर्ने।<br>ग. २४ घण्टाभित्र र पहिलो हप्तामा हरेक दिन सञ्चारमाध्यमकालागि समाचार प्रकाशन गर्ने। | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार | दोस्रो दिन |
| प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका निमित्त आधार रेखाका तथ्याङ्कको समीक्षा गर्ने : | | |

| | | |
|---|---|---|
| क. प्रभावित विद्यालय तथा विद्यार्थीको अनुमान गर्नका लागिप्रभावित विद्यालय सेवा क्षेत्रबाट उपलब्ध तथ्याङ्क/जानकारीकोसमीक्षा गर्ने ।<br>ख. प्रभावित क्षेत्रमा रोकिएको शैक्षिक सेवा अस्थाई रुपमा सुचारु<br>गराउन जिम्मेवारी तोक्ने । | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार | दोस्रो र तेस्रो दिन |
| स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Cluster CP) को समीक्षा गर्ने | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार | ७ दिनभित्र |
| विपद्बाट बढी जोखिममा रहेका समुहहरू<br>क. अपांग बालबालिकाको पहिचान ।<br>ख. परिवारबाट बिछोडिएका ।<br>ग. आमाबाबु गुमाएका ।<br>घ. मनोसामाजिक आघातमा परेका बालबालिकालाई मानवीय<br>सहायताका लागि श्रोत खोजेर सम्झौता गर्ने ।<br>ङ. शिविरभित्रै बाल सिकाइ कक्षा सञ्चालन गर्ने । | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार | पहिलो हप्तादेखि १ महिना भित्र |
| क्षेत्रगत निकायहरुको (Cluster) समन्वय बैठकः<br>सूचना तथा जानकारीको आदानप्रदान, अवस्था विश्लेषण,<br>कार्यक्रमको पूर्वतयारी तथा साझा सहमति, श्रोतको खोजी तथा व्यवस्थापन | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार | हप्तामा एक पटक |
| आवश्यकताको विस्तृत लेखाजोखा सञ्चालन गर्ने ३०–९० दिनसम्म | | |
| स्रोतहरूको परिचालन गर्नका लागि आवश्यकताको विश्लेषण<br>क.प्रस्तावना तयार पार्ने ।<br>ख.दातृ निकायहरुसंग प्रस्तावना सहित श्रोतको माग गर्ने । | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार, क्लष्टर सदस्यहरु | ३-४ हप्ता |
| परिस्थिति सम्बन्धी अद्यावधिक प्रतिवेदनलाई निरन्तर अद्यावधिक गर्ने | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार | हप्तामा एक पटक |
| मानवीय सहायताका साथै क्षतिग्रस्त शैक्षिक संस्थाको पुननिर्माण गर्ने | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार, सहयोगी निकाय | दोस्रो र तेस्रो महिनामा |
| मानवीय शैक्षिक सहयोगको निरन्तरताका साथै नियमित अनुगमन | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार, सहयोगी निकाय | निरन्तर |
| विद्यालयलाई अस्थाई आवास बनाएका विपद् प्रभावितहरुलाई | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार, सहयोगी निकाय | दोस्रो हप्ता |
| क्रमशः घर पठाउने । | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार, सहयोगी निकाय | आवश्यकताअनुसार |
| आवश्यकतानसुार अस्थायी सिकाइ केन्द्र निर्माण गरी शिक्षण कार्य | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार, सहयोगी निकाय | पांचौ हप्ता |
| जिल्ला विपद् ब्यवस्थापन समितिको सिफारिसको आाधारमा भौतिक क्षति भएका विद्यालयहरुको पुनःनिर्माण, पाठ्यपुस्तक क्षति भएका विद्यार्थीहरुको | शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय सरकार, सहयोगी निकाय | पाँचौ हप्तासम्म |

| | | |
|---|---|---|
| पाठ्यपुस्तक खरिद आदिका लागि रकम यकिन गरी सम्वन्धित निकायसंग माग गर्ने। | | |

## ज) क्षेत्र : राहात पुनः निर्माण पुनःस्थापना

यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने निकाय (Cluster Lead) जिल्ला समन्वय समिति/स्थानीय तह सबै क्षेत्रगत सदस्यहरुको सूचि, क्षमता तथा श्रोत आँकलन:-

| क्र सं | क्षेत्रगत साझेदार निकायको नाम | उपलब्ध स्रोत | सम्पर्क ब्यक्ति | टेलिफोन वा इमेल |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति रुकुम | स्थानीय सरकारको समन्वयमा सरोकारवालाहरु सवै | जि. स. स. प्रमुख/जि. स.अधकारी | |
| २ | सिस्ने गाउँपालिका | राहत, पुनस्थापना तथा पुन निर्माण | कुमारी बराल चिन्तामणि दाहाल | |
| ३ | भूमे गाउँपालिका | | रामसुर बुढा चन्द्रसिं श्रेष्ठ | |
| ४ | पूथा उत्तरगंगा गाउँपालिका | | ओम प्रकाश घर्ति रबिन्द्र बुढाक्षेत्री | |
| ५ | जलस्रोत तथा सिचाइं विकास सव डिभिजन कार्यालय | विपद् पश्चात् सिंचाइ संरचना पुनःनिर्माण र ग्याभिन प्रोटेक्सन गर्ने र बायो इन्जिनियरिङ लगाएतका कार्य गर्ने। | प्रमुख | |
| ६ | खानेपानी तथा सरसफाइ सम्पर्क कार्यालय | विपद् पश्चात् खानेपानी संरचना पुनःनिर्माण र प्रविधिक सल्लाह | इन्चार्च | |
| ७ | सामुदायिक वन महासंघ | ………….कोष/काठ सहयोग | अध्यक्ष | |
| ९ | रुकुम उद्योग वाणिज्य संघ | राहत, खाद्य तथा गैरखाद्य सामग्री, तयारी खाना | यज्ञ बहादुर मल्ल | |
| १० | नेपाल चेम्बर अफ कमर्श रुकुम शाखा | राहत, खाद्य तथा गैरखाद्य सामग्री, तयारी खाना | दिलिप थापा | |
| ११ | निर्माण व्यवसायी संघ | निर्माणजन्य सामाग्री ढुवानी तथा सहयोग | अध्यक्ष | |

**आपत्कालीन परिस्थितिको पूर्वतयारी सम्बन्धी गतिविधि : (विपद् भन्दा पहिले)**

| क्र सं | क्रियाकलापहरु | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|---|
| १ | जिल्लाका क्षेत्रगत साझेदारहरुका बीच क्लस्टर सदस्यको बैठक गर्ने, समन्वय स्थापित गर्ने संयन्त्रका बारेमा सहमति कायम गर्ने। | जिल्ला समन्वय समिति, क्लष्टर सदस्यहरु | मंसिर, फागुण र असार |
| २ | प्रभावित क्षेत्रमा उत्पन्न हुनसक्ने संकट आँकलन गरी क्षेत्रगत जिम्मेवारी बाडफाँड। | जिल्ला समन्वय समिति, क्लष्टर सदस्यहरु | बैशाखसम्म |
| ३ | स्थानीय तहमा उद्धार तथा राहतमा प्रयोग हुनसक्ने औजार उपकरणको तयारी र क्षेत्रगत भण्डारण गर्न समन्वय गर्ने | जिल्ला समन्वय समिति, क्लष्टर सदस्यहरु | जेठ |

| | | | |
|---|---|---|---|
| ४ | बर्षायाममा अवरोध पु¥याउने भएकाले खोला छेउमा पोल गाडी डोरी टागेर आपत्कालीन खोला तर्न तयारी अवस्थामा राख्ने | जिल्ला समन्वय समिति, क्लष्टर सदस्यहरु | असार मसान्तसम्म |
| ५ | कृतिम तयारी अभ्यास | नेपाल रेडक्रस सोसाइटी, जि. स. स, DDMC | असारमा |
| ६ | स्थानीय तहमा लेखाजोखा टोलीका तयार गर्नका लागि समन्वय गरी क्षमता अभिबृद्धिका गर्ने । | स्थानीय सरकार/जि. स. स | जेठ |
| ७ | स्थानीय तहमा बिपद् तथा राहत ब्यवस्थापन कोषको स्थापना गर्न लगाउने | स्थानीय सरकार/जि. स. स | जेठ |

**निकायगत पहिचान (को, कहाँ, के )**

| निकाय | बिषयगत क्षेत्र | कार्यरत क्षेत्र | सम्पर्क ब्यक्ति | सम्पर्क नं |
|---|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | समन्वय, सुरक्षा | जिल्लाभर | प्रमुख जिल्ला अधिकारी | |
| नेपाल प्रहरी | खोज उद्धार शान्ति सुरक्षा, राहत वितरण | जिल्लाभर | प्रहरी नायव उपरिक्षक | |
| नेपाली सेना | खोज उद्धार शान्ति सुरक्षा, राहत वितरण | जिल्लाभर | सेनानी | |
| सशस्त्र प्रहरी वल | खोज उद्धार शान्ति सुरक्षा, राहत वितरण | जिल्लाभर | प्रहरी नायव उपरिक्षक | |
| जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र | विपद सूचना तथा समन्वय | जिल्लाभर | सूचना अधिकारी | |
| जिसंसको कार्यालय, सबै स्थानीय तह | समन्वय, राहत तथा पुनस्थपाना | जिल्लाभर | जिल्ला समन्वय अधिकारी | |
| नेपाल रेडक्रस सोसाइटी | राहत | जिल्लाभर | संयोजक/सभापति | |
| स्वास्थ्य कार्यालय, स्थानीय तहका ईकाइहरु | स्वास्थ्य सेवा | जिल्लाभर | प्रमुख | |
| एकिकृत कृषि तथा पशुपंक्षि विकास कार्यालय स्थानीय तहका ईकाईहरु | खाद्यान्न तथा बिउ | जिल्लाभर | प्रमुख | |
| स्थानीय तहका महिला बालबालिकातथा सामाजिक विकास शाखा | संरक्षण | जिल्लाभर | स्थानीय तहका शाखा प्रमुख | |
| खानेपानी तथा सरसफाई सम्पर्क कार्यालय | खानेपानी तथा सरसफाइ सामग्री | जिल्लाभर | कार्यालय प्रमुख | |
| विद्युत प्राधिकरण कार्यालय | बिद्युतिकरण | जिल्लाभर | अध्यक्ष | |
| दुरसंचार कार्यालय | सूचना तथा संचार | जिल्लाभर | प्रमुख | |
| उद्योग वाणिज्य संघ | खाद्य तथा गैरखाद्य सामग्री, निर्माण सामग्री | जिल्लाभर | अध्यक्ष | |
| गैर सरकारी संस्था महासंघ | पुनस्थापना, पुनर्निर्माण, लेखाजोखा, | सबै स्थानीय | अध्यक्ष | |

| | | | | |
|---|---|---|---|---|
| पत्रकार महासंघ | मनसुन पूर्वानुमान, पूर्व चेतावनी सम्प्रेषण, सूचना प्रवाह | सबै स्थानीय | अध्यक्ष | |

**विपद् प्रकृतिमा आधारित प्रतिकार्य योजना**

| सहयोग गतिविधि | जिम्मेवार निकाय | कहिलेसम्म |
|---|---|---|
| सहयोग सम्बन्धी गतिविधि-तत्कालका लागि (०–३० दिनसम्म) | | |
| जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र DEOC मा अवस्थाको बारेमा जानकारी प्रदान गर्ने तथा सूचना लिने। लत्ता कपडा, पाल, कम्बल, भाँडा, खाद्यान्न तथा राहत वितरण र प्राथमिक उपचार कार्य समन्वय। | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, जि स स, स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस | पहिलो दिन |
| विपद् व्यवस्थापनको अनुगमन गरी नपुग सामग्रीहरुको उचित व्यवस्थापन गर्ने। | जिल्ला प्रशासन कार्यालय,जि स स, स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस | दोस्रो दिन |
| सरुवा रोगहरु फैलिन नदिन चेतनामूलक कार्यक्रम संचालन गर्ने | स्वास्थ्य कार्यालय सुआहारा दोश्रो | पहिलो हप्ता |
| अस्थायी बासस्थानका लागि आवश्यक कार्य सुरु गर्ने | जिसंस, शहरी विकास तथा भवन, नेरेसो, नपा, गापा, विद्यालयहरु | पहिलो महिना |
| मानवीय सहयोगलाई निरन्तरता | जिसंस, नेपाल रेडक्रस सोसाइटी, स्थानीय सरकार अन्य सहयोगी निकायहरु | दोस्रो महिना |
| क्षतिग्रस्त भवन तथा संस्थाहरुको पुनःनिर्माण (अस्थायी) | जिसंस, स्थानीय सरकार अन्य सहयोगी निकायहरु | तेस्रो महिना |
| क्षतिग्रस्त भवन तथा संस्थाहरुको स्थायी पुनःनिर्माण | स्थानीय तह | निरन्तर |

## झ) क्षेत्र: सूचना विश्लेषण तथा समन्वय:

**नेतृत्व प्रदान गर्ने निकाय:** नेपाल टेलीकम र स्थानीय संचार गृहहरु

**विपद् सम्बन्धी परिस्थिति**

नेपाल उसैपनि विपद् जोखिमको हिसावले संकटासन्न मूलुक भित्रमा पर्दछ। जलवायु परिवर्तनका हिसावले चौथो, भूकम्पीय जोखिमका हिसावले एघारौं स्थानमा रहेको विभिन्न तथ्यांकहरुले देर्शाएका छन्। यस अवस्थामा आम सर्वसाधारण नागरीकहरुका विच सत्य तथ्य सूचना समयमै सम्प्रेशन गर्ने र सहि सूचना सम्प्रेशन गरी सचेत तथा सजग बनाउँनु सम्बन्धित निकायको भूमिका हो। रुकुम पूर्वि जिल्ला कान्छो हिमाली जिल्लाको रुपमा नेपाल सरकारले घोषणा गरेको छ। तसर्थ भागोलिक रुपमा विकट, सवै ठाउँहरुमा सहज सुचना, संचारको पहुँच नभएको र विपद्का हिसावले उच्च जोखिममा रहेको जिल्ला हुनाले यस क्षेत्र संग संबन्धित निकायहरुले सूचना व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्न आवश्यक छ।

- विपद्को समयमा सूचना संचारका माध्यमहरु विच्छेद भै सूचना प्रवाहमा अवरोध हुने।
- संचार माध्यम संचालनका लागि चाहिने उर्जा श्रोत विच्छेद भै संचालनमा अवरोध हुने।
- आम सर्वसाधारण नागरिकहरु तथा सम्बन्धित सरोकारवालाहरु सूचना विमुख हुने।
- सूचना सम्प्रेशन गर्न कठीनाई हुने।
- सडक पुलपुलेसा तथा बाटोघाटो अवरुद्ध हुने।

**उद्धेश्यहरु:**

समष्टिगत उद्धेश्य

१. विपद्को समयमा हुन सक्ने सूचनाको पहुँचमाथीको कमी तथा एक आपसमा परस्पर समन्वय गरि संभावित थप जोखिमको अवस्थालाई न्यनिकरण गर्ने र जनधनको हुन सक्ने थप क्षतिलाई न्यनिकारण गर्ने गराउँने।

**विशिष्ट उद्धेश्य:**

१. जिल्ला स्थित सरकारी तथा गैरसरकारी संघ संस्थाहरुका विचमा प्रभावकारी समन्वयका माध्ययमबाट विपद्को समयमा हुन सक्ने थप क्षति न्युनीकरण गर्न प्रयास गर्ने ।

**क्षेत्रगत सदस्यहरु (Cluster Member) को सूची, क्षमता तथा श्रोत आँकलन :**

| क्र सं | क्षेत्रगत साझेदारको नाम | उपलब्ध स्रोत | सम्पर्क ब्यक्ति | टेलिफोन वा इमेल |
|---|---|---|---|---|
| १ | नेपाल टेलिकम | समन्वय तथा सूचना प्रवाह | | |
| २ | स्थानीय सरकार | | सूचना अधिकारी | |
| ३ | नेपाल प्रहरी | सूचना उपलब्धता | दिनेश गुरुङ | |
| ४ | जिल्ला स्वास्थ्य कार्यालय | समन्वय तथा सूचना उपलब्धता | यादव प्रसाद शर्मा | |
| ५ | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा | समन्वय तथा सूचना उपलब्धता | लोक बहादुर बुढाथोकी | |
| ६ | नेपाल पत्रकार महासंघ जिल्ला शाखा | समन्वय तथा सूचना प्रवाह | सर्जना कार्की | |
| ७ | रेडियो पूर्वि रुकुम | समन्वय तथा सूचना प्रवाह | सर्जना कार्की | ८८४१३१२८ |
| ८ | रेडियो रुक्मिणी | समन्वय तथा सूचना प्रवाह | मदन बि सी | ८८४१३१२९ |

## परिच्छेद-५

### ५.१ विपद् पूर्वतयारी तथा तिकार्य योजना क्रियाशिल हुने

यो पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्लामा मुख्य गरी भूकम्प, पहिरो, बाढी, आगलागी, हिमपात, महामारी जस्तै हालको कोभिड - १९, चट्याङ जस्ता प्रकोप बाट सृजित विपदमा क्रियाशिल हुनेछ । तर यसभित्र रहेका क्षेत्रगत योजनाहरु कुनैपनि विपद्को सन्दर्भमा अनिवार्य रुपमा क्रियाशिल हुनेछ ।

### ५.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना

यसको कार्यान्वयन हरेक विषयगत क्षेत्रले तय गरेका पूर्वतयारी तथा प्रतिकार्य योजना बमोजिम हुनेछ ।

### ५.३ विपद् पूर्वतयारी प्रतिकार्य योजनाको नियमित समिक्षा तथा पुनरावलोकन रणनीति

यो योजना निर्माण भएदेखि नै कार्यन्वयनमा ल्याउँने प्रयास भइरहेको छ । यसपटक पनि दोश्रोपटक अध्यावधिक गर्ने क्रममा स्थानीय तह, क्षेत्रगत अगुवा निकायले आफ्नो जिम्मेवारी तथा दायित्व बोध गरेको पाईयो । यस योजनालाई अद्यावधिक गर्ने क्रममा हरेक क्लष्टर र स्थानीय तह सहितको बैठक, जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाईमा स्थानीय तहले यस योजना अनुसार आ–आफ्नो स्थानीय तहमा पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा आउने छ भन्ने आशा गर्न सकिन्छ । साथै जिल्ला विपद् व्यवस्थापन समिति रुकुम पूर्वले आवश्यकता अनुसार सम्बन्धित विषयगत क्षेत्रका अगुवा संस्था, स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरेर यसको प्रभावकारी कार्यान्वयनका लागि प्रयास गर्नेछ ।

- विपद्को समयमा यस योजनालाई तत्काल प्रयोगमा ल्याइने छ ।
- यो योजना विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना भएकाले आवश्यकता अनुसार कार्यान्वयनमा ल्याईने छ ।
- २०७५ मा पहिलो पटक मस्यौदाको रुपमा बनेका यस योजनालाई २०७७ आषाढ महिनामा आएर पटक पटक अध्यावधिक गरिएको छ । यसलाई जिल्ला विपद् ब्यवस्थापन समिति र स्थानीय तह मार्फत नीतिगत रुपमै पारित गरेर स्थानीय तहहरुलाई समेत क्रियाशील बनाइने छ ।
- जिल्ला बिपद् ब्यवस्थापन समिति रुकुम पूर्वको बैठकले यस जिल्ला बिपद् तथा प्रतिकार्य योजनालाई पारित गरी तत्काल कार्यान्वयनमा ल्याउने छ ।

### ५.४ प्रतिवेदन तथा अभिलेखन :

जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७५ लाई पहिलो अद्यावधिक गरी २०७७ बनाउने क्रममा मिति २०७७ आषाढ ९ गते भएको जिल्ला विपद् ब्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री मोहन प्रसाद अर्यालको अध्यक्षतामा वसेको जिल्ला स्तरीय कार्यशाला गोष्ठी, बैठकले गरेका निर्णयहरु, प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने क्रममा भएका क्षेत्रगत रुपमा बसेको बैठक, स्थानीय तहसँग भएको छलफल लगायतका सम्पूर्ण प्रकृयाहरुलाई प्रतिवेदनमा समेटिएको छ ।

यस बिपद्पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने सन्दर्भमा स्थानीय तहको सकृयता बढेको छ र नेपाल सरकारको नीति अनुसार यस आ.व.२०७५/०७६ देखि सबै बिषयगत कार्यालयहरु स्थानीय तह गाभिएको हुँदा सोही बमोजिमै क्षेत्रगत अवधारण स्थानीय तहले पनि अबलम्वन गर्नुपर्ने छ र सबै स्थानीय तहले योजना निर्माण गरी जिल्ला बिपद् ब्यवस्थापन समितिमा अनुमोदनका लागि पेश गर्नुपर्ने छ भने योजनालाई नियमित अद्यावधिक गर्दै जानुपर्छ भन्ने भावनाको विकास पनि भएको छ । साथै यसले जिल्लाको विपद्हरुको जोखिमको विश्लेषण गर्नुपर्ने तर त्यसका लागि पूर्वतयारी, श्रोत साधनको मापन गर्नुपर्ने, अपुग श्रोतको खाडल पहिचान हुने विपद् व्यवस्थापनमा क्षेत्रगत हिसाबले ठूलो समूह परिचालित हुने अवस्थालाई सुनिश्चितता पनि बढाएको छ ।

### ५.५ संस्थागत व्यव्स्था :

नेपालमा विपद् सम्बन्धि सम्पूर्ण कार्यहरुको प्रभावकारी समन्वय गरी प्रार्कतिक र गैरप्राकृतिक विपद्बाट धनजनको क्षति न्युनिकरण गर्ने सन्दर्भमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ र नियमावली २०७६ क्रियाशिर रहेको अवस्था छ । यो ऐनले सरकारलाई विपद्को सामना गर्न तयार हुने, विपद्को समयमा प्रतिकार्य गर्ने जिम्मेवारी प्रदान गरेको छ । अतः यसको संस्थागत व्यवस्था कानुनमा उललेख भए बमोजिम नै जिल्लाको विपद् व्यवस्थापन समितिको मातहतमा रहनेछ ।

## ५.६ अनुमोदन प्रक्रिया :

मिति २०७७ आषाढ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बाट यस जिल्लाको  जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनालाई वास्तविक तथ्य र तथ्यांकको आधारमा पुनरावलोकन गरी मिति २०७७ भाद्र मसान्त सम्म योजना निर्माण सम्बन्धिका सम्पूर्ण कार्यहरु सक्ने कार्यादेश बमोजिम र त्यस लगत्तै वस्ने जिल्ला विपद् व्यवस्थापन समितिको बैठक मार्फत यो DPRP अनुमोदन भई क्रियाशिल हुनेछ।

**दैनिक, साप्ताहिक प्रतिवेदन फारम**

१. तयार गर्ने जल्लाः अवस्था प्रतिवेदन नः दस्तखत
२. प्रतिवेदन तयार गरेको मितिः
३. लाई (प्रजिअ, जि वि व्य स, गृह मन्त्रालय आदी)
४. वाटः (प्रजिअ, जि वि व्य स, DEOC, नेरेसो)
५ . बोधार्थः (प्रजिअ, जि वि व्य स, गृह मन्त्रालय अदी)
६. प्रतिवेदन अवधिः (देखि    …… सम्म)
७. प्रतिवेदनले समेट्ने क्षेत्रः(जिल्ला, स्थानिय तह)
८. सामान्य अवस्थाः (प्रभावित स्थानिय तह, लाभान्वीत जनसख्या, क्षति भएको विवरण आदी)
९. राहत उद्धारको विवरणः (सरकारी, गैरसरकारी, रेडक्रस, राष्ट्रसंघिय निकायहरुबाट भएको राहत उद्धार)
१०. राहत उद्धारको योजनाः (सरकारी, गैरसरकारी, रेडक्रस, राष्ट्रसंघिय निकायहरुबाट प्रदान गरिने राहत उद्धारको योजना)
११. राहत उद्धारमा हुनसक्ने कमी वा कठीनाई
१२.  समस्या समाधानका उपाय वा आवश्यक सहयोगको अपेक्षा।

**अनुसूची १**

योजना तर्जुमा प्रकृयामा समितिहरूको प्रथम बैठकको कार्यसूची

गाउ/ नगरपालीका ............., जिल्ला ................., प्रदेश .................,

स्थानः मिति/समयः

छलफलका विषयहरू

१. गत बर्षका प्रकोप घटनाहरू र व्यवस्थापन सम्बन्धि समिक्षा

२. यस बर्षको पूर्वानुमान (बर्षा, बाढी सम्बन्धि पूर्वानुमानहरू जल तथा मौसम विज्ञान बिभाग बाट उपलब्ध हुन्छ, अन्य प्रकोपहरूको सम्बन्धित निकायबाट उपलब्ध हुन्छ)

३. सङ्कटासन्नता र जोखिमको बस्तुस्थिति (सम्बन्धित समितिको भौगोलिक कार्यक्षेत्र – जिल्ला, गाउ वा नगरपालीका, प्रदेश)

४. बिषयगत क्षेत्रहरू (जिल्लामा रहने, गाउँपालीका, नगरपालीकामा रहने क्लष्टरहरू) र तिनको योजना

५. योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रक्रिया

- ❑ गाउँ/नगर पालीकाको सन्दर्भमा वडाहरूमा गरिने र स्थानीय विपद् व्यवस्थापनमा एकिकृत गरिने प्रक्रिया र कार्ययोजनाको छलफल गर्ने,
- ❑ जिल्लाको सन्दर्भमा जिल्लाका गाउँपालीका र नगरपालीकाहरूमा गरिने वा भैरहेका प्रक्रिया र कार्ययोजनाको छलफल गर्ने। (आवश्यक भएमा) सम्बन्धित पालिकाहरूलाई आवश्यक सहयोग गर्ने सम्बन्धमा छलफल गर्ने
- ❑ जिल्ला विपद् व्यवस्थापन समिति र गाउँपालीका, नगरपालीकाहरूमा रहने बिषयगत कार्यक्षेत्र, साथै जिल्ला स्थित कार्यालय, संघसंस्थाहरूको योजना प्रक्रिया र कार्ययोजनाको छलफल गर्ने

६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा प्राविधिक सहयोग गर्नका लागि (आवश्यक भएमा) अनुभव प्राप्त विज्ञ सम्मिलित) कार्यटोली (Working Group) को गठन गर्ने र कार्यशर्तहरू छलफल गरी स्वीकृत गर्ने

७. पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा सहयोग र समन्वय (अन्य गा.पा., न.पा. सँग, जिल्ला सँग, प्रदेश र संघीय निकायविच)

८. अन्य (जस्तैः समितिको आगामी बैठक सम्बन्धमा)।

नोटः (१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम राष्ट्रिय परिषद्को बैठक बर्षको कम्तिमा दुईपटक बस्ने व्यवस्था छ। कार्यकारी समितिको बैठकका सम्बन्धमा यस्तो किटानी व्यवस्था भएको छैन। कार्यकारी समितिको पहिलो बैठकले संघीय तहका निकायहरूले योजना तर्जुमा प्रकृया साथै अन्य विपद् व्यवस्थापन समितिहरूलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न (अद्यावधिक गर्न) र आवश्यक समन्वय गर्न निर्देश गर्ने र दोश्रो (र अन्य) बैठकले प्रकोप पूर्वतयारी (योजनाहरू)को राष्ट्रिय अवस्था तथा अन्य बिषयहरूलाई समिक्षा गरी परिषद्को बैठकमा जानकारीका लागि पेश गर्ने अभ्यास गरिनेछ।

(२) प्रदेश विपद् व्यवस्थापन परिषद् तथा कार्यकारी समिति, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरू, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरूमा निर्भर हुने भएकोले संख्या र कार्यसूची यस मार्गदर्शनमा उल्लेख गरिएको छैन।

**अनुसूची २. विषयगत क्षेत्रको प्रथम बैठकको मुख्य कार्यसूची**

गाउँ/नगरपालीका ............., जिल्ला ................., प्रदेश ................., विषयगत क्षेत्र ...........

स्थानः मिति/ समयः

छलफलका विषयहरू

१. विषयगत क्षेत्रको परिचय

२. बिषयगत क्षेत्रको अगुवा तथा सदस्य संस्थाको नामावली

३. प्रमुख विपद् र प्रभावित क्षेत्रको छनौट

४. पहिचान भएको विपद्या सम्बन्धित विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्यमा भूमिका,

५. विपद्को घटना हुनु अगाडि गरिने पूर्वतयारी र विपद् पश्चात् गरिने प्रतिकार्यको समयसीमा निर्धारण,

६. विद्यमान कमीकमजोरीहरू (Gaps) को पहिचान,

७. प्राथमिकता प्राप्त पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य क्रियाकलापहरूको पहिचान,

८. प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत क्षेत्रको कार्ययोजना तर्जुमा,

९. विपद्को घटना अगावै गरिने पूर्व तयारी तथा विपद्को समयमा गरिने आपत्कालीन कार्यका लागि

१०. मुख्य जिम्मेवार निकायको पहिचान,

११. बिषयगत क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना तर्जुमा,

१२. प्रत्येक पूर्वतयारी तथा प्रतिकार्यका लागि लागत अनुमान (सम्भव भए सम्म)

१३. अन्य (जस्तैः आगामी बैठक सम्बन्धमा)।

नोटः प्रत्येक विषयगत क्षेत्रका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरू, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरूमा निर्भर हुने भएकोले संख्या र कार्यसूची यस मार्गदर्शनमा उल्लेख गरिएको छैन।

**अनुसूची ३**

**प्रजनन स्वास्थ्य संयोजक वा सम्पर्क व्यक्तिको भूमिका र दायित्व**

१. प्रजनन स्वास्थ्य सेवाहरुका लागि आफू सम्पर्क व्यक्ति हुने र विस्थापित समुदाय तथा आवश्यकता अनुरुप स्वास्थ्य र अन्य क्षेत्रमा कार्यरत सम्पूर्ण संस्थाहरुलाई प्रजनन स्वास्थ्य सम्बन्धी प्राविधिक सल्लाह र सहयोग उपलब्ध गराउने,

२. शिविर, आवास तथा आसपासका मानिसहरुका लागि प्रजनन स्वास्थ्य गतिविधिको योजना तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय, क्षेत्रीय र राष्ट्रिय निकायहरुसंग मध्यस्थताको भूमिका निर्वाह गर्ने,

३. प्रजनन स्वास्थ्य सेवाका लागि बहु–क्षेत्रगत पद्धतिलाई अन्य क्षेत्र (संरक्षण,खाद्यान,शिविर व्यवस्थापन, शिक्षा,सामुदायिक सेवा इत्यादि) संग समन्वय गर्ने,

४. स्वास्थ्य क्षेत्र (ज्भबतिज ऋगिकतभच) को समन्वय बैठकको एजेण्डामा प्रजनन स्वास्थ्यलाई प्रमुख बुँदाको रुपमा राख्न भूमिका खेल्ने,

५. MISP लाई सहयोग गर्ने गरी राष्ट्रिय र अन्य स्तरीय नीतिहरु प्रस्तुत गर्ने। उदाहरणका लागि, प्राथमिक स्वास्थ्य सेवा, आपतकालीन प्रसुती सेवा, लिंगमा–आधारित हिंसालाई सम्बन्धित नीतिसंग एकीकृत भएको सुनिश्चित गर्ने,

६. MISP सम्बन्धी अभिमुखीकरण सत्रहरु सञ्चालन र समन्वय गर्ने (जस्तै, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था व्यस्थापन एवं संचालन समितिका सदस्यहरु, सामुदायिक सेवाकर्मी, प्रभावित समुदाय, सुरक्षाकर्मी, इत्यादि),

७. बिभिन्न सेवाका लागि स्तरीय प्रोटोकलहरु कार्यान्वयन गरेको सुनिश्चित गर्ने, जस्तै, यौन हिंसा पीडितलाई चिकित्सा सेवा र आपतकालिन प्रसुती सेवाको लागि प्रेषण तथा विस्तृत प्रजनन स्वास्थ्य सेवाको योजना तयार गर्दा यौनजन्य संक्रमण (एसटिआई) र परिवार नियोजन सम्बन्धी व्यवस्थापन आदि,

८. विपदका अवस्थामा प्रजनन स्वास्थ्य कार्यक्रम अनुगमनका निम्ति साधारण तथा सजिलो फारम विकसित गर्ने

९. MISP का परिणामलाई अनुगमन गर्न स्तरीय सूचकको प्रयोग गर्ने,

१०. प्रयोग गरिने तथ्याङ्क, संकलन, विश्लेषण र प्रसार गर्ने,

११. स्वास्थ्य क्षेत्र (Health Cluster) र जिल्ला स्वास्थ्य कार्यालयलाई नियमितरुपमा प्रतिवेदन बुझाउने,

**अनुसूची ४**

**विपद् प्रभावित जनसंख्याको प्रजनन् स्वास्थ्य आवश्यकता अनुमानका लागि**

अन्तराष्ट्रिय मापदण्ड **(Standard Population)**

विपद प्रभावित समुदायको प्रजनन् स्वास्थ्य सेवाका लागि आवश्यक औषधी,सामग्री र स्वास्थ्यकर्मीहरु देहायको मापदण्डका आधारमा अनुमान गर्न सकिन्छ। अन्तर निकाय प्रजनन् स्वास्थ्य सामग्रीहरु पनि सोही आधारमा तयार गरिएका छन्।

| जनसंख्याको समूह | जनसंख्याको आधार (प्रतिशतमा ) |
|---|---|
| वयस्क पुरुषहरु | २०% |
| प्रजनन उमेर समूहका महिलाहरु (१५ देखि ४९ वर्ष ) | २५% |
| कोरा जन्म दर | ४% |
| ➢ गर्भवती महिला<br>➢ प्रसुती वा वच्चा जन्मने | |
| जटिल गर्भपतन र गर्भवस्था | २०% |
| योनी च्यातिनेर वच्चा जन्मँदा टांका लगाउन जरुरी | १५% |
| वच्चा जन्मँदा गरिने शल्यक्रिया (सिजरिनन अप्रेशन) | ५% |
| बलात्कृत हुन सक्ने प्रजनन उमेरका महिलाहरु | २% |
| परिवार नियाजनका साधन प्रयोग गर्ने प्रजनन उमेरका महिलाहरु | १५% |
| ➢ पिल्स ( खाने चक्की) | ३०% |
| ➢ सुइ | ६५% |
| ➢ आइ.यु.डी. | ५% |

**अनुसूची ५**

**विपद् प्रभावित जनसंख्याको अनुमानका लागि**

अन्तराष्ट्रिय मापदण्ड (Standard Population)

विपद प्रभावित समुदायको उमेरको बिभाजन अनुसार जनसमुदायको बिश्वब्यापी औषत संरचना। देहायको मापदण्डका आधारमा अनुमान गर्न सकिन्छ। अन्तर निकायबिच सोही आधारमा तयारी र सहयोग गर्न सकिन्छ।

| जनसंख्याको समूह | जनसंख्याको आधार (प्रतिशतमा ) |
|---|---|
| ० देखि ६महिना | १.३२% |
| ७ देखि ११ महिना | ०.९५% |
| १बर्ष देखि ३ बर्ष | ६.५८% |
| ४बर्ष देखि ६ बर्ष | ६.४१% |
| १बर्ष देखि ३ बर्ष | ६.५८% |
| १०बर्ष देखि १८ बर्ष महिला | ९.०१% |
| १०बर्ष देखि १८ बर्ष पुरुष | ९.५२% |
| १९बर्ष देखि ५० बर्ष महिला | १७.४२% |
| ५१बर्ष देखि ६५ बर्ष महिला | ४.७२% |
| १९बर्ष देखि ६५ बर्ष पुरुष | २७.९०% |
| ६५बर्ष माथि महिला | २.६२% |
| ६५बर्ष माथि पुरुष | २.१८% |
| गर्भवति | २.४०% |
| स्तनपान गराउने | २.६०% |

**अनुसूची ६**

**मानवीय कार्यकर्ताहरुका लागि आचार संहिता**

